# गेरुवा गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः ११ मितिः२०८१/०९/१२

भाग २

गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८१/०९/१२ मा जारी गरेको देहाय बमोजिमको गाउँ शिक्षा योजना सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ सालको नियम नं. ११**

**गेरुवा गाउँपालिकाको गाउँ शिक्षा योजना (२०८१-२०८५)**

गेरुवा गाउँपालिकाको गाउँ शिक्षा योजना (२०८१-२०८५)

प्रमाणीकरण मितिः २०८०/०९/१२

## शुभकामना मन्तव्य

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ । संविधानको अनुसूची - ८ ले स्थानीय तहको एकल अधिकार सूचीको क्रम सङ्ख्या (८) अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा समावेश गरेको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (1) को खण्ड (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरेको सन्दर्भमा यस गेरुवा गाउँपालिकाले पनि संविधान तथा कानुन प्रदत्तअधिकारको प्रयोग गर्दै " **समृद्द गेरूवा गाँउपालिकाको निर्माणको आधार कृषि, पर्यटन र पूर्वाधार**" भन्ने नारालाई अगाडी बढाएको छ । उक्त नारा साकार पार्न शैक्षिक विकास, पहूँच र व्यवस्थालाई अग्रस्थानमा राखेको छ । शिक्षा क्षेत्रमा संघीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संसोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानुन तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनु तथा स्थानीय तहबाटै शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या तथा चुनौती विद्यमान रहेतापनि आवश्यक स्थानीय कानुन,नीति तथा कार्यविधि तर्जुमा देखि तिनको कार्यान्वयनमा गेरुवा गाउँपालिकाको तर्फबाट हाल सम्म बिभिन्न प्रयासहरु भईरहेका छन् । शिक्षा विकास जस्तो पवित्र अभियानमा अगाडी बढ्दा आईपर्ने चुनौती तथा समस्याहरुलाई उचित तरिकाबाट समाधान गरी यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि सम्पूर्ण नागरिकको साथ र सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण आशा र विश्वास लिएको छु ।

गेरुवा गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखाद्धारा नेपालको संविधान, शिक्षा सम्बन्धी विद्यमान कानुन, नीति तथा कार्यक्रम, विद्यालयस्तरका शैक्षिक तथ्याङ्क, र गाउँपालिका कार्यालयबाट सञ्चालन भएका सम्पूर्ण शैक्षिक गतिबिधिहरूको आधारमा आगामी बर्षमा सञ्चालन गर्न सकिने क्रियाकलापहरु र शिक्षाको गुणस्तर सुधारको लागी दोस्रो पटक तयार गरिएको परिमार्जित गाउँपालिकाको ५ बर्षे "**गाउँ शिक्षा योजना (2081/82-2085/86)**" प्रकाशन र कार्यान्वयन हुने जानकारी पाउँदा हृदयदेखि नै हर्षको अनुभूति भैरहेको छ । यस गाउँ शिक्षा योजना लाई प्रकाशन योग्य बनाउन अहोरात्र खटिनु भएका शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख नवराज अधिकारी , गाउँ शिक्षा समितिका पदाधिकारीहरु, सम्पादक मण्डलका सदस्यहरु तथा सम्पूर्ण सहयोगी जनहरुमा यस गेरुवा गाउँपालिकाको तर्फबाट विशेष धन्यवाद सहित सबैमा पूर्ण सफलताको कामना गर्दछु ।

धन्यवाद ।

जमान सिह के. सी.

अध्यक्ष

## शुभकामना मन्तव्य

गेरूवा गाउँपालिकाले विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नका लागि सहयोग पुर्याउने उदेश्यले गाउँपालिकाको शिक्षाको वर्तमान अवस्थाको जानकारी गराइ विद्यमान समस्याहरूलाइ समाधान गर्न रणनैतिक क्रियाकलापहरू सहितको योजना बनाएर शैक्षिक क्षेत्रको सेवा प्रवाहलाई सरल सहज र ,अझै पारदर्शि बनाउन सजिलो होस् भन्ने हेतुले अद्यावधिक गरी **गाउँ शिक्षा योजना** **(2081/82-2085/86)** निर्माण गर्ने जुन प्रयास गरेको छ, त्यो अत्यन्तै महत्वपुर्ण र प्रशंसनीय कार्य हो । विद्यालयको लागि चाहिने अभिलेख एवम् सूचनाको स्रोत र सरोकारवालाहरुका लागि गाउँपालिकाको शैक्षिक सूचना र योजनाको मुख्य स्रोत एवम् मार्गदर्शकका रुपमा यो शिक्षा योजना अद्यावधिक गरेको देखिन्छ । विद्यालयमा हुने शैक्षिक क्रियाकलापको पारदर्शिता एवम् जवाफदेहिताका लागि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । साथै यसमा समेटिएका शैक्षिक रणनितिकार्यनिति र क्रियाकलाप ,हरुले गेरुवा गाउँपालिकाको शिक्षा योजना निर्माण र कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका निभाउने देखिन्छ । तसर्थ यस योजनालाई अध्ययन गरी सरोकारवाला व्यक्ति तथा निकायहरुले गेरुवा गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि बढी भन्दा बढी उपयोग गर्नुहुनेछ भन्ने अपेक्षा समेत राखिएको छ ।

यस यस शिक्षा योजनालाई अहोरात्र खटिएर प्रकाशन योग्य बनाउन सफल हुनुभएकोमा शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख नवराज अधिकारी लगायत कार्यदल,सम्पादक मण्डलमा रहनुभएका शिक्षक मित्रहरुप्रति हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछुँ । साथै अगामी वर्षहरुमा यसको निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछुँ ।

धन्यवाद ।

नर बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

# कृतज्ञता

नेपालमा संघीयता कार्यान्वयन पश्चात स्थानीय सरकारका रुपमा गेरुवा गाउँपालिकाले विद्यालय शिक्षा सम्बन्धी कानुन तथा शिक्षा सम्बन्धी योजना बनाउने देखि शैक्षिक कार्यक्रमहरु कार्यान्वयन, शैक्षिक संस्थाहरुको स्थापना, अनुमति, सञ्चालन तथा व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता अत्यन्त महत्त्वपूर्ण कार्यको जिम्मेवारी वहन गर्दै आएको छ । गेरुवा गाउँपालिकाले शिक्षा, युवा तथा खेलकूद शाखा मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, शिक्षामा सबै बालबालिकाहरुको पहुँच पुऱ्याउने , विद्यार्थी भर्नादरमा वृद्धि गर्ने, विद्यालय छाड्ने तथा दोहोऱ्याउने दरमा कमी ल्याउने ध्येयका साथ गाउँपालिकाको शैक्षिक उन्नतिका लागि उल्लेखित कार्यहरु सम्पादन गर्दै आएको छ ।

गेरुवा गाउँपालिकाको दुरदृष्टिलक्ष्य ,, उदेश्यका साथै शैक्षिक गतिबिधि एवम क्रियाकलापहरु ,शिक्षाको बिषयक्षेत्र अनुसारको रणनितिकार्यनिति र कार्यन्वयन प्रकिया समेत , समेटिएको संगालो मुद्रित सामग्रीको रुपमा गेरुवा गाउँपालिकाको पहिलो पञ्चबर्षिय शिक्षा योजना लाइ अद्यावधिक गरिएको हो ।यस शिक्षा योजनामा बिभिन्न परिच्छेद, खण्ड र अनुसूची रहेका छन् । गाउँपालिकाको कार्यालयमा रहेका विभिन्न सूचना एवम् तथ्याङ्कहरु, शिक्षा विकास तथा समन्वय इकाई ,बर्दियाबाट विभिन्न समयमा प्रकाशित बुलेटिन एवम् शैक्षिक सूचनाहरु, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको CEHRD Report, विद्यालयको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) तथ्याङ्कको आधारमा यो योजना तयार गरिएको हो । उल्लिखित सम्बद्ध पक्षहरुप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछौं ।

योशिक्षा योजना गाउँपालिकाको पहिलो पञ्चबर्षियशिक्षा योजनालाइ अद्यावधिक गरी दोस्रो पटक निर्माण एवम अद्यावधिक गरिएको हो। यो योजनाशिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठमीभक्तपुरले , जारी गरेको**स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन2079 ,(परिमार्जित तथा अद्यावधिक संस्करण २०८१**) को अनुसुचीमा उल्लेखित ढाँचा अनुसार निर्माण एवम अद्यावधिक गर्ने प्रयास गरिएको छ। तथापी यसको प्रकाशनको क्रममा कमिकमजोरी एवम् त्रुटिहरु भएको हुनसक्ने तथा भाषिक शुद्धतामा ध्यान नपुगेको पनि हुनसक्छ । तसर्थ सम्बन्धित सरोकारवालाहरुबाट यसमा रहेका कमजोरी एवम् त्रुटिहरु औंल्याई आवश्यक सल्लाह, सुझाव तथा पृष्ठपोषण प्रदान गर्न अनुरोध गर्दछौ । प्राप्त सुझावका आधारमा आगामी वर्षहरुमा अद्यावधिक गर्दै थप व्यवस्थित र परिष्कृत बनाइनेछ । साथै यस शिक्षा योजना निर्माण कार्यमा सल्लाह, सुझाव प्रदान एवम् सहयोग गर्नुहुने गेरूवा गाउँपालिका अध्यक्ष श्री जमान सिं के ,.सी. उपाध्यक्ष श्री लक्ष्मी कुमारी चौधरी प्रमुख प्रशासकीय अधिकृत श्री ,नर बहादुर चन्द ,आर्थिक प्रशासन शाखा प्रमुख श्री सुदिप सिग्देल ,सूचना प्रविधि अधिकृत श्री कृष्ण सोडारी ,गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाध्यक्ष तथा सदस्यहरू ,शिक्षा योजना निर्माण सम्बन्धी कार्यशालामा प्राविधिक सहयोग गर्नुहुने कालिका स्वावलम्बन सामाजिक केन्द्रका वरिष्ठ शिक्षा योजना निर्माण प्राविधिक अधिकृत

श्री राम श्रेष्ठ, त्यसैगरी योजना निर्माण कार्यदलका संयोजक एवम् सामाजिक विकास समितिको संयोजक श्री निर्मल चौधरी ,योजना निर्माण तथा अद्यावधिक कार्यमा खटिनुहुने कार्यदलका सदस्य एवम प्रधानाध्यापक श्री भिम बहादुर धामीशिक्षक ,श्री नारायण प्रसाद पौडेल , श्री नन्दकला खत्री ,रामनाथ शर्मा,कुमार लामिछाने , भाषा सम्पादन कार्यमा सहयोग गर्नुहुने शिक्षक श्री प्रकाश रावल ,योजना सम्पादन एवम् प्रकाशन समितिका सदस्यहरू शिक्षा शाखाका ,अन्य कर्मचारीहरू, गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालय ब्यवस्थापन समिति अध्यक्ष प्रधानाध्यापक र ,शिक्षकहरू लगायत प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्णहरूमा हार्दिक आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्दछु ।

धन्यवाद ।
नवराज अधिकारी
शिक्षा शाखा प्रमुख

## Contents

विषय प्रवेश ..... ७

परिच्छेद १: परिचय ..... १५

१.१ गाउँपालिकाको वर्तमान अवस्था ..... १६

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ..... ३३

१.३ शिक्षा क्षेत्रका चुनौतीको/हद्धरू विश्लेषण ..... ३५

परिच्छेद २ ..... ३६

दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ..... ३६

२.१ शिक्षा योजना निर्माणका आधारहरू ..... ३६

२.२ दूरदृष्टि र दीर्घकालीन सोच (ख्रिन्ष्ठथ) ..... ४०

२.४ लक्ष्य तथा उद्देश्यहरु (ज्द्धकत कथघ द्धखढङ्गग□ञसङ्ग) ..... ४०

२.५ रणनीति ..... ४३

२.६ कार्यनीति ..... ४७

२.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य ..... ६१

परिच्छेद ३ ..... ६८

शिक्षाका मुख्य उपक्षेत्र ..... ६८

३.१ प्रारम्भिक बाल विकास र शिक्षा ..... ६८

३.२ आधारभूत शिक्षा ..... ७७

३.३ माध्यमिक शिक्षा ..... ९०

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ..... १००

३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाइ ..... १०७

परिच्छेद ४ ..... ११२

अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ ११२

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ११२

४.२ शिक्षक व्यवस्थापन र विकास ........ ११७

४.३ शिक्षामा समता र समावेशीकरण ........ १२७

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ १३२

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ १३८

४.६ विद्यालय भौतिक पुर्वाधार विकास ........ १४३

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ १५१

परिच्छेद ५ ........ १५६

अन्य उपक्षेत्र ........ १५६

५.१ विद्यालय व्यवस्थापन ........ १५६

५.२ उच्च शिक्षा र माध्यमिक शिक्षा सँगको सम्बन्ध ........ १६१

परिच्छेद ६ ........ १६६

शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ १६६

६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ १७३

परिच्छेद ७ ........ १७७

७.१ योजनाको मध्यावधि समीक्षा ........ १७७

७.२ लगानी र स्रोत व्यस्थापन ........ १८०

परिच्छेद ८ ........ १९२

योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ........ १९२

**विषय प्रवेश**

शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको लागि १० बर्षे विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा रहेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन्। अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा र निशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। यसै सन्दर्भमा गेरूवा गाउँपालिकाले निर्माण गरेको पहिलो पञ्चबर्षिय (५ बर्षे) गाउँ शिक्षा योजना (**२०७८/७९-२०८२/८३**) लाई परिमार्जन गरी हाल यो गाउँ शिक्षा योजना (२०८१/८२-२०८५/८६) अद्यावधिक गरेको छ।

**शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

नेपालको संविधान, राष्ट्रिय नीति, अनिवार्य तथा निशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजना तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षाको विकासलाई दिशा निर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशिल, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद-३ को दफा ११ को उपदफा २ खण्ड (ज) ले आधारभूत तथा माध्यमिक शिक्षाका लागि २३ वटा अधिकार तोकेको छ। उक्त ऐनको दफा २४ को उपदफा (१) मा स्थानीय तहले आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना

स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसै सन्दर्भमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ।

तसर्थ गेरूवा गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर सुधारमा सहजीकरण गर्ने उदेश्यले यो शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता देखिएको हो । गाउँपालिकाको यो शिक्षा योजना निर्माण गर्नुको आवश्यकतालाई निम्नानुसार उल्लेख गरिन्छः

१. गेरूवा गाउँपालिका भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई निःशूल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता प्रदान गर्न ,
२. प्रभावकारी गुणस्तरीय शिक्षाको जग तयार गर्दै श्रममैत्री, उत्पादनमूखी, अनुशासित, नैतिकवान नागरिक तयार गर्न,
३. गुणस्तरीय शिक्षाका लागि शिक्षक तथा कर्मचारीको वृत्तिविकास ,शैक्षिक सामग्री व्यवस्थापन, भौतिक पूर्वाधार सवलीकरण गर्न,
४. STEAM Pedagogy को माध्यमद्वारा गुणस्तरीय , व्यवहारिक शिक्षा र soft skill विकास गराउन ,
५. शैक्षिक समस्या पहिचान गरी समस्याको समाधान गर्ने क्षमता अभिवृद्धि गर्न,
६. गुणस्तरीय शिक्षाको माध्यमबाट ज्ञानलाई सीपमा, सीपलाई उत्पादनमा र उत्पादनलाई समृद्धिमा जोड्न,
७. वातावरणीय परिवर्रतन र विपद्जन्य अवस्थाबाट विद्यालय क्षेत्रमा हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गर्न ।

## शिक्षा योजना निर्माणको औचित्य

स्थानीय तहमा देहाय बमोजिमका तथ्यहरुले शिक्षा योजना निर्माणको औचित्यततालाई पुष्टि गर्दछन्।

- तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न
- संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय पर्तिबद्धता हासिल गर्न सहयोग पुर्याउन

## शिक्षा योजना निर्माणका आधार

यो शिक्षा योजना निर्माणका लागि देहायबमोजिमका दस्तावेजहरुलाई मूल आधार बनाइएको छ।

- नेपालको संविधान
- सोह्रौ आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७७
- विद्यमान संघीय शिक्षासम्बन्धी ऐन २०२८ र नियमावली २०५९(संशोधन सहित)
- विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan)
- शिक्षा नीति मूल राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकासको लक्ष्य राष्ट्रिय कार्यढाँचा
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यमकालिन खर्च संरचना
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
- CEHRD Flash EMIS Reprt 2023/2024
- सरकारी तथा गैर सरकारी संघसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि।

**शिक्षा योजना निर्माण प्रक्रिया**

देशको मूल योजनासँगै हरेक क्षेत्रको विकास र उन्नतिको लागि पनि विशिष्ट किसिमका योजनाहरुको आवश्यकता पर्दछ | योजनाको यहि मूल अभिप्रायका साथ शिक्षामा पनि विशेष किसिमका आवधिक योजनाहरु निर्माण गरी कार्यान्वयन गर्ने गरिन्छ | यस सन्दर्भमा विद्यालय क्षेत्र विकास कार्यक्रम सम्पन्न हुन् थालेपछि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा क्षेत्र योजनाको नामबाट दिगो विकासका लक्ष्यहरुलाई समेत सम्बोधन हुने गरी संघीय सरकारको तर्फबाट दश वर्षे शिक्षा क्षेत्र योजनाको मस्यौदाको विकास गरी आवश्यक अध्ययनका साथ प्रदेश सरकार लगायत स्थानीय सरकारहरुलाई समेत शिक्षा क्षेत्रको योजना बनाउनको लागि मार्ग निर्देशन गरेपश्चात योजनाको आवश्यकता महशुस गरी यसको तयारी र निर्माण कार्यले गति लिएको हो | यस योजनालाई द्रुत गतिमा निर्माण गर्नका लागि गरिएका प्रक्रिया र क्रियाकलापहरुलाई देहाय वमोजिम प्रस्तुत गरिएको छ |

**१) योजनाको तयारी तथा विकासका लागि संरचनात्मक व्यवस्था**

कार्यदल (Task Force) : गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक श्री निर्मल कुमार चौधरी ज्यु को संयोजकत्वमा गाउँपालिकाको पहिलो पञ्चबर्षिय शिक्षा योजना अद्यावधिक गर्नको लागि ७ सदस्यीय कार्यदल गठन गरिएको थियो । जसमा सामाजिक विकास समितिका संयोजक, शिक्षा समिति सदस्य, प्रधानाध्यापक तथा शिक्षक र शिक्षा शाखबाट शाखा प्रमुखको समेत प्रतिनिधित्व रहेको थियो ।यस कार्यदलले कालिका स्वावलम्बन सामाजिक केन्द्रको प्राविधिक सहयोग र सरोकारवालाहरूको सुझाव अनुसार विभिन्न दस्तावेज तथा गाउँपालिकाको वस्तुस्थिति र तथ्याङ्कहरुलाई अध्ययन गरेर योजनाको मस्यौदा लेखनको ढाँचा वा खाका निर्माण गरेको थियो ।

**२) विषयगत अध्ययन एवं लेखन समुहहरु (Thematic Teams)** : कार्यदलले शिक्षा शाखा प्रमुखको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ परामर्श दाता, कार्यदलका सदस्य, प्रधानाध्यापक र शिक्षक संलग्न भएको विषयगत अध्ययन समुहहरु गठन गरेको थियो । यो योजना शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठमी, भक्तपुरले जारी गरेको **स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९(परिमार्जित तथा अद्यावधिक संस्करण २०८१**) को अनुसुचीमा उल्लेखित ढाँचा बमोजिम देहायका शीर्षकहरुमा कार्य विभाजन गरी कार्यदलले मस्यौदा लेखन कार्य गरेको थियो ।

प्रारम्भिक वालविकास र शिक्षा

आधारभूत शिक्षा

माध्यमिक शिक्षा

उच्च शिक्षा र माध्यमिक शिक्षासंग यसको सम्बन्ध

प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम

अनौपचारिक शिक्षा,साक्षरता र निरन्तर सिकाई

पाठ्यक्रम पाठ्यसामग्री तथा मुल्यांकन

शिक्षक व्यवस्थापन तथा विकास

शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन

शिक्षामा समतामुलक समावेशीकरण र मनोसामाजिक परामर्श

शिक्षामा सुचना र संचार प्रविधि

संस्थागत संरचना,क्षमता विकास र अन्तर सम्बन्ध

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

शिक्षण संस्थाहरुको पूर्वाधार विकास

**३) योजनाको मस्यौदा तयार**

कार्यदलबाटै तयार गरिएको विषयगत लेखन समुहहरु बाट आ आफ्नो तोकिएको विषयमा योजना तयार गरी समितिमा पेश भएको थियो भने विषयगत समुहहरुबाट तयार गरेको योजनालाई आवश्यक परिमार्जन गर्दै निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो मस्यौदा तयार गरिएको थियो ।

**४) सुझाव संकलन**

गाउँपालिकाले सामुदायिक र संस्थागत विद्यालयका सम्पुर्ण प्रधानाध्यापक, शिक्षक, बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष एवम पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारी, गाउँपालिकाका जनप्रतिनिधिहरू र कर्मचारी लगायतका शिक्षा सरोकारावालाहरूलाइ सहभागी गराइ कार्यदलले निर्माण गरेको प्रारम्भिक मस्यौदा उपर छलफल, अन्तर्किया गराइ सुझाव संकलन कार्यशाला सञ्चालन गरेको थियो। कार्यदलले उक्त सुझावहरुलाई समेत सम्बोधन गरेर योजनाको एकिकृत मस्यौदा तयार गरेको थियो । यसरी तयार भएको एकिकृत मस्यौदा आवश्यक छलफल र सुझावहरूका लागि शिक्षा समितिमा पेश गरी अन्तिम योजना तयार गरिएको थियो। तत् पश्चात शिक्षा योजनाको स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गरिएको थियो ।

**५) योजनाको स्वीकृति तथा अनुमोदन**

विषयगत लेखन समुहबाट आवश्यक परामर्श र सुझाव सहित एवं उल्लिखित सबै पक्षहरुलाई समेटेर विज्ञबाट लेखन र पुनर्लेखन हुँदै तयार भएको शिक्षा योजनाको अन्तिम मस्यौदालाइ अनुमोदनका लागि गाउँ कार्यपालिकामा पेश गरिएको थियो। गाउँ कार्यपालिकाको बैठकमा योजनाका बारेमा छलफल गरी सामान्य संशोधन सहित स्वीकृत गरी सम्पादन तथा प्रकाशन कार्य अगाडि बढाउन गाउँपालिकको कार्यालयलाइ अनुमति प्रदान गरेको थियो ।

**योजनाको लेखाजोखा**

मस्यौदा कार्यदलले तयार गरेको र कार्यपालिकाबाट स्वीकृत भएको यस गेरूवा गाउँपालिकाको गाउँ शिक्षा योजना २०८१-२०८५ लाई योजना लेखाजोखा समितिले गरेको लेखाजोखा देहायबमोजिमले प्रस्तुत गरिएको छ।

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १. | नेतृत्त्व तथा सहभागिता | यस योजनाको सुरुवात देखि नै गाउँ कार्यपालिकाका सदस्यहरुको बैठकले अपनत्त्व लिएको, सोही बैठकबाट योजना अद्यावधिक गर्न सामाजिक विकास संयोजकको |

| | | |
|---|---|---|
| | | संयोजकत्त्वमा समिति गठन गरिएको, सो समितिले उपलब्ध तथ्याङ्क तथा स्रोतका आधारमा मस्यौदा तयार गरेको, सो क्रममा प्र.अ., शिक्षक तथा अन्य सरोकारवालासँग आवश्यक छलफल गरेको |
| २. | पर्याप्तता र सान्दर्भिकता | मस्यौदा तयारी समितिले उपलब्ध तथ्याङ्क तथा स्रोतका आधारमा SWOT Analysis गरी पालिकाको समस्या, चुनौती तथा अवसरहरु तय गरी सोही अनुरुप रणनीति, कार्यक्रम तथा क्रियाकलापहरु तय गरेको |
| ३. | समता, सक्षमता तथा गुणस्तर | दिगो विकासका लक्ष्यहरुलाई सम्बोधन गर्ने गरी योजना तयार गरिएकोले पालिकामा सञ्चालन हुने शैक्षिक गतिविधिहरु समता, सक्षमता र गुणस्तरलाई सम्बोधन गर्ने गरी निर्धारण गरिएको |
| ४. | अन्तर्सम्बन्ध र तादात्म्य | योजनामा समेटिएका कार्यक्रमहरु बहु-क्षेत्र तथा बहु-आयामिक र अन्तरसम्बन्धित रहेका छन्। योजनाले शिक्षालाई कृषि, विपद् व्यवस्थापन, महिला तथा बालबालिका, भौतिक पूर्वाधार, स्वास्थ्य, सुरक्षा, प्रविधि लगायतका क्षेत्रसँग अन्तरसम्बन्ध र तादात्म्य राखेको छ। सोह्रौं योजना तथा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी आन्तरिकीकरण गरिने रणनीतिहरु तय गरिएका छन्। यस योजनामा समेटिएका विभिन्न उपक्षेत्र र अन्तरसम्बन्धित विषयहरुबिच अन्तर्सम्बन्ध कायम गरिएको छ। |
| ५. | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | योजनामा तय गरिएका रणनीति तथा कार्यक्रमहरु तत्कालीन समस्या तथा चुनौतीलाई सम्बोधन गर्ने तथा भविष्यलाई समेत हेरी सोही अनुरुपका अनुमान तय गरिएका छन्। यस गेरूवा गाउँपालिकाको पिछडिएका, सुविधावञ्चित तथा अल्पसंख्यक वर्गलाई शिक्षाको मूलधारमा ल्याउन र उनीहरुलो दिगो सहभागितालाई उच्च दृष्टिगत गरिएको पाइन्छ। बर्दिया जिल्लाभित्र पनि यस पालिका शिक्षा लगायत अन्य सूचकहरुमा कमजोर रहेकोले यस योजनाले मात्र ५ वर्षे अवधिलाई मध्यनजर गरी योजना निर्माण गरेकोले यस |

| | | |
|---|---|---|
| | | अवधिमा तय गरिएका कार्यक्रम कार्यान्वयनयोग्य र सान्दर्भिक छन्। |
| ६. | स्रोतको प्रबन्ध | यस योजनाले तय गरेका कार्यक्रमहरुमा लगानी अत्याधिक आवश्यकता छ। पालिकालाई प्राप्त हुने संघीय तथा प्रदेशको अनुदानले मात्र यी कार्यक्रमहरु सम्पन्न गर्न र लक्षित उपलब्धि हासिल गर्न निश्चय नै पर्याप्त छैन। यस योजनाले बजेटका लागि  संघ र प्रदेश सरकार, आफ्नो आन्तरिक स्रोत, विभिन्न संघसंस्था तथा दातृ निकायहरुको सहयोग एवम् स्थानीय जनसहभागिता र विद्यालयहरुको आन्तरिक स्रोत व्यवस्थापनलाई सवलीकरण गरी स्रोत व्यवस्थापन गर्ने लक्ष्य राखेको छ। |
| ७. | संस्थागत क्षमता | शिक्षासँग सम्बद्ध शिक्षा समिति, प्रधानाध्यापक तथा शिक्षक, रोष्टर समूह लगायत पालिकाको अनुगमन समितिलाई परिचालन र उनीहरुको निरन्तर क्षमता र पेशागत विकासको अवसरलाई यस योजनाले सम्बोधन गर्ने कार्यक्रमहरु तय गरेको छ। |
| ८. | कार्यान्वयनमा तत्परता | यस योजना निर्माणमा कार्यपालिका, शिक्षा समिति, प्र.अ, शिक्षक तथा अन्य सरोकारवालाको प्रत्यक्ष सहभागिता रहेकोले सबै पक्षहरु यस योजनालाई सफल कार्यान्वयन गरी यस पालिकाको शैक्षिक उनन्नयनको मागलाई सम्बोधन गर्न तत्पर रहेका छन्। |
| ९. | तथ्याङ्क विश्लेषण  प्रक्षेपण | यस योजना निर्माणका क्रममा जनगणना प्रतिवेदन २०७८, केन्द्रको फ्ल्यास रिपोर्ट, यस पालिकाको इमिस रिपोर्ट तथा प्रत्यक्ष तथ्यांक संकलित तथ्याङ्कहरुको विश्लेषण गरिएको छ। यिनै तथ्याङ्कका आधारमा २०८० साललाई आधारवर्ष मानी लक्ष्य प्रक्षेपण गरिएको छ। |
| १०. | अनुगमन र प्रतिवेदन | यस योजनाको परिच्छेद ७ मा यस योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था उल्लेख गरिएको छ। |

**योजना दस्तावेजको स्वरूप**

**कार्यकारी सारांश**

यो पञ्चवर्षीय शिक्षा क्षेत्र योजना (यस गाउँपालिकाको शिक्षाको कुनै तहको मात्रै योजना नभइ यो शिक्षा क्षेत्रको समग्र योजना हो । यसमा पहिलो परिच्छेदमा योजनाको परिचय, दोस्रो परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, लक्ष्य, तथा क्षेत्रगत रूपमा उद्देश्य र रणनीति समावेश गरिएको छ । यसैगरी तेस्रो र चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्र तथा उपक्षत्रेसँग अन्तर्सम्बन्धित विषयवस्तुका रूपमा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षक व्यवस्थापन, पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षामा सूचना प्रविधि, अनौपचारिक शिक्षा, समावेशी शिक्षा तथा आपत्कालीन अवस्थामा शिक्षा तथा संस्थागत संरचना विकास लगायतका क्षेत्रलाई समेटिएको छ । यसभित्र विषयवस्तुको विश्लेषण गर्दा हरेक क्षेत्रभित्र परिचय, वर्तमान अवस्था, चुनौती र अवसर, उद्देश्य, रणनीतिहरू, अपेक्षित उपलब्धि, प्रमुख क्रियाकलाप तथा लक्ष्य लाई क्रमिक रूपमा समेटिएको छ । पाँचौं परिच्छेदमा समेटिएको संस्थागत संरचनाको विकासमा तिनै तहको सरकार बिचको संरचना तथा क्षमता विकास, योजनाको योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समेटिएको छ । यसैगरी छैठौं परिच्छेदमा लगानी तथा श्रोत व्यवस्थापन र अन्तिममा योजनामा समेटिएका क्रियाकलापहरूको वित्तीय अनुमान सहितको योजना र श्रोत पहिचान तथा योजनाको नतिजा खाका लाई समेटिएको छ ।

यस पञ्चवर्षीय योजनाले अबको ५ वर्षभित्र यस गाउँपालिकाको शिक्षामा उल्लेख्य विकास गर्ने लक्ष्य लिएको छ । योजनाले समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता, समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गको सुदृढीकरण र तिनको औपचारिक शिक्षासँग सम्बन्ध स्थापना, सुशासनको प्रवर्द्धन, सेवा प्रवाहको प्रभावकारिताको सुनिश्चितता जस्ता उद्देश्यहरू पूरा गर्नका लागि रणनीतिहरू तय गरेको छ । पञ्चवर्षीय योजना निर्माण गर्दा पहुँच तथा सहभागिता, समानता र समावेशीता, गुणस्तर एवम् सान्दर्भिकता, अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका लागि वैकल्पिक मार्ग, विपद् एवम् संकटमा शिक्षा, सुशासन, व्यवस्थापन र समन्वय जस्ता कुरालाई ख्याल गरिएको छ ।

सबै विद्यालयमा पुग्नेगरी पक्की कक्षा कोठा व्यवस्थापन, सबै विद्यालयमा विद्युतीकरण र इन्टरनेट व्यवस्थापन, विद्यालयमा स्वच्छ पिउने पानी, छात्रा र छात्राका लागि छुट्टाछुट्टै र पर्याप्त पानी सहितका शौचालय, आधारभूत विद्यालयका माथिल्ला कक्षा र माध्यमिक विद्यालयहरूमा विज्ञान, गणित

जस्ता विषयगत ल्याब, सबै विद्यालयका प्रारम्भिक कक्षामा बालमैत्री बसाइ व्यवस्थापन र छापामय वातावरण, बालविकासमा व्यवस्थित बसाइ व्यवस्थापन र नमुना बालविकास बनाउने जस्ता क्रियाकलाप समेटिएको छ ।

यसैगरी शिक्षकहरूलाई पर्याप्त पेसागत तथा क्षमता विकास तालिम, शैक्षिक अवलोकनको अवसर, पढाइ मेलाको अयोजना गर्ने, पालिकाबाटै नमुना माध्यमिक विद्यालय, आधारभूत विद्यालय र प्राथमिक विद्यालय विकास गर्न मापदण्ड तयारी तथा कार्यान्वयन, प्रविधिमैत्री शिक्षाका लागि डिजिटल सामाग्री प्रदान, परीक्षालाई पालिकास्तरीय बनाउने, वार्षिक शैक्षिक अन्तरक्रिया गर्ने, शिक्षकहरूको क्षमता विकासका लागि शिक्षकहरूको अतिरिक्त क्रियाकलाप गर्ने योजना अघि सारेको छ । यसैगरी दरबन्दी मिलान र कक्षा समायोजनमार्फत सिकाइमा सुधार ल्याउने जस्ता योजनाहरू समेटिएका छन।

यसरी पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयन पश्चात् हासिल हुने अपेक्षित उपलब्धिमा चार वर्ष उमेर पुरा भएका सबैलाई प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम मार्फत कक्षा १ का लागि तयारी, पाँच देखि १२ वर्षका सबै बालबालिका विद्यालयमा भर्ना र आधारभूत तहको पूर्ण चक्र पुरा, विद्यार्थीको समग्र उपलब्धिमा उल्लेखनीय सुधार, सबै प्रकारका विभेदको न्यूनीकरण, प्राविधिक शिक्षा सुदृढीकरण, योग्यता प्राप्त शिक्षकको पर्याप्तता साथै योग्य, उत्प्रेरित र प्रतिबद्ध शिक्षक, शिक्षक तथा विद्यार्थी दुवैद्वारा प्रविधिको उपयोग तथा हरेक समयमा सिकाइ निरन्तरताको सुनिश्चितता जस्ता पक्षहरू लाई समेटिएको छ ।

## परिच्छेद १: परिचय

### पृष्ठभुमि

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्नको लागि निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७ जारी गरी कार्यान्वयनमा ल्याएको पाइन्छ । यसरी संविधानले सुनिश्चित गरेको शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वयन गर्ने जिम्मेवारी तथा दायित्व संविधान अनुसार मुख्यतया स्थानीय सरकारको रहेको छ । नेपालको संविधानले आधारभुत र माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको हुनाले नागरिकको सबैभन्दा नजिकको सरकारका हैसियतले आफ्नो क्षेत्राधिकार भित्र गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु सबै पालिकाहरुको कर्तव्य हुन आएको छ यसका साथै स्थानीय सरकारले दिगो विकासका लक्ष्यहरू (SDGS), सन् २०३० सम्मको शिक्षा, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) जस्ता विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योजना, सभा सम्मेलन र दस्तावेजमा गरेका प्रतिवद्धताहरूलाई समेत आत्मसात् गरी उक्त दस्तावेजको कार्यान्वयनमा समेत ध्यान दिन जरुरी रहेको छ तर सीमित स्रोत साधन र असीमित

आवश्यकताले गर्दा स्थानीय सरकारले प्रभावकारी रूपमा आफ्नो काम, कर्तव्य पूरा गर्न चुनौती रहेको देखिन्छ । यस कारण नेपालको सन्दर्भमा दिगो विकासको लक्ष्य नं ४ मा रहेको शिक्षा सम्बन्धी लक्ष्य तथा उद्देश्यहरू पूर्ण रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकारको हैसियतले निरन्तर बहस तथा पैरवी गरी योजना र कार्यक्रमहरू निर्माण र कार्यान्वयनमा विद्यालय शिक्षालाई प्राथमिकतामा राख्नुपरेको छ ।
गेरूवा गाउँपालिकाको शैक्षिक विकासमा विभिन्न प्रयत्न भइरहेको सन्दर्भमा स्थानीय सरकारको रूपमा गेरूवा गाउँपालिकाले आफ्नो शिक्षा नीति एवम् योजना बनाउने सन्दर्भमा विभिन्न सरोकारवालाहरुसँग छलफल र अन्तरक्रियामार्फत आफ्ना गतिविधि अगाडि बढाइरहेको छ। गुणस्तरीय, प्राविधिक एवं व्यावसायिक शिक्षा गाउँपालिकाको विकास र समृद्धिको मेरुदण्ड भएकोले यसमा गाउँपालिकाले विशेष चासो देखाइ शिक्षा सम्बन्धी क्रियाकलापलाई प्राथमिकता दिइ ***" गुणस्तरीय शिक्षा मार्फत सक्षम र दक्ष जनशक्ति, गेरूवाको समृद्धि "*** भन्ने दूरदृष्टीसहित योजना तयार गरिएको छ।

योजना भनेको भविष्यमा गरिने कामहरुको अनुमान भएको हुनाले योजना निर्माण गर्दा तथ्यहरूमा आधारित भएर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। यस्तो योजनालाई ब्यवहारिक रूपमा कार्यन्यन गर्नका लागि सम्बन्धित जिम्मेवार निकायहरुको भूमिका महत्त्वपूर्ण हुन्छ। योजनामा प्रस्ताव गरिएका रणनीतिहरु र क्रियाकलापहरूलाई समयसिमाभित्रै कार्यान्वयन गर्न सकिएको खण्डमा मात्रै अपेक्षा गरिएका उपलब्धिहरु हासिल गर्न सकिन्छ। हाल विभिन्न कोणबाट आलोचित भइरहेको सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाई यस प्रति अभिभावकहरुको आकर्षण बढाउनु आजको आवश्यकता रहेको छ। नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरको विद्यालय शिक्षाको यो जिम्मेवारी पूरा गर्ने काममा सबैको सहयोग भएमा विद्यालय शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र निशुल्क बनाउने लक्ष्य पूरा गर्न सकिने आशा गर्न सकिन्छ।

## १.१ गाउँपालिकाको वर्तमान अवस्था

### १.१.१ वर्तमान शैक्षिक अवस्था

गेरुवा गाउँपालिकामा वि.स. २०१५ साल पछि विद्यालयहरु स्थापना हुन सुरु भएको देखिन्छ । सर्वप्रथम वि.स. २०१६ साल फाल्गुण ५ मा हालको एक प्रिय राठौर माध्यमिक विद्यालय स्थापना भयो । त्यसैगरी २०१७ साल पौष १४ गते श्री जनता माध्यमिक विद्यालय गोला,२०२० सालमा श्री पशुपति माध्यमिक विद्यालय पशुपतिनगर र २०२२ सालमा श्री नेपाल राष्ट्रिय गणेश माध्यमिक विद्यालय प्रसेनीपुर स्थापना भयो । गाउँपालिकामा वि.स.२०७६ साल देखि प्राविधिक धार (कक्षा ९-१२) कृर्षि तर्फ बाली विज्ञान विषयको अध्यापन सूरू भएको एक मात्र नमुना विद्यालय श्री एक प्रिय

राठौर माध्यमिक विद्यालय पाताभार हो। यस गाउँपालिकामा २७ वटा सामुदायिक विद्यालय सञ्चालनमा थिए तर शैक्षिक सत्र २०७६ मा श्री गणेश प्राथमिक विद्यालय बगहीपुरलाइ श्री कालिका प्राथमिक विद्यालय थापापुरमा समायोजन गरेपश्चात वा गाभिएपछि हाल २६ वटा सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन् । हाल गेरूवा गाउँपालिकामा २६ वटा सामुदायिक विद्यालय र ७ वटा संस्थागत विद्यालय गरी ३३ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जस मध्ये सामुदायिक तर्फ १२ वटा प्रा. वि.,९ वटा नि.मा.वि. र ५ वटा मा.वि. छन् भने संस्थागत तर्फ ३ वटा प्रा.वि.,२ वटा नि.मा.वि. र २ वटा मा.वि. सञ्चालित रहेका छन् ।

शैक्षिक सत्र २०८१ मा EMIS को तथ्याङक अनुसार सामुदायिक र संस्थागत विद्यालयको समेत बालविकासतर्फ १८११, कक्षा १-५ मा ३२८२, कक्षा ६-८ मा १९१४, कक्षा ९-१० मा ९७९ र कक्षा ११-१२ जम्मा ५५१ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी संख्या ८५३७ रहेको छ। कुल विद्यार्थी मध्ये छात्रा संख्या ४११६, छात्र संख्या ४४२१ र अन्य ० रहेको छ । त्यसैगरी सामुदायिक विद्यालयमा बालबिकास शिक्षक ५६ जना, प्राथमिक तह कक्षा १-५ मा ११८ जना शिक्षक, आधारभुत तह कक्षा ६-८ मा ४९, माध्यमिक तह कक्षा ९-१० मा ३५ जना र माध्यमिक तह कक्षा ११-१२ मा २० जना गरी २७८ जना शिक्षक र गाउँपालिका अनुदान ४ जना विद्यालय सहयोगी समेत गरी विद्यालय कर्मचारी जम्मा ३६ जना कार्यरत रहेका छन। विद्यालयका शिक्षक र विद्यालय कर्मचारी समेत गरी कुल दरबन्दी संख्या ३१४ रहेको छ। हाल यस गाउँपालिकामा एक मात्र गेरूवा बहुमुखि क्याम्पस स्थापना भइ सञ्चालनको क्रममा रहेको छ।

**तालिका नँ १**

**गाउँपालिकामा सञ्चालित शैक्षिक संस्थाको विवरण**

| क्र.सं. | शैक्षिक संस्था/विद्यालय | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ५६ | ७ | ६३ |
| २ | प्राथमिक (१-५) | १२ | ३ | १५ |
| ३ | आधारभूत (१-८) | ९ | २ | ११ |
| ४ | माध्यमिक (१-१०) | १ | २ | ३ |
| ५ | माध्यमिक (१-१२) | ४ | ० | ४ |
| ६ | सामुदायिक सिकाइ केन्द्र | ४ | ० | ४ |
| ७ | प्रविधिक धार सञ्चालित विद्यालय | १ | ० | १ |

स्रोत : EMIS Report 2081

**तालिका नँ २**

**वडागत रुपमा शैक्षिक संस्थाहरु**

| वडा नं. | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | प्राविधिक धार विद्यालय | बालविकास केन्द्र | सामुदायिक सिकाइ केन्द्र | नमुना विद्यालय |
|---|---|---|---|---|---|---|
| १ | ३ | १ | ० | ७ | ० | ० |
| २ | ३ | ० | १ | ६ | १ | १ |
| ३ | २ | ३ | ० | ४ | ० | ० |
| ४ | ५ | १ | ० | १३ | १ | ० |
| ५ | ७ | १ | ० | ९ | १ | ० |
| ६ | ६ | १ | ० | १७ | १ | ० |
| जम्मा | २६ | ७ | १ | ५६ | ४ | १ |

**तालिका नँ ३**

**गेरूवा गाउँपालिकाको शिक्षक दरबन्दी विवरण (संघीय दरबन्दी)**

| क्र.सं | तह | (स्थायी र अस्थायी) शिक्षक सङ्ख्या | | | | | स्वीकृत दरबन्दी | राहत कोटा / अनुदान | जम्मा | प्राविधिक धार(९-१२) | शिक्षण सहयोग अनुदान (६-८) | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | जम्मा स्थायी | अस्थायी | | | | | | | |
| १ | प्राथमिक (१-५) | ० | १८ | ४७ | ६५ | २ | ६७ | ५१ | ११८ | ० | ० | ११८ | |
| २ | आधारभुत (६-८) | ० | ० | १६ | १६ | ० | १६ | ७ | २३ | ० | ४ | २७ | |
| ३ | माध्यमिक (९-१०) | ० | २ | १३ | १५ | ० | १५ | ९ | २४ | ४ | ० | २८ | |
| ४ | माध्यमिक (११-१२) | ० | | | | ३ | ३ | ६ | ९ | ४ | ० | १३ | |
| जम्मा | | ० | २० | ७६ | ९६ | ५ | १०१ | ७३ | १७४ | ८ | ४ | १८६ | |

स्रोत : गाउँपालिका कार्यालयको अभिलेख

**तालिका नँ ४**

**सामुदायिक विद्यालयमा जम्मा शिक्षक दरबन्दी बिबरण**

| क्र स | तह | स्वीकृत दरबन्दी | | राहत | शिक्षण सिकाइ अनुदान | प्राविधिक धार अनुदान | गाउँपालिका अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | | | | | |
| १ | प्राथमिक (१-५) | ६५ | २ | ५१ | ० | ० | ० | ११८ |
| २ | आधारभुत (६-८) | १६ | ० | ७ | ४ | ० | २२ | ४९ |
| ३ | माध्यमिक (९-१०) | १५ | ० | ९ | ० | ४ | ७ | ३५ |
| ४ | माध्यमिक (११-१२) | ० | ३ | ६ | ० | ४ | ७ | २० |
| | | ९६ | ५ | ७३ | ४ | ८ | ३६ | २२२ |

स्रोत : गाउँपालिका कार्यालयको अभिलेख

**तालिका नँ ५**

**आधारभुत (कक्षा ६-८) तहमा बिषयगत शिक्षक दरबन्दी बिबरण**

| क्र स | बिषय | स्वीकृत दरबन्दी | | राहत | शिक्षण सिकाइ अनुदान | प्राविधिक धार अनुदान | गाउँपालिका अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | | | | | |
| १ | नेपाली | ४ | ० | ० | ० | ० | ५ | ९ |
| २ | अंग्रेजी | ५ | ० | ३ | १ | ० | १ | १० |
| ३ | गणित | ० | ० | २ | ० | ० | ५ | ७ |
| ४ | विज्ञान | १ | ० | ० | ३ | ० | ४ | ८ |
| ५ | गणित/विज्ञान | ४ | ० | १ | ० | ० | १ | ६ |
| ६ | सामाजिक | २ | ० | १ | ० | ० | ६ | ९ |
| ७ | अन्य | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | १६ | | ७ | ४ | ० | २२ | ४९ |

स्रोत : गाउँपालिका कार्यालयको अभिलेख

**तालिका नँ ६**

**माध्यमिक (कक्षा ९-१०) तहमा बिषयगत शिक्षक दरबन्दी बिबरण**

| क्रस | बिषय | स्वीकृत दरबन्दी | | राहत | शिक्षण सिकाइ अनुदान | प्राविधिक धार अनुदान | गाउँपालिका अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | | | | | |
| १ | नेपाली | ३ | ० | २ | ० | ० | ० | ५ |
| २ | अंग्रेजी | ४ | ० | १ | ० | ० | १ | ६ |
| ३ | गणित | २ | ० | १ | ० | ० | १ | ४ |
| ४ | विज्ञान | १ | ० | ० | ० | ० | ३ | ४ |
| ५ | गणित/विज्ञान | ० | ० | ३ | ० | ० | ० | ३ |
| ६ | सामाजिक | ३ | ० | २ | ० | ० | १ | ६ |
| ७ | अन्य | २ | ० | ० | ० | ४ | १ | ७ |
| जम्मा | | १५ | ० | ९ | ० | ४ | ७ | ३५ |

स्रोत : गाउँपालिका कार्यालयको अभिलेख

**तालिका नँ ७**

**माध्यमिक (कक्षा ११-१२) तहमा बिषयगत शिक्षक दरबन्दी बिबरण**

| क्र स | बिषय | स्वीकृत दरबन्दी | | राहत/अनुदान | शिक्षण सिकाइ अनुदान | प्राविधिक धार अनुदान | गाउँपालिका अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | | | | | |
| १ | नेपाली | ० | १ | ० | ० | ० | १ | २ |
| २ | अंग्रेजी | ० | १ | २ | ० | ० | १ | ४ |
| ३ | सामाजिक | ० | ० | १ | ० | ० | १ | २ |
| ४ | अर्थशास्त्र | ० | ० | ० | ० | ० | १ | १ |
| ५ | लेखा | ० | १ | १ | ० | ० | ३ | ५ |
| ६ | अन्य | ० | ० | २ | ० | ४ | ० | ६ |
| जम्मा | | ० | ३ | ६ | ० | ४ | ७ | २० |

स्रोत : गाउँपालिका कार्यालयको अभिलेख

**तालिका नँ ८**

## शैक्षिक सत्र २०८० को विद्यार्थी बिबरण

| तह | प्रारम्भिक बाल विकास | प्राथमिक (कक्षा १-५) | आधारभुत (कक्षा ६-८) | माध्यमिक (कक्षा ९-१०) | माध्यमिक (कक्षा ११-१२) | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| छात्रा | ७९२ | १७२२ | ९६३ | ६७१ | ४०६ | ४५५४ |
| छात्र | ९९४ | १९७७ | १०१७ | ५१७ | २०८ | ४७१३ |
| जम्मा | १७८६ | ३६९९ | १९८० | ११८८ | ६१४ | ९२६७ |

स्रोत : **EMIS Report 2080/81**

## तालिका नँ ९
## शैक्षिक सत्र २०८१ को विद्यार्थी बिबरण

| तह | प्रारम्भिक बाल विकास | प्राथमिक (कक्षा १-५) | आधारभुत (कक्षा ६-८) | माध्यमिक (कक्षा ९-१०) | माध्यमिक (कक्षा ११-१२) | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| छात्रा | ८०४ | १५०१ | ९२२ | ५३९ | ३५० | ४११६ |
| छात्र | १००७ | १७८१ | ९९२ | ४४० | २०१ | ४४२१ |
| जम्मा | १८११ | ३२८२ | १९१४ | ९७९ | ५५१ | ८५३७ |

स्रोत : **EMIS Report 2080/81**

## तालिका नँ १०
## गेरुवा गाउँपालिका अन्तर्गतका शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयहरुको विवरणः

| क्र सं | विद्यालयको नाम | ठेगाना | तह | अनुदान सङ्ख्या | विषय |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती आधारभूत विद्यालय | जोधिपुर | निम्न माध्यमिक | १ | विज्ञान |
| २ | श्री खैरावाङ भगवती आधारभूत विद्यालय | राजिपुर | निम्न माध्यमिक | १ | विज्ञान |
| ३ | श्री सरस्वती आधारभूत विद्यालय | बनकट्टी | निम्न माध्यमिक | १ | विज्ञान |
| ४ | श्री सरस्वती आधारभूत विद्यालय | बिन्द्रा | निम्न माध्यमिक | १ | अङ्ग्रेजी |
| | जम्मा | | | ४ | |

स्रोत : गाउँपालिका कार्यालयको अभिलेख

### तालिका नँ ११
### गेरूवा गाउँपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको विवरण

| क्र.सं. | सामुदायिक केन्द्रको नाम | ठेगाना | दरबन्दी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | पाताभार सामुदायिक सिकाइ केन्द्र | गेरुवा २, पाताभार | १ | |
| २ | जनता सामुदायिक सिकाइ केन्द्र | गेरुवा ४, गोला, | १ | |
| ३ | पशुपति सामुदायिक सिकाइ केन्द्र | गेरुवा ५, पशुपतिनगर | १ | |
| ४ | मनाउ सामुदायिक सिकाइ केन्द्र | गेरुवा ६, मनाउ | १ | |

स्रोत : गाउँपालिका कार्यालयको अभिलेख

### तालिका नँ १२
### गेरूवा गाउँपालिकाको विद्यालय नर्सको दरबन्दी विवरण

| क्र.सं | विद्यालयको नाम | ठेगाना | विद्यालय नर्स सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जानकी माध्यमिक विद्यालय | गेरुवा १, जनकनगर | १ | |
| २ | श्री एकप्रिय राठोर माध्यमिक विद्यालय | गेरुवा २, पाताभार | १ | |
| ३ | श्री जनता माध्यमिक विद्यालय | गेरुवा ४, गोला, | १ | |
| ४ | श्री पशुपति माध्यमिक विद्यालय | गेरुवा ५, पशुपतिनगर | १ | |
| ५ | श्री ने.रा. गणेश माध्यमिक विद्यालय | गेरुवा ६, प्रसेनीपुर | १ | |

स्रोत : गाउँपालिका कार्यालयको अभिलेख

### तालिका नँ १३
### विद्यार्थी विवरण २०८०-२०८१

| क्र.स | विवरण | कुल विद्यार्थी सख्या २०८० | | | कुल विद्यार्थी सख्या २०८१ | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास | ७९२ | ९९४ | १७८६ | ८०४ | १००७ | १८११ | |
| २ | प्राथमिक (कक्षा १-५) | १७२२ | १९७७ | ३६९९ | १५०१ | १७८१ | ३२८२ | |
| ३ | आधारभुत (कक्षा ६-८) | ९६३ | १०१७ | १९८० | ९२२ | ९९२ | १९१४ | |
| ४ | आधारभुत (कक्षा १-८) | २६८५ | २९९४ | ५६७९ | २४२३ | २७७३ | ५१९६ | |
| ५ | माध्यमिक (कक्षा ९-१०) | ६७१ | ५१७ | ११८८ | ५३९ | ४४० | ९७९ | |
| ६ | माध्यमिक (कक्षा ११-१२) | ४०६ | २०८ | ६१४ | ३५० | २०१ | ५५१ | |
| ७ | **कुल जम्मा** | ४५५४ | ४७१३ | ९२६७ | ४११६ | ४४२१ | ८५३७ | |

स्रोत : EMIS Report 2081

## तालिका नँ १४

## शैक्षिक सत्र २०८० को बिषयगत सिकाइ उपलब्धी बिबरण (औषत GPA)

| कक्षा /बिषय | नेपाली | अंग्रेजी | गणित | सेरोफेरो/विज्ञान तथा प्रविधी | सामाजिक अध्ययन | स्वास्थ्य शारिरीक | हाम्रो गेरूवा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा ३ | २.८७ | २.५२ | २.६३ | २.८१ | - | - | २.६८ | |
| कक्षा ५ | २.५५ | २.५२ | २.३९ | २.३६ | २.३७ | २.३६ | २.४९ | |
| कक्षा ८ | २.७५ | २.५६ | २.४४ | २.६० | २.५७ | २.६३ | २.७९ | |

स्रोत : EMIS Report 2081

## तालिका नँ १५

## प्रारम्भिक बालविकास तथा शिक्षा

| क स | सूचकहरू | वर्तमान अवस्था | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय बालबिकास केन्द्र संख्या | ५६ | |
| २ | संस्थागत बालबिकास केन्द्र संख्या | ७ | |

| | | | |
|---|---|---|---|
| ३ | सामुदायिक विद्यालय बालबिकास शिक्षक संख्या | ५६ | |
| ४ | सामुदायिक विद्यालय विद्यार्थी संख्या | ७४४ | |
| ५ | सामुदायिक विद्यालय विद्यार्थी शिक्षक अनुपात | १:१३ | |
| ६ | बालबिकासमा कुल भर्ना दर (GER) | १००.८ | |
| ७ | चार वर्ष उमेरका बालबालिकाको खुद भर्ना दर (NER) | ७३.१ | |
| ८ | न्यूनतम योग्यता पुगेका बालविकास सहजकर्ता | ८२.१४ | |
| ९ | आधारभूत तालिम प्राप्त बालविकास सहजकर्ता | ९६.४२ | |
| १० | कक्षा १ मा बालविकासको अनुभवसहित भर्ना | ९५.८ | |
| ११ | बालबिकास कक्षाको खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI) | ०.९० | |

## तालिका नँ १६
## आधारभुत शिक्षा (कक्षा १-८)

| क्र स | सूचकहरू | नतिजा/ उपलब्धी | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक कक्षा १-८ विद्यालय संख्या | २१ | प्राथमिक १२ |
| २ | संस्थागत विद्यालय १-८ संख्या | ५ | प्राथमिक ३ |
| ३ | सामुदायिक विद्यालय १-५ शिक्षक संख्या | ११८ | |
| ४ | सामुदायिक विद्यालय ६-८ शिक्षक संख्या | ४९ | |
| ५ | सामुदायिक विद्यालय विद्यार्थी संख्या | ३७४९ | |
| ६ | कक्षा १-५ सम्म विद्यालय/ शिक्षक अनुपात | १:४.५३ | |
| ७ | कक्षा ६-८ सम्म विद्यालय/ शिक्षक अनुपात | १:३.५० | |
| ८ | महिला शिक्षक प्रतिशत कक्षा (१-५) | ३६.४४ | |
| ९ | महिला शिक्षक प्रतिशत कक्षा (६-८) | ३६.७३ | |
| १० | महिला शिक्षक प्रतिशत कक्षा (१-८) | ३६.५३ | |
| ११ | कक्षा १ मा कुल प्रवेश दर (GIR) | १०८.२ | |
| १२ | कक्षा १ मा खुद प्रवेश दर (NIR) | ९६.२ | |
| १३ | कक्षा १-५ मा कुल भर्ना दर (GER) | १२३.१ | |
| १४ | कक्षा १-५ मा खुद भर्ना दर (NER) | ९५.९ | |

| | | | |
|---|---|---|---|
| १५ | कक्षा १-५ शिक्षक विद्यार्थी अनुपात | १:१७ | |
| १६ | कक्षा ६-८ शिक्षक विद्यार्थी अनुपात | १:३४ | |
| १७ | कक्षा १-८ शिक्षक विद्यार्थी अनुपात | १:२२ | |
| १८ | कक्षा ६-८ कुल भर्ना दर (GER) | १२५.५ | |
| १९ | कक्षा ६-८ खुद भर्ना दर (NER) | ९६.१ | |
| २० | कक्षा १-८ मा कुल भर्ना दर (GER) | १२४ | |
| २१ | कक्षा १-८ मा खुद भर्ना दर (NER) | ९६ | |
| २२ | कक्षा ८ मा टिकाउ दर | ८६.३ | |
| २३ | कक्षा १-५ छाड्ने दर (Droupout) | २.२ | |
| २४ | कक्षा ६-८ छाड्ने दर (Droupout) | २.१ | |
| २५ | कक्षा १-५ दोहोरयाउने दर (Repetition) | ७.८ | |
| २६ | कक्षा ६-८ दोहोरयाउने दर (Repetition) | ८.३ | |
| २७ | कक्षा १-५ लैङ्गिक समता सूचकाङ्क (GPI) | ०.८६ | |
| २८ | कक्षा ६-८ लैङ्गिक समता सूचकाङ्क (GPI) | ०.९६ | |
| २९ | कक्षा १-८ लैङ्गिक समता सूचकाङ्क (GPI) | ०.९० | |
| ३० | कक्षा १-५ उतिर्ण दर (Promotion) | ८५.९ | |
| ३१ | कक्षा ६-८ उतिर्ण दर (Promotion) | ८५.९ | |
| ३२ | कक्षा ५ उतिर्ण दर (Promotion) | ९०.३ | |
| ३३ | कक्षा ८ उतिर्ण दर (Promotion) | ८४.७ | |
| ३४ | कक्षा ५ दोहोर्याउने दर (Repetition) | ४.७ | |
| ३५ | कक्षा ८ दोहोर्याउने दर (Repetition) | १०.२ | |
| ३६ | कक्षा ५ छाड्ने दर (Droupout) | १.५ | |
| ३७ | कक्षा ८ दोहोर्याउने दर (Droupout ) | २.३ | |

**तालिका नँ १७**

**माध्यमिक शिक्षा (कक्षा ९-१२)**

| क स | सूचकहरू | वर्तमान अवस्था | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय संख्या | ५ | |
| २ | संस्थागत विद्यालय संख्या | २ | |
| ३ | सामुदायिक विद्यालय (कक्षा ९-१०) शिक्षक संख्या | ३५ | |
| ४ | सामुदायिक विद्यालय (कक्षा ११-१२) शिक्षक संख्या | २० | |

| | | | |
|---|---|---|---|
| ५ | सामुदायिक विद्यालय विद्यार्थी संख्या | १४७० | |
| ७ | कक्षा ९-१२ सम्म विद्यालय/ शिक्षक अनुपात | १:११ | |
| ८ | कक्षा ९-१० शिक्षक विद्यार्थी अनुपात | १:२६ | |
| ९ | कक्षा ११-१२ विद्यार्थी विद्यार्थी अनुपात | १:२८ | |
| १० | कक्षा ९-१२ विद्यार्थी विद्यार्थी अनुपात | १:२७ | |
| ११ | कक्षा ९-१० कुल भर्ना दर (GER) | ९०.९ | |
| १२ | कक्षा ९-१० खुद भर्ना दर (NER) | ६९.९ | |
| १३ | कक्षा ९-१२ कुल भर्ना दर | ७३.९ | |
| १४ | कक्षा ९-१२ खुद भर्ना दर | ५०.५ | |
| १५ | कक्षा ११-१२ कुल भर्ना दर | ५५.६ | |
| १६ | कक्षा ११-१२ खुद भर्ना दर | २९.८ | |
| १७ | कक्षा १० मा टिकाउ दर | - | |
| १८ | कक्षा ९-१० छाड्ने दर (Droupout) | २.४ | |
| १९ | कक्षा ११-१२ छाड्ने दर (Droupout) | ०.२ | |
| २० | कक्षा ९-१० दोहोरयाउने दर (Repetition) | ३.० | |
| २१ | कक्षा ११-१२ दोहोरयाउने दर (Repetition) | ० | |
| २२ | कक्षा ९-१० लैङ्गिक समता सूचकाङ्क (GPI) | १.३२ | |
| २३ | कक्षा ११-१२ लैङ्गिक समता सूचकाङ्क (GPI) | १.९३ | |
| २४ | कक्षा ९-१२ लैङ्गिक समता सूचकाङ्क (GPI) | १.५१ | |
| २५ | कक्षा ९-१० उतिर्ण दर (Promotion) | ९०.९ | |
| २६ | कक्षा ११-१२ उतिर्ण दर (Promotion) | ९१.४ | |
| २७ | कक्षा १० उतिर्ण दर (Promotion) | ९५.९ | |
| २८ | कक्षा १२ उतिर्ण दर (Promotion) | १०० | |
| २९ | कक्षा १० छाड्ने दर (Droupout) | ०.१ | |

**तालिका नँ १८**

**शिक्षक बिद्यार्थी अनुपात २०८१ (सामुदायिक विद्यालय मात्र)**

| क्रस. | तह | अनुपात | शिक्षक | विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास | १:१३ | ५६ | ७४४ | |
| २ | प्राथमिक (कक्षा १-५) | १:१७ | ११८ | २०६४ | |
| ३ | आधारभुत (कक्षा ६-८) | १:३४ | ४९ | १६८५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | आधारभुत (कक्षा १-८) | १:२२ | १६७ | ३७४९ | |
| ५ | माध्यमिक (कक्षा ९-१०) | १:२६ | ३५ | ९१९ | |
| ६ | माध्यमिक (कक्षा ११-१२) | १:२८ | २० | ५५१ | |
| ७ | माध्यमिक (कक्षा ९-१२) | १:२७ | ५५ | १४७० | |
| जम्मा | | | २२२ | ५२१९ | |

## तालिका नँ १९
## लैगिक समता अनुपात

### १. छात्रा छात्र अनुपात प्रतिशत (सामुदायिक विद्यालय मात्र)

| क्रस | तह | प्रतिशत | छात्रा | छात्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास | ९१.२६ | ३५५ | ३८९ | |
| २ | प्राथमिक (कक्षा १-५) | ९९.६१ | १०३० | १०३४ | |
| ३ | आधारभुत (कक्षा ६-८) | ९७.७७ | ८३३ | ८५२ | |
| ४ | आधारभुत (कक्षा १-८) | ९८.७८ | १८६३ | १८८६ | |
| ५ | माध्यमिक (कक्षा ९-१०) | १२३.६० | ५०८ | ४११ | |
| ६ | माध्यमिक (कक्षा ११-१२) | १७४.१३ | ३५० | २०१ | |
| ७ | माध्यमिक (कक्षा ९-१२) | १४०.२० | ८५८ | ६१२ | |
| | जम्मा | | ३०७६ | २८८७ | |

स्रोत : EMIS Report 2081

### २. महिला शिक्षक अनुपात प्रतिशत (सामुदायिक विद्यालय मात्र)

| क्र.स. | तह | प्रतिशत | महिला | पुरूष | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास | १०० | ५६ | ० | |
| २ | प्राथमिक (कक्षा १-५) | ३६.४४ | ४३ | ७५ | |
| ३ | आधारभुत (कक्षा ६-८) | ३६.७३ | १८ | ३१ | |
| ४ | आधारभुत (कक्षा १-८) | ३६.५३ | ६१ | १०६ | |
| ५ | माध्यमिक (कक्षा ९-१०) | १४.२९ | ५ | ३० | |
| ६ | माध्यमिक (कक्षा ११-१२) | २०.०० | ४ | १६ | |
| ७ | माध्यमिक (कक्षा ९-१२) | १६.३६ | ९ | ४६ | |
| जम्मा | | | ७० | १५२ | |

**क) भौगोलिक अवस्था**

लुम्बिनी प्रदेश अन्तर्गत १०९ वटा पालिका मध्ये यस गेरूवा गाउँपालिका भौगोलिक क्षेत्रको हिसावले बर्दिया जिल्लाको पश्चिम दक्षिण भुभागमा समथर तराई फाँटमा अवस्थित छ। विश्व मानचित्रमा गेरूवा गाउँपालिकाको भौगोलिक अवस्थिति २८° "18.17'24देखि २ "36.04'8°35 उत्तरी अक्षांश र ८१° "51'8 देखि ८१°12'15 पूर्व देशान्तरसम्म फैलिएको छ।समुन्द्र सतहबाट १४५ मिटर देखि १८० मिटरसम्मको उचाईमा अवस्थित यस गाउँपालिकाको कुल क्षेत्रफल ७८.४१ वर्ग कि.मी. रहेको छ। यो गाउँपालिका कैलाली र बर्दिया जोड्ने चिसापानी पुल देखि दक्षिणमा अवस्थित कर्णाली नदी दुइ भागमा विभाजित भइ बिचमा टापुको रूपमा रहेको भुभागमा अवस्थित छ। यस गाउँपालिकाको दुवै भागमा कर्णाली नदिको शाखाको रूपमा रहेकोले पुर्वमा गेरूवा कर्णाली नदी र पश्चिममा कर्णाली नदीले गर्दा बर्षायाममा बाढी, डुबानको तथा जंगली जनावरको समस्या रहेको छ।

**ख) जनसांख्यिक अवस्था**

वि.स.२०७८ सालको जनगणनानुसार बर्दिया जिल्लाको कुल जनसंख्या ४५,९,९०० रहेको छ जसमध्य गेरुवा गाँउपालिकाको जनसंख्या ३३,५१४ रहेको छ ।जुन जिल्लाको कुल जनसंख्याको ७.२८% हो। यस गाँउपालिकामा कुल १५,३६३ (४५.८४%) पुरुष र १८,१५१ (५४.१६%) महिलाको जनसंख्या रहेको छ। लैंगिक अनुपात अर्थात प्रति १०० महिलामा पुरुषको संख्या ८४.६४ रहेको छ।जनघनत्त्व ४२७ जना प्रति वर्ग कि.मी.रहेको छ।

**तालिका नँ २०**

**उमेरगत जनसंख्या**

| उमेर | जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| ००-०४ वर्ष | २५९३ | १३५१ | १२४२ | ७.७४ |
| ०५-०९ वर्ष | २७२३ | १४३७ | १२८६ | ८.१२ |
| १०-१४ वर्ष | ३१२८ | १५५९ | १५६९ | ९.३३ |
| १५-१९ वर्ष | ३२२७ | १४७६ | १७५१ | ९.६३ |
| २०-२४ वर्ष | ३१३२ | १२२९ | १९०३ | ९.३५ |
| २५-२९ वर्ष | ३१२३ | १२६८ | १८५५ | ९.३२ |
| ३०-३४ वर्ष | २५८१ | ११०७ | १४७४ | ७.७० |
| ३५-३९ वर्ष | २५७५ | ११२३ | १४५२ | ७.६८ |
| ४०-४४ वर्ष | २१६३ | ९५१ | १२१२ | ६.४५ |

| | | | | |
|---|---|---|---|---|
| ४५-४९ वर्ष | १७१८ | ८१८ | ९०० | ५.१३ |
| ५०-५४ वर्ष | १८७७ | ८२० | १०५७ | ५.६० |
| ५५-५९ वर्ष | १३५४ | ६६८ | ६८६ | ४.०४ |
| ६०-६४ वर्ष | १००८ | ४७८ | ५३० | ३.०१ |
| ६५-६९ वर्ष | ८५९ | ३८३ | ४७६ | २.५६ |
| ७०-७४ वर्ष | ८१० | ३७५ | ४३५ | २.४२ |
| ७५-७९ वर्ष | ३८० | १९३ | १८७ | १.१३ |
| ८०-८४ वर्ष | १४८ | ७० | ७८ | ०.४४ |
| ८५-८९ वर्ष | ६० | ३४ | २६ | ०.१८ |
| ९०-९४ वर्ष | २७ | १० | १७ | ०.०८ |
| ९५+ वर्ष | २८ | १३ | १५ | ०.०८ |
| **जम्मा** | **३३५१४** | **१५३६३** | **१८१५१** | **१००** |

स्रोतः राष्ट्रिय जनगणना २०७८

**तालिका नँ २१**

**वडागत जनसंख्या**

| **वडा नं** | **१** | **२** | **३** | **४** | **५** | **६** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| पुरुष | २६४० | १९३० | २३०८ | २८७४ | २८९७ | २७१४ | १५३६३ |
| महिला | २८५१ | २४९७ | २५९८ | ३४६६ | ३५३६ | ३२०३ | १८१५१ |
| जम्मा | ५४९१ | ४४२७ | ४९०६ | ६३४० | ६४३३ | ५९१७ | ३३५१४ |
| प्रतिशत | १६.३८ | १३.२१ | १४.६४ | १८.९२ | १९.१९ | १७.६६ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

**ग) सामाजिक तथा सांस्कृतिक अवस्था**

यस गाउँपालिकामा विभिन्न जातजाति, धर्म, सम्प्रदाय, भेषभूषा र रहनसहन भएका मानिसहरु बसोबास गर्दछन्। राष्ट्रिय जनगणना २०७८ को तथ्याङक अनुसार यस गाउँपालिकामा अधिकांश हिन्दु र दोस्रोमा क्रिस्चियन धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ।सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म, संस्कृति र चालचलनहरु छन्।जातिगत आधारमा थारू, क्षेत्री, बाह्मण, ठकुरी दलित, कुमाल बादी, मगर, गुरूङ, नेवार आदिको बसोबास रहेको छ। यहाँ मानिसहरुको मूख्य पेशा कृषि रहेको छ। यहाँका मानिसहरुले थारू, नेपाली ,हिन्दी, खस भाषा मूख्य रुपमा बोल्ने गर्दछन्।

## तालिका नँ २२

### धर्मगत जनसङख्या

| क्र.स | धर्म | पुरुष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हिन्दु | १५११७ | १७७७७ | ३२८९४ | ९८.१५ | |
| २ | बौद्ध | ५ | १२ | १७ | ०.०५ | |
| ३ | ईस्लाम | १८ | १७ | ३५ | ०.१० | |
| ४ | किरात | १ | ० | १ | ०.००३ | |
| ५ | क्रिस्चियन | २११ | ३२८ | ५३९ | १.६१ | |
| ६ | प्रकृति | ११ | १७ | २८ | ०.०१ | |
| जम्मा | | १५३६३ | १८१५१ | ३३५१४ | १०० | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## तालिका नँ २३

### जातिगत जनसङख्या

| जातजाती | जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| सबै जातजाती | ३३५१४ | १५३६३ | १८१५१ | १०० % |
| क्षेत्री | ४७२७ | २१०९ | २६१८ | १४.१० |
| पहाडी ब्राहमण | १५४५ | ७१४ | ८३१ | ४.६१ |
| मगर | २८८ | १२५ | १६३ | ०.८६ |
| थारु | २१६०४ | ९९८० | ११६२४ | ६४.४६ |
| नेवार | १०२ | ४३ | ५९ | ०.३० |
| विश्वकर्मा | १४७७ | ६६८ | ८०९ | ४.४१ |
| मुस्लमान | ३० | १६ | १४ | ०.०९ |
| गुरूङ | ७५ | ३१ | ४४ | ०.२२ |
| परियार | ६३५ | २८७ | ३४८ | १.८९ |
| ठकुरी | १५७७ | ७१२ | ८६५ | ४.७१ |
| मिजार | ९० | ३५ | ५५ | ०.२७ |
| सन्यासी | ८७ | ४२ | ४५ | ०.२६ |
| काठाबनियान | १८ | ७ | ११ | ०.०५ |

| | | | | |
|---|---|---|---|---|
| तराईब्राहमण | ७८४ | ३६७ | ४१७ | २.३४ |
| कुमाल | २८ | १२ | १६ | ०.०८ |
| राजवँशी | १६ | ६ | १० | ०.०५ |
| लोहार | ७४ | ३१ | ४३ | ०.२२ |
| माझी | २४ | १० | १४ | ०.०७ |
| सोनार | १६ | ७ | ९ | ०.०५ |
| वादी | ६४ | ३१ | ३३ | ०.१९ |
| पथ्थरकट्टा/कुसबाडिया | १९८ | १०८ | ९० | ०.५९ |
| अन्य | ५५ | २२ | ३३ | ०.१६ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

**घ) आर्थिक अवस्था**

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा कृर्षि भएकोले आम्दानीको मूख्य स्रोत कृर्षि रहेको छ। यहाँ सिँचाइको लागि बाह्रै महिना कुलो, नहरको ब्यवस्था भएकोले खाद्यान्न बाली र तरकारी खेतीबाट आयआर्जन गरेको पाइन्छ। यहाँ ठुला उद्योग, ब्यवसाय नभएता पनी ग्रामिण क्षेत्रका मानिसहरूले गल्ला व्यापार व्यवसायबाट समेत आयआर्जन गरेको पाइन्छ। यहाँका अधिकांश युवाहरु रोजगारका लागि विदेश जाने भएकोले बैदेशिक विप्रेशण (रेमिटयान्स) पनि आमदानीको मूख्य स्रोत बनेको छ। भौगलिक रूपले दुर्गम भएतापनी यहाँ पर्यटकका लागि होमस्टेको ब्यवस्था पनि रहेको पाइन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैंगिक रुपमा महिला भन्दा पुरुषको संख्या बढी रहेको देखिन्छ।

**१.१.२ विगतको प्रयास**

गेरूवा गाउँपालिकालाई शैक्षिक हवको रुपमा विकास गर्नको लागि स्थानीय सरकार भएपश्चात् शिक्षा क्षेत्रमा गरिएका प्रयासहरु देहाय बमोजिम रहेका छन्।

- सामुदायिक विद्यालयको माध्यमिक तह कक्षा १२ सम्म निशुल्क शिक्षा कार्यक्रम सञ्चालन गरिएको,
- हाम्रो गेरूवा कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम लागु गरिएको ।
- गाउँपालिकामा शिक्षक दरबन्दी मिलान कार्य गरिएको, साथै विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या अपुग भएकोले आधारभूत तह (६-८) मा २२ र माध्यमिक तह (९-१२) १४ जना विषयगत शिक्षक गरी कूल ३६ जना गाउँपालिकाले स्थानीय दरबन्दीमा करार शिक्षक व्यवस्थापन गरेको र ६ जना विद्यालय सहयोगीको ब्यवस्थापन गरेको,

- आधारभूत तहमा कक्षा छाड्ने दरलाई न्यून गर्न दिवा खाजा व्यवस्था गरिएको,
- सम्पूर्ण सामुदायिक विद्यालयमा इन्टरनेट जडान गरी E- attendance समेत सञ्चालनमा ल्याएको,
- समुदायमा आधारित बालविकास केन्द्रहरुलाई विद्यालयमा मर्ज गरिएको
- शैक्षिक क्यालेण्डर निर्माण गरी सोही अनुसार शैक्षिक गतिविधिहरुलाई एकरुपता कायम गरिएको
- विद्यार्थी सङ्ख्याको आधारमा आधारभूत र माध्यमिक तहमा विषयगत शिक्षक व्यवस्थापन,
- विद्यालयमा भौतिक पूर्वाधार निर्माण र सुधारको कार्यक्रमहरु (कक्षाकोठा निर्माण,मर्मत,खानेपानी शौचालय, घेराबार) नियमित सञ्चालनमा रहेको,
- शिक्षक र कर्मचारी हरुलाई पेशागत क्षमता विकास तालिम सञ्चालन गरिएको,
- बिषयगत रोष्टर समितिबाट सामुदायिक र संस्थागत विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरिएको र आवश्यक पृष्ठपोषण प्रदान गरिएको ,
- स्थानीय तहमा शसर्त अनुदान तर्फ वित्तीय हस्तान्तान्तरण भएका विभिन्न किसिमका कार्यक्रम सञ्चालन गरिएको,
- सामुदायिक विद्यालयमा अध्ययनरत महिनावारी हुने किशोरी सबै छात्राहरुलाई सेनिटरी प्याडको वितरण र ब्यवस्थापन गरेको,
- प्रत्येक बर्ष राष्ट्रपति रनिङ्गशिल्ड लगायतका अन्य खेदकूद प्रतियोगिता सञ्चालन,
- शैक्षिक महोत्सव (शैक्षिक सामग्री प्रदर्शनी तथा अतिरिक्त क्रियाकलाप) सञ्चालन गरिएको ,
- प्रारम्भिक बाल कक्षादेखि कक्षा ३ सम्म छापामय वातावरण निर्माणको प्रयास गरिएको,
- सामुदायिक माध्यमिक विद्यालयहरुमा विद्यालय नर्सको ब्यवस्थापन सँगसगै स्वास्थ्य सामग्रीहरु प्रदान
- विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता WASH सम्बन्धी कार्यविधि समेत तयार गरी सो सम्बन्धी कार्यक्रम क्रमश लागु गरिएको

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

### मुख्य समस्याहरू

यस गाउँपालिकामा गुणस्तरीय,व्यावसायिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरू विकास हुन सकेको छैन । समुदायको जनसङ्ख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था रहेको छ । यस पालिकाका अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक

अनुपात उपयुक्त बनाउनु पर्ने देखिन्छ भने विद्यार्थी सङ्ख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नुपर्ने आवश्यकता रहेको छ । विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको बिस्तार र प्रभावकारी कार्यन्वयन गर्न नसकिनु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु, शिक्षा लाई जागिरसँग मात्र जोड्नु आदिलाई शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा उल्लेख गर्न सकिन्छ ।

यस सन्दर्भमा गेरूवा गाउँपालिकाको शिक्षा क्षेत्रका समस्याहरू देहायबमोजिम रहेका छन्:

१. आधारभूत र माध्यमिक तहमा विषयगत शिक्षक दरबन्दी मिलान हुन नसक्नु,
२. विद्यार्थी संख्या न्युन भएको कारणले विद्यालय समायोजन/मर्ज गर्न नसक्नु
३. सबै आधारभूत र माध्यमिक विद्यालयमा योग्य, दक्ष प्र.अ.को व्यवस्थापन गर्न नसक्नु ,
४. शैक्षिक सामग्री, पुस्तकालय, प्रयोगशाला ,सूचना प्रविधिको न्यून उपलब्धता,
५. प्रयाप्त पक्की भवन, कक्षाकोठा, फर्निचर, शुद्ध खानेपानी, छात्रामैत्री शौचालय र घेरावालको अभाव ,
६. शिक्षण सिकाइ क्रियाकलाप र कक्षाकोठामा अपेक्षित सुधार ल्याउन नसक्नु,
७. शिक्षण प्रक्रियामा नवीनतम विधिको कम प्रयोग र सूचना प्रविधिको पहुँच नहुनु ,
८. शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु,
९. तालिम प्राप्त शिक्षकले तालिममा सिकेका सीप कक्षाकोठामा प्रभावकारी रूपमा प्रयोग नगर्नु,
१०. सामुदायिक र संस्थागत विद्यालय बीच शैक्षिक दूरी सिर्जना हुँदै गएकोले अभिभावकको आकर्षण सामुदायिक विद्यालय प्रति घट्दै जानु,
११. विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा नियमित ल्याउन र टिकाउन नसक्नु ,
१२. कक्षा छाड्ने विद्यार्थी दर बढ्दै जानु ,
१३. शिक्षा शाखामा आवश्यक मात्रामा कर्मचारी व्यवस्थापन हुन नसक्नु,
१४. स्थानीय तहलाई SESP कार्यक्रम सञ्चालन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन नहुनु,
१५. विद्यालयले तोकिएको समयमा EMIS Update नगर्नु,
१६. सशर्त अनुदानको विनियोजित बजेट अपुग हुने शीर्षकहरुमा स्थानीय तहले समेत सोहि क्षेत्रमा बजेट व्यवस्थापन गरी कार्यन्वयन गर्नु पर्ने अवस्था सिर्जना हुनु,
१७. विपद् जोखिम तथा सङ्क्रमणका कारण विद्यालयमा समयमै अनुदान निकासा गर्न कठिनाइ सिर्जना हुनु ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

नेपालमा विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरूमा गुणस्तरीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, विद्यालय नक्साङकन तथा समायोजन गर्नु, विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन गर्नु, निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु, पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु, विपत् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु, जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु, उपयुक्त भौतिक पूर्वाधारको निर्माण गर्नु, विद्यालय शिक्षामा सुशासन कायम गर्नु देखिन्छ ।

विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, बाल तथा अपाङ्गमैत्री पूर्वाधारको पर्याप्त व्यवस्था नभएका कारण प्रायः जसो विद्यालयमा वालमैत्री संरचना र सिकाई लागु हुन सकिरहेको छैन । विद्यालय छोड्ने दर दिनप्रति दिन बढ्नु, बालविकास केन्द्रहरूमा बालमैत्री सिकाई तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु, वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन नसक्नु पनि चुनौतीको रूपमा रहेको देखिन्छ । आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अभिभावकहरूमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासित विहीनता अवस्था समेत देखिन थालेको छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबिच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाइ रहेको र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरणमा सुधार गर्न चुनौती छ । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर, शिक्षक र सूचना प्रविधि साधनहरूको उपलब्धता, पुस्तकालयको अभाव, शैक्षिक सङ्ग्रहालय स्थापना नहुनु र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परिरहेको छ । यसका साथै विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनोपयोगी, व्यावसायिक र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली अनुसार पठनपाठन नहुँदा पढाइ छाडनेहरूको सङ्ख्या बढेकै छ ।

**चुनौतीहरूः**

१. सामुदायिक विद्यालयप्रति समुदायको अपनत्व र अभिभावकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु,
२. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्नु,
३. शिक्षक तथा शिक्षा क्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहीता सुनिश्चित गर्नु,
४. शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु,
५. विद्यालय नेतृत्वको भूमिका सवलीकरण गर्नु,
६. सामुदायिक विद्यालयलाई राजनीतिक प्रभावबाट मुक्त गर्नु ,

७. प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु,
८. सबै विद्यालयको भौतिक संरचना तथा शैक्षिक वातावरणलाई अपाङ्गमैत्री, बालमैत्री बनाउनु,
९. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीहरु विकास, कार्यान्वयन र परिमार्जन गर्नु ,
१०. आधारभुत तहको बालबालिकाहरूको पठन सीप सुधार गर्नु ।

### १.४ अवसरहरू

तीन तहका सरकारबिच समन्वय, सहकार्य र जिम्मेवारी पूरा गर्न सकिने अधिकार हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु, तीन वटै सरकार तथा अन्य सङ्घसंस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवसर हुनु, स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता हुनु, गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह देखिनु, सकारात्मक लैङ्गिक समता सूचकाङ्क हुनु, शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता हुनु र व्यापक लगानी हुनु, वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु स्थानीय सरकारलाई सरोकारवाला निकायको सहयोग, समर्थन र सहकार्य हुनु शिक्षाक्षेत्रको अवसरका रूपमा लिन सकिन्छ ।

## परिच्छेद २

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

योजना भनेको भविष्यको अवस्था हेर्ने एक रचनात्मक कला हो। योजनाको यही विशेषताका आधारमा यस परिच्छेदमा अबको पाँच वर्षमा शैक्षिक क्षेत्रमा पुग्न सकिने गेरूवा गाउँपालिकाको शिक्षाको गन्तव्यलाई अनुमान गरिएको छ।

### २.१ शिक्षा योजना निर्माणका आधारहरू

हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको बारेमा माथि परिचय खण्डमा छलफल गरिसकिएको छ । यस खण्डमा हाम्रो गेरूवा गाउँपालिकाको शैक्षिक योजना कार्यान्वयनबाट के के प्राप्त गर्ने तथा के के उपलब्धि हासिल गर्ने भन्ने बारेमा प्राविधिक कार्य गर्छौं। जसमा हाम्रो शैक्षिक योजनाको लक्ष्य निर्धारण गर्छौं तर यी कार्य गर्नुपूर्व तथा कार्यको दौरानमा हामीले उल्लिखित नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्वित गर्नु अनिवार्य

हुन्छ । यसकालागि हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजमध्ये केहीमा उल्लेख भएका प्रावधानलाई निम्नानुसार प्रस्तुत गरिएका छन् :

### २.१.१ संवैधानिक प्रावधान

धारा ३१

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिकभाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ ।

धारा ५१ राज्यका नीतिः (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

### २.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४

दफा ११ को उपदफा २ )ज( **(स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा स‌ंवर्धन गर्न सघाउ पऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ ।

३. दफा १४ अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने ।

४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने ।

५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने

६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था

७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा
८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने
९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था
१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)
११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ । )नियम ४)
१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाई शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)
१३. छात्रवृत्ति तथा विशेष व्यवस्था :) ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि) । (नियम ६)
१४. जनआन्दोलन, सशस्त्र संधर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ ।

## २.२ दूरदृष्टि र दीर्घकालीन सोच (Vision)

गुणस्तरीय शिक्षा मार्फत सक्षम र दक्ष जनशक्ति, गेरूवाको समृद्धि

## २.३ ध्येय (Mission)

समय सान्दर्भिक, आधुनिक, प्रविधिमैत्री, गुणस्तरीय, समतामूलक शिक्षाको माध्यमबाट योग्य ,सक्षम र दक्ष जनशक्ति उत्पादन गरी समृद्ध समाज निर्माण गर्ने

## २.४ लक्ष्य तथा उद्देश्यहरु (Goal and Objectives)

यस योजनाको लक्ष्य शिक्षालाई अधिकारका रुपमा स्थापित गरी मानव मूल्यमा आधारित गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समावेशिताको

प्रवर्द्धन गरी शिक्षित जनशक्ति निर्माण गर्नु निर्धारण गरिएको छ। उक्त लक्ष्यलाई पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरु निर्धारण गरिएको छः

१. बालबालिकाको सर्वाङ्गिण विकासका लागि पोषण र स्वास्थ्यमा सुधार गर्दै प्रारम्भिक बालविकास शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गर्नु,
२. गेरूवा गाउँपालिका भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता गर्नु,
३. निःशुल्क र गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै उत्पादनशील जनशक्ति तयार गर्नु,
४. औपचारिक शिक्षाका अवसरबाट वञ्चित समूहलाई अनौपचारिक, विशेष, वैकल्पिक, जीवनपर्यन्त शिक्षा आपतकालिन शिक्षा र खुला शिक्षाका अवसर अभिवृद्धि गर्नु,
५. शिक्षा सरोकारवालाहरूलाइ सचेतनामूलक ,उत्प्रेरणामुलक शिक्षा, अभिभावक शिक्षा लगायत अन्य कार्यक्रमहरू मार्फत बीचैमा कक्षा छाड्ने विद्यार्थी दरलाई न्यूनीकरण गर्दै विद्यार्थी नियमितता र टिकाउ दरमा सुधार गरी सिकाइ उपलब्धि वृद्धि गर्नु,
६. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक रूपमा विस्तार गरी पालिकाको विकासमा योग्य, सक्षम र सीपयूक्त जनशक्ति तयार गर्नु ,
७. प्रभावकारी गुणस्तरीय शिक्षाको जग तयार गर्दै श्रममैत्री, उत्पादनमूखी ,अनुशासित, नैतिकवान नागरिक तयार गर्नु,
८. सुरक्षित बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री विद्यालय निर्माण गर्नु ,
९. गुणस्तरीय शिक्षाका लागि शिक्षक तथा कर्मचारीको क्षमता विकास, वृत्तिविकास, शैक्षिक सामग्री व्यवस्थापन र प्रयोग गर्नु,
१०. सार्वजनिक निजि शैक्षिक क्षेत्रका असल अभ्यासहरूलाई अवलम्बन गर्दै निजि लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रकियामा सवलीकरण गर्नु ,
११. समतामुलक पहुँच र समावेशि सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चत गर्नु,
१२. सुविधा सम्पन्न भौतिक संरचना निर्माण गरी भयरहित रूपमा विद्यालयलाई शान्ति क्षेत्र र विश्वसनीय संस्थाको रूपमा विकास गर्नु,
१३. STEAM Approach द्वारा गुणस्तरीय, व्यवहारिक शिक्षा, soft skill जीवन उपयोगी सीप विकास गर्नु,
१४. विद्यालयमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गर्दै नवप्रवर्तन मार्फत शैक्षिक गुणस्तर सुधार गर्नु,

१५. पाठ्यक्रमलाई समय सान्दर्भिक परिमार्जन गर्दै मूल्याङ्न प्रणालीलाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सिर्जनशिल, सकारात्मक सोच सहित रोजगार उन्मुख नागरिक तयार गर्नु,

१६. गेरूवा गाउँपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमलाइ प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार मातृभाषामा समेत स्थानीय पाठ्यपुस्तक, पाठ्यसामग्री विकास, निर्माण र कार्यान्वयन गर्नु,

१७. सम्पूर्ण विद्यालयहरूमा वातावरणीय स्वच्छता र सुरक्षा प्रदान गर्न हरित विद्यालय कार्यक्रममा जोड दिनुका साथै भौतिक पूर्वाधार सवलीकरण गर्नु,

१८. मुख्यतया आधारभुत तहको बालकक्षा देखि कक्षा ८ सम्म विद्यार्थीको सिकाइ स्तर वृद्धि गर्न पठन सीप सुधार र बोध क्षमता अभिवृद्धि सम्बन्धी क्रियाकलापमा जोड दिनु ।

१९. विद्यालयको निरन्तर अनुगमन तथा सुपरीवेक्षण, अन्तर्क्रियात्मक कार्यक्रम र पृष्ठपोषणको माध्यमबाट शिक्षाको गुणस्तर सुधार गर्न निरन्तर प्रयास गर्नु

२०. विद्यालयमा पोषण तथा स्वास्थ्य सुधार कार्यक्रमलाइ निरन्तरता दिदै खानेपानी, सरसफाइ तथा स्वच्छता WASH कार्यक्रम अन्तर्गत तिन तारे पद्वति लाइ स्पष्ट कार्ययोजना सहित लागु गर्नु

## २.५ रणनीति

उल्लिखित उद्देश्यहरु पूरा गर्न देहाय बमोजिमका रणनीतिहरू तय गरिएको छ

| उद्देश्य नं. | रणनीतिहरु | |
|---|---|---|
| १ | १.१ | पोषण र बालअधिकार बारे अभिभावकहरुलाई सचेतना प्रदान गर्ने र सोको सुनिश्चितता गर्ने । |
| | १.२ | बालविकास केन्द्रको उमेर पुगेका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा भर्ना गर्ने । |
| | १.३ | सामुदायिक तथा नीजि क्षेत्रलाई प्रोत्साहित गर्दै बालउद्यानको अवधारणा साकार पार्ने । |
| | १.४ | उपयुक्त पूर्वाधार तथा खेल सामग्री सहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन गर्ने । |
| | १.५ | बालविकास सहजकर्ताहरूको योग्यता र क्षमता अभिवृद्धि गर्ने । |
| २ | २.१ | आधारभूत तहको शिक्षालाई अनिवार्य, निःशुल्क र समावेशी बनाउन गाउँपालिकाको निशुल्क शिक्षा कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० लाइ प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । |
| | २.२ | ४-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चितता गर्ने । |
| | २.३ | आधारभूत शिक्षामा बालबालिकाको पहुँचयूक्त पूर्वाधारको निर्माण गरी गुणस्तरीय र सुरक्षित सिकाइ वातावरण सिर्जना गर्ने । |
| | २.४ | आधारभूत तहमा शिक्षण सिकाइलाई व्यवहारिक तथा प्रविधियूक्त बनाइ गुणस्तरीय शिक्षा प्रदान गर्ने । |
| ३ | ३.१ | कक्षा १२ सम्मको निःशुल्क शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । |
| | ३.२ | माध्यमिक तहको शिक्षण सिकाइलाई व्यवहारिक, जिवनपयोगी ,प्रविधियूक्त र गुणस्तरिय बनाउने। |
| | ३.३ | माध्यमिक शिक्षाको प्राविधिक तथा व्यवसायिक धारलाई सुदृढीकरण तथा विस्तार गर्ने । |
| | ३.४ | आधारभूत र माध्यमिक तहमा अङ्ग्रेजी, गणित र विज्ञान लगायत अन्य विषयको शिक्षकको क्षमता अभिवृद्धि गर्ने । |

| | | |
|---|---|---|
| ४ | ४.१ | साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने । |
| | ४.२ | सामुदायिक सिकाइ केन्द्रको सक्रियता बढाइ अनौपचारिक शिक्षा मार्फत साक्षर भएकालाई निरन्तर शिक्षा र आयमुलक कार्यक्रम सञ्चालन गर्ने । |
| | ४.३ | समय सान्दर्भिक एवम् गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चितता गर्न औपचारिक, अनौपचारिक, वैकल्पिक, आपतकालिन र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने । |
| ५ | ५.१ | विद्यालय तहमा भर्ना भएका सबैलाई विद्यालयमा नियमित गराउन ,कक्षा छाड्ने दर न्यूनिकरण गर्न र विद्यार्थी टिकाउनका लागि भर्ना अभियान, सचेतनामुलक र उत्प्रेरणामूलक कार्यक्रम जस्ता अन्य कार्यक्रमहरू सञ्चालन गर्ने । |
| | ५.२ | अभिभावक शिक्षा कार्यक्रमलाई अनिवार्य बनाइ त्यस्को प्रभावकारी कार्यान्वयन गर्ने । |
| ६ | ६.१ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकास र विस्तार गरी खुला सिकाइ अवसरको वातावरण सिर्जना गर्ने । |
| | ६.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियततथा छात्रवृत्ति दिने नीति अख्तियार गर्ने |
| ७ | ७.१ | योग्य, सक्षम, दक्ष जनशक्तिको व्यवस्थापन गरी शिक्षण र शैक्षिक प्रशासन जस्ता पक्षमा उत्कृष्ट नतिजा हाँसिल गराउने । |
| | ७.२ | शिक्षण सिकाइ प्रक्रियामा समयानुकूल सुधार र प्रविधिको उच्चतम् प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने । |
| ८ | ८.१ | भौतिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउने। |
| | ८.२ | अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यम बाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने । |
| | ८.३ | विद्यालयहरूमा महिनावारी स्वच्छता तथा ब्यवस्थापन आराम कक्ष (MHM) को व्यवस्थापन गर्न पहल गर्ने । |
| ९ | ९.१ | विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीको पेसागत सक्षमताको विकास गरी कार्यसम्पादनको आधारमा वृत्ति विकासको अवसर प्रदान गर्ने । |
| | ९.२ | शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गर्ने । |

| | | |
|---|---|---|
| | ९.३ | विद्यालयका शिक्षक तथा कर्मचारीको पेशागत क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने । |
| | ९.४ | वस्तुनिष्ठ मापदण्डको आधारमा विद्यार्थीको मूल्याङ्कन एवम् उपलब्धि परीक्षण गरी शैक्षिक गुणस्तर कायम गर्ने । |
| १० | १०.१ | सामुदायिक र निजी शैक्षिक संस्थाहरूको असल अभ्यासहरूको आदान प्रदान गरी निजी विद्यालयहरूको प्रभावकारी नियमन गर्ने । |
| | १०.२ | सार्वजनिक विद्यालयको शैक्षिक प्रशासनलाई प्रभावकारी बनाउन सेवा करार गर्ने, बिब्यस, प्रअ, शिक्षक र कर्मचारी बिच कार्य सम्पादन सम्झौता र आचार संहिता तयार गरी लागु गर्ने । |
| ११ | ११.१ | गाउँपालिकाबाट प्रत्येक बर्ष विद्यालय शिक्षामा लगानी वृद्धि गर्ने। |
| | ११.२ | अभिभावक शिक्षाको माध्यमबाट सामुदायिक विद्यालय र बालबालिकाको सिकाइ प्रतिको अपनत्व बोध गराउने । |
| | ११.३ | विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा विषयगत शिक्षकको सुनिश्चितता गरी दरबन्दी मिलान र आवश्यकताको आधारमा नयाँ दरबन्दी समेत थप गर्ने |
| १२ | १२.१ | सबै विद्यालयमा भवन, कक्षाकोठा, शौचालय, घेराबार, खानेपानी संरचना लगायत भौतिक पूर्वाधारहरू, विपत् जोखिमयमूक्त र सुरक्षित बनाउने । |
| | १२.२ | विद्यालयमा स्वतन्त्र, भयरहित र दण्डरहित सिकाइ वातारणको सुनिश्चितता कायम गर्ने । |
| १३ | १३.१ | विज्ञानलाई शिक्षा र शिक्षालाई विज्ञानमा आधारित बनाइ वैज्ञानिक अध्ययन र चिन्तन मनन् गर्ने प्रवृत्ति एवम् व्यवहारको विकासमा जोड दिने । |
| | १३.२ | विद्यालयको तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM-Education) लाइ क्रमश प्रवर्द्धन गर्ने । |
| १४ | १४.१ | सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने । |
| | १४.२ | प्रत्येक विद्यालयमा E-attendance अनिवार्य गरी ICT सामाग्री लागायत CC TV Camera को क्रमश विकास र विस्तार गर्ने । |
| १५ | १५.१ | विद्यालय तहको पाठ्यक्रम, पाठ्यसामग्री विकास एवम् कार्यन्वयन र परिमार्जन गरी विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने । |

| | | |
|---|---|---|
| | १५.२ | विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गरिएका दैनिक जीवनका ब्यवहारिक समस्याहरू समाधान गर्न आवश्यक पर्ने जीवनपयोगी सिप, ब्यवहार कशुल सिपका क्रियाकलापहरूलाइ कार्यान्वयनमा जोड दिने। |
| १६ | १६.१ | स्थानीय पाठ्यक्रम "हाम्रो गेरुवा" को आधारमा कक्षागत रूपमा पाठ्यपुस्तक वा पाठ्यसामग्री निर्माण गरी कार्यान्वयनमा ल्याउने । |
| | १६.२ | स्थानीय पाठ्यक्रमको माध्यमबाट स्थानीय भाषा, कला, संस्कृति, भूगोल, पेसा व्यवसायको प्रवर्द्धन गर्ने । |
| १७ | १७.१ | प्रत्येक विद्यालयमा बाल उद्यान, फुलबारी, बगैचा तथा गार्डेन निर्माण र त्यस्को उचित ब्यवस्थापन र कार्यान्वयनमा जोड दिने। |
| | १७.२ | सम्पूर्ण विद्यालयहरुमा हरित विद्यालयको अवधारणालाई साकार गर्न पालिका तथा साझेदारी संस्थालाई सक्रिय र जिम्मेवार बनाउने । |
| १८ | १८.१ | प्रारम्भिक बालकक्षा देखि कक्षा ८ सम्मका बालबालिकाहरुको सिकाइ स्तर वृद्धि गर्न पठन सीप सुधारका कार्यक्रमहरू लाई निरन्तरता दिने । |
| | १८.२ | बालबालिकाको सिकाई तथा बोध क्षमता सुदृढीकरण गर्न सिकाइ आपुरण तथा दुर्त सिकाइ योजनालाई (ReAL Plan) लाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। |
| १९ | १९.१ | प्रत्येक बर्ष विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यको स्पष्ट कार्ययोजना बनाइ निरन्तरता दिने। |
| | १९.२ | विद्यालयको शैक्षिक गुणस्तर सुधारमा सहयोग पुर्याउन नतिजामा आधारित अनुगमन प्रणालीलाइ जोड दिने। |
| २० | २०.१ | गाउँपालिकाको सम्पुर्ण विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी कार्यक्रम विस्तार गर्न नितिगत र संस्थागत संरचनाको विकास गर्ने । |
| | २०.२ | विद्यालयस्तरमा WASH कार्यक्रमलाइ प्रभावकारी कार्यन्वयन गर्न तिन तारे पद्दतीलाइ अवलम्बन गर्ने । |
| | २०.३ | गाउँपालिकाबाट विद्यालयमा खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्न सरोकारवाला निकाय, साझेदारी संघ संस्थाहरू सँग निरन्तर समन्वय गर्ने |

## २.६ कार्यनीति

यस योजनाको लक्ष्य र उद्देश्य हासिल गर्नका लागि निर्धारण गरिएका रणनीतिहरुको व्यावहारिक कार्यान्वयन गर्नका लागि तय गरिएका कार्यनीति (कार्यक्रम तथा क्रियाकलाप) लाई देहाय बमोजिम उल्लेख गरिएको छः

| रणनिति नं. | कार्यनीतिहरु |
|---|---|
| १.१ | १. बालबालिकाको सर्वाङ्गीण विकासका निम्ति अभिभावकलाई प्रेरित गर्न अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. बालविकास केन्द्रहरूको अनुगमन तथा निरीक्षणका संयन्त्र विकास गरी नियमित रूपमा अनुगमन तथा निरीक्षण गरिनेछ।<br>३. बालबालिकाको सरसफाइ, हेरचाह, खाजा, बालमैत्री शौचालय र अन्य कार्यमा सहयोग पुर्याउने व्यवस्था मिलाइनेछ। |
| १.२ | १. कक्षा १ मा भर्ना हुनका लागि बालबिकास शिक्षाको अनुभवलाई अनिवार्य गरिनेछ।<br>२. प्रारम्भिक बालविकास केन्द्रहरुको अनुमति, सञ्चालन तथा व्यवस्थापनको एउटै मापदण्ड बनाइनेछ।<br>३. प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन, समायोजन, विस्तार र पुनर्वितरण गरिनेछ। |
| १.३ | १. प्रारम्भिक बालविकास केन्द्रहरुमा खेल र मनोरञ्जनका लागि बालउद्यान निर्माण गरिनेछ।<br>२. प्रत्येक विद्यालयमा साझेदारी संघ सस्थाको सहयोग र गाउँपालिकाको समन्वयमा बालउद्यान निर्माण कार्यमा जोड दिइनेछ । |
| १.४ | १. प्रारम्भिक बालविकास केन्द्रकाका बालबालिकाका लागि स्वस्थ तथा पोषणयूक्त दिवा खाजाको व्यवस्था गरिनेछ ।<br>२. प्रारम्भिक बालविकास केन्द्रहरूमा बालबालिकाका सुरक्षा, पोषण, खेल सामग्री, सन्दर्भ सामग्री, भवन, छापामय कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधारको व्यवस्था मिलाइनेछ । |
| १.५ | १. बालविकास सहजकर्ताको न्यूनतम् योग्यता कक्षा बाह्र वा सो सरह हुने गरी कानुनी व्यवस्था मिलाइनेछ।<br>२. बालविकास सहजकर्ता लाई समय – समयमा तालिम, प्रशिक्षण कार्यक्रमहरूमा सहभागी हुन पाउने व्यवस्था मिलाइनेछ। |

| | |
|---|---|
| | ३. बालविकास सहजकर्तालाई प्रचलित कानुनमा व्यवस्था भए बमोजिम न्यूनतम पारिश्रमिकको व्यवस्था गरिनेछ। |
| २.१ | १. आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई अनिवार्य रूपमा विद्यालयमा निःशुल्क भर्ना गरिनेछ ।<br>२. आधारभूत तह सम्मको शिक्षामा पहुँच अभिवृद्दि गर्न छात्रवृत्ति, स्टेशनरी सामग्री सहयोग लगायत प्रोत्साहन मुलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. गाउँपालिकाको निशुल्क शिक्षा कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० (संशोधन सहित) लाइ प्रभावकारी रूपमा कार्यन्वयन गरिनेछ।<br>४. विद्यार्थी नियमितता, कक्षा छाड्ने दर न्यूनीकरण, टिकाउ अभियान सञ्चालन गरिनेछ । |
| २.२ | १. आधारभूत तह ४-१२ वर्ष उमेर समूहका सबै बालबालिका र विद्यालय बाहिर रहेका बालबालिकाका लागि वडा तथा गाउँ स्तरीय भर्ना अभियान सञ्चालन गरिनेछ।<br>२. आर्थिक रूपले विपन्न, दलित, जनजाति, सीमान्तकृत तथा अभिभावक विहिन असहाय बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने र आवासीय विद्यालयको प्रबन्ध गरिनेछ ।<br>३. विद्यालय छाड्ने बालबलिकाको कारण पत्ता लगाइ उनीहरुलाई विद्यालय आउन प्रोत्साहित गरिनेछ।<br>४. विद्यालयमा पोषण तथा दिवा खाजा र स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।<br>५. विद्यालय छाड्ने बालबलिकाको कारण पत्ता लगाइ उनीहरुलाई विद्यालय आउन प्रोत्साहित गरिनेछ। |
| २.३ | १. विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर) को व्यवस्था गरिनेछ।<br>२. बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक, विद्यार्थी बीच सुमधुर सम्बन्ध विकास, सिकाइमूखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ ।<br>३. प्रत्येक विद्यालयमा पूर्णरुपमा सुरक्षित सिकाइ वातावरण सिर्जना गरिनेछ।<br>४. आवश्यकता अनुसार विद्यालयहरुको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरिनेछ। |

| | |
|---|---|
| २.४ | १. सिकाइका लागि सूचना तथा प्रविधिको प्रयोग गरी कक्षा कोठामा ICT Lab स्थापना गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गरिनेछ।<br>२. प्रत्येक वर्ष कम्तिमा १५ जना शिक्षकलाई STEAM BASED तालिम र कार्यशालामा सहभागी गराइनेछ ।<br>३. शिक्षण सिकाइ क्रियाकलापमा ICT को प्रयोगमा विस्तार गर्दै प्रविधियुक्त सिकाइलाइ जोड दिइनेछ।<br>४. शिक्षकको कार्य सम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरिनेछ। |
| ३.१ | १.माध्यमिक तहसम्मको विद्यालयमा १३-१६ वर्ष उमेर समूहका सम्पुर्ण बालबालिकाहरू लाइ निशुल्क भर्ना गरिनेछ।<br>२.माध्यमिक शिक्षा प्राप्त गर्न चाहने सबैका लागि निःशुल्क माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.माध्यमिक तहसम्मको शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति, स्टेशनरी सामग्री सहयोग लगायत प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.गाउँपालिकाको निशुल्क शिक्षा कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८०(संशोधन सहित) लाइ प्रभावकारी रूपमा कार्यन्वयन गरिनेछ।<br>५.विद्यालय बाहिर रहेका बालबालिकालांई विद्यालयमा ल्याउन एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३.२ | १. माध्यमिक तहको शिक्षण प्रणालीलाई व्यवहारिक, अनुसन्धनात्मक, सिकाइ मैत्री तथा भयरहित बनाइनेछ।<br>२. विद्यालयको गुणस्तरीय शैक्षिक विकास तथा व्यवस्थापनका लागि सम्पूर्ण सरोकारवालाहरुको अपनत्व वृद्धि गराइनेछ।<br>३. सबल भौतिक पूर्वाधार, दक्ष विषयगत शिक्षक, पर्याप्त सन्दर्भ तथा शैक्षिक सामग्री सहितका विद्यालयहरुको व्यवस्था गरिनेछ।<br>४. विद्यार्थीको शिक्षण सिकाइमा प्रविधिको पहुचँ पुर्याइनेछ ।<br>५. कक्षाकोठाको वातावरण सिकाइमैत्री, अपाङ्गमैत्री, बालमैत्री बनाइनेछ । |
| | १. गाउँपालिकाको प्रत्येक मा. वि. मा फरकफरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षा दिने शिक्षालय स्थापना गर्नमा विशेष जोड दिइनेछ।<br>२. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फ पहुँच विस्तार गर्न छात्रवृत्ति प्रदान गर्नुका साथै क्रमशः साधारण शिक्षा जस्तै निःशुल्क बनाइनेछ, |

| | |
|---|---|
| ३.३ | ३. योग्य,दक्ष र तालिम प्राप्त जनशक्तिलाई प्रशिक्षणमा नियुक्त गर्नुका साथै कार्यरतलाई आवश्यकता र मागका आधारमा पेशागत सीपविकास तालिम प्रदान गरिनेछ<br>४. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई स्वरोजगार बनाउन व्यावसायिक तालिम उपलब्ध गराइनेछ<br>५. मागअनुसार तालिम सञ्चालन गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ<br>६. गाउँपालिकामा प्रर्याप्त मात्रामा कृषि, पशु,र स्वास्थ्य क्षेत्रका प्राविधिक उत्पादनमा जोड दिइनेछ। |
| ३.४ | १.विद्यार्थी सिकाइ उपलब्धि, विद्यार्थी सङ्ख्याको आधारमा विषयगत शिक्षक व्यवस्थापन तथा दरबन्दी मिलान गरिनेछ,<br>२. आवश्यकता अनुसार शिक्षक डायरी, शैक्षिक पात्रो, शिक्षक परिचयपत्र निर्माण, प्रकाशन, वितरण तथा कार्यान्वयन गरिनेछ<br>३. माध्यमिक तहमा STEAM-Approach को माध्यम बाट विद्यार्थीहरूमा व्यवहार कुशल सीपको विकास गर्ने व्यवस्था मिलाइने छ।<br>४. विद्यालयमा कम्प्यूटर ल्याव, पुस्तकालय, विज्ञान प्रयोगशाला बनाउन थप कक्षा कोठाको व्यवस्थापन गरिनेछ।<br>५. गाउँपालिकामा विद्यमान विज्ञान शिक्षकको अभावलाई क्रमशः न्यूनीकरण गर्न आवश्यक पहल चालिनेछ। |
| ४.१ | १. साक्षरता, अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा एवम खुला शिक्षाको माध्यमबाट सिकाइको अवसर प्रदान गरिनेछ।<br>२. गाउँपालिकालाई पूर्ण साक्षर सुनिश्चितता गर्नको लागि घरधुरी सर्वेक्षण गरी साक्षरहरुलाई निरन्तर शिक्षा कक्षा सञ्चालन गरिनेछ।<br>३. खुला तथा दूर शिक्षाका कार्यक्रमहरू सञ्चालनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई जोड दिँदै यसलाई थप प्रभावकारी बनाइनेछ।<br>४. डिजिटल साक्षरता प्रवर्द्धन लागि क्रमशः विविध कार्यक्रम सञ्चालन गरिनेछन्। |
| ४.२ | १. सामुदायिक सिकाइ केन्द्र मार्फत जीवन पर्यन्त सिकाइ तथा निरन्तर शिक्षाको विस्तार गरिनेछ ।<br>२. गाउँपालिमा कम्तिमा एउटा सामुदायिक पुस्तकालय स्थापना गरी आधुनिक सूचना तथा सञ्चार प्रविधियुक्त बनाइनेछ।<br>३. सामुदायिक सिकाइ केन्द्र मार्फत पठन संस्कृतिको विकास र जीवन पर्यन्त सिकाइलाई सुनिश्चित गरिनेछ। |

| | |
|---|---|
| | ४. CLC मार्फत शैक्षिक तथ्याङ्क सङ्कलन, साक्षरता/निरन्तर शिक्षा र विभिन्न आयमूलक, सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| ४.३ | १. समय सान्दर्भिक एवम् गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चितता गर्न औपचारिक, अनौपचारिक, वैकल्पिक, आपतकालिन र खुला शिक्षा प्रणालीको अवलम्बन गरिनेछ। |
| ५.१ | १. विद्यालय तहमा भर्ना भएका सबैलाई विद्यालयमा नियमित गराउन र सम्पुर्ण बालबालिकाहरूलाइ विद्यालयमा ल्याउन भर्ना अभियान कार्यक्रमलाइ सशक्त बनाइ निरन्तर रूपमा सञ्चालन गरिनेछ।<br>२. विद्यालयमा कक्षा छाड्ने दर न्यूनिकरण गर्न र विद्यार्थी टिकाउनका लागि उत्प्रेरणा शिक्षा, सचेतनामुलक र प्रोत्साहनमुलक कार्यक्रम जस्ता अन्य कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| ५.२ | १. विद्यालयमा अभिभावक शिक्षा कार्यक्रमलाई अनिवार्य बनाइ त्यस्को नियमित रुपमा कार्यन्वयन गरिनेछ।<br>२. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्दिमा सहयोग गर्न पालिकास्तरबाटै अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ। |
| ६.१ | १. आवश्यकता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम सञ्चालन र सीप विकास सम्बन्धी कानुनी (कानुन, नियम, निर्देशिकार कार्यविधि तयार) व्यवस्था मिलाइनेछ।<br>२. आधारभूत तथा माध्यमिक तह देखिनै प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनका लागि कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. गाउँपालिका स्तरमा प्राविधिक शिक्षा सम्बन्धी कामलाई एकरुपता गर्नका लागि विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन इकाइको गठन गरी परिचालन गरिनेछ। |
| ६.२ | १. प्राविधिक तथा व्यवसायिक शिक्षा आर्जन गर्न चाहने विपन्न विद्यार्थी, दूर्गम र पिछडिएका क्षेत्रमा बसोबास गर्ने विद्यार्थीलाई आवासको व्यवस्था मिलाइनेछ।<br>२. स्थानीय विशेषता, आवश्यकता र सम्भावनाका आधारमा तोकिएको गुणस्तर मापदण्ड पूरा गर्न सकिने विधाका प्राविधिक तथा व्यावसायिक शिक्षा (डिप्लोमा तह सम्म) का कार्यक्रमहरू सामुदायिक विद्यालयहरू सँगको सहकार्यमा सञ्चालन गरिनेछ।<br>३. गाउँपालिका क्षेत्र भित्र सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास सम्बन्धी सञ्चालित कार्यक्रमहरूमा दलित, अपाङ्ग विपन्न र पिछडिएका व्यक्तिहरूको |

| | |
|---|---|
| | सहभागिता सुनिश्चितताको लागि सहुलियत लगायत छात्रवृत्तिको आवश्यक व्यवस्था मिलाइनेछ। |
| ७.१ | १. सम्पुर्ण विद्यालयमा आगामी ५वर्ष भित्र योग्य, सक्षम, दक्ष र स्वःउत्प्रेरित विषय शिक्षकको व्यवस्था गरिनेछ।<br>२. विद्यार्थी सिकाइ उपलब्धिको आधारमा शिक्षकको मूल्याङ्कन गरी शिक्षकहरूलाई शिक्षण सुधारमा जिम्मेवार र जवाफदेही बनाइनेछ।<br>३. शिक्षकको योग्यता, सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धी, शिक्षण अनुभव, कार्यमूलक अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्द्धनात्मक कार्य र पेसागत जिम्मेवारी तथा जवाफदेहिता बहन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।<br>४. आधारभूत तह कक्षा १-५ मा कक्षा अनुसारको दरबन्दी र शिक्षक व्यवस्थापन गरिनेछ।<br>५. सबै आधारभूत विद्यालयमा क्रमश कम्प्यूटर शिक्षक तथा लेखापालको व्यवस्था गरिनेछ ।<br>६. गाउँपालिकाले उत्कृष्ट नतिजा हाँसिल गरेका विद्यालय र शिक्षकलाइ प्रसंशा / प्रमाण-पत्र, पुरस्कार तथा सम्मान प्रदान गर्नेछ। |
| ७.२ | १. शिक्षण सिकाइमा ICT र STEAM Pedagogy को प्रयोगलाइ बिस्तार गरिनेछ।<br>२. गाउँपालिका र विद्यालयले आवधिक शिक्षण रणनितिक योजना तयार गरी कार्यान्वयन गर्नेछन।<br>३. शिक्षण सिकाइ प्रक्रियामा समयानुकूल सुधार र प्रविधिको उच्चतम् प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ। |
| ८.१ | १. सम्पुर्ण विद्यालयहरूलाई तोकिएको मापदण्डका आधारमा बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री, वातावरणमैत्री र सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ।<br>२. विद्यालयमा पर्याप्त जग्गा, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट र प्राथमिक उपचार वाकसको अनिवार्य प्रबन्ध गर्ने व्यवस्था मिलाइनेछ।<br>३. स्पष्ट मापदण्डका आधारमा सबै विद्यालयहरूको स्तरोन्नति गरी भौतिक पूर्वाधार तथा शैक्षिक सुविधा सम्पन्न विद्यालयको रूपमा विकास गर्दै लगिनेछ। सरकारी तथा गैरसरकारी संस्थाहरूको सहयोगमा जलवायू परिवर्तन, वातावरण संरक्षण, विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुर्नलाभ सम्बन्धी अभिमूखीकरण र व्यवहारिक तालिम सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| ८.२ | १. अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरूको समुचित प्रबन्ध गर्नुका साथै अपाङ्ग मैत्री भौतिक पूर्वाधार र सिकाइ वातावरणको व्यवस्थापन गरिनेछ<br>२. आवश्यकताको आधारमा अपाङ्गता भएका विद्यार्थीहरूको लागि छात्रावास सहितको विशेष विद्यालय सञ्चालन गरिनेछ।<br>३. सबै बालबालिकालाई सक्षम बनाउन बालबालिकाहरूको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको व्यवस्था मिलाइनेछ।<br>४. आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्गको शिक्षामा पहुँच सुनिश्चिचित गर्न छात्रवृत्ति लगायत थप आर्थिक सहुलियत प्रदान गरिनेछ। |
| ८.३ | १. सबै आधारभुत र माध्यमिक विद्यालयहरूमा महिनावारी स्वच्छता तथा ब्यवस्थापन आराम कक्ष (MHM) को लागि छुट्टै कक्षा कोठा र सुविधाको व्यवस्था गरिनेछ।<br>२. किशोरीका लागि सेनेटरी प्याड वितरण, त्यस्को समुचित प्रयोग र विसर्जन कार्यलाई थप सुधार गरिनेछ।<br>३. विद्यालयमा किशोर किशोरीकोलाई मनोसामाजिक परामर्श कार्यक्रम, यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ। |
| ९.१ | १. शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी सेवा कालीन तालिम प्रदान गर्ने प्रबन्ध मिलाइनेछ।<br>२. शिक्षक पुरस्कार र प्रोत्साहन कार्यक्रम लाई सम्बन्धित शिक्षकको योग्यता, सक्षमता, शिक्षण अनुभव, सामाजिक आचरण, पेसा प्रतिको निष्ठा र समर्पण भाव, विद्यार्थीको सिकाइ उपलब्धी लाइ आधार बनाइ लागु गरिनेछ ।<br>३. शिक्षण गरेको विषयमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिको आधारमा शिक्षकलाई थप सुविधा प्रदान गरिनेछ।<br>४. शिक्षक तालिम तथा क्षमता विकासका कार्यक्रमहरू मार्फत शिक्षकको पेशागत क्षमता विकासको अवसर प्रदान गरिनेछ।<br>५. शिक्षकको शैक्षिक योग्यता upgrade गर्नुपर्दा कानुनी प्रावधान बमोजिम प्रारम्भिक बालविकास शिक्षकका लागि कक्षा १२ र आधारभूत तहका लागि स्नातक र माध्यमिक तहका लागि स्नातकोत्तर उत्तीर्ण हुनुपर्ने प्रावधान अनिवार्य बनाइनेछ। |
| | १. स्थलगत र विद्युतीय दुवै माध्यमबाट विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गरिने व्यवस्था मिलाइनेछ।<br>२. परीक्षा तथा मूल्याङ्कनको लेखाजोखा गर्ने तथा नतिजा विश्लेषण गरी सोका आधारमा शिक्षण सिकाइ सुधार योजना तयार गर्ने र कार्यान्वयनमा ल्याइनेछ। |

| | |
|---|---|
| ९.२ | ३. गाउँपालिका बाट विद्यालयको समग्र अवस्था पहिचान र गुणस्तर सुधारका लागि नियमित अनुगमन र मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ।<br>४. गाउँपालिका स्तरीय विषयगत समिति गठन र शिक्षक समूह निर्माण गरी उक्त समूहलाई सम्बन्धित विषयका समस्या सामाधान गर्ने र पेसागत दक्षता अभिवृद्धिका लागि उपयोग गरिनेछ ।<br>५. विद्यालयमा आधारित सुपरिवेक्षण कार्यलाई जोड दिइनेछ।<br>६. गाउँपालिका अध्यक्ष/ उपाध्यक्ष/ शिक्षासमितिको अध्यक्षको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत, शिक्षाप्रमुख, वडाध्यक्ष, विषयगत रोष्टर शिक्षक र शिक्षा समिति सदस्य समेत रहेको विद्यालय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी शैक्षिक गुणस्तर सुधारका गतिविधिहरू सञ्चालन गरिनेछ। |
| ९.३ | १. शिक्षकहरुलाई पेशागत सहयोग गर्न प्रधानाध्यापक तथा आधारभूत तह इन्चार्जलाई थप जिम्मेवार बनाइनेछ।<br>२. आवश्यकता अनुसार नवप्रवर्तन, सूचना प्रविधिमैत्री क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।<br>३. साझेदारी निकाय र संघ संस्थाको सहकार्यमा मनोसामाजिक परामर्शको तालिम व्यवस्थापन गरिनेछ।<br>४. शिक्षा तालिम केन्द्र तथा अन्य संस्थाहरुले आयोजना गरेका पेसागत विकास तालिममा शिक्षकहरूलाई अनिवार्य सहभागी गराइनेछ।<br>५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका शिक्षा क्षेत्रका नविनतम विधिलाई शिक्षकको क्षमता विकास सम्बद्ध बनाउन विभिन्न तालिम, गोष्ठी र कार्यशाला सञ्चालन गरिनेछ। |
| ९.४ | १. आधारभूत तहको कक्षा एक देखि तीन सम्म एकीकृत पाठ्यक्रममा आधारित मुल्याङकन पद्धति अपनाइनेछ।<br>२. परियोजनाकार्य, कक्षा सहभागिता,साहित्य, कला तथा सिर्जना, अतिरिक्त क्रियाकलाप, सिकारुको खोजमूलक तथा सिर्जनात्मक कार्यलाई अभिलेखीकरण गरी तिनलाई परीक्षण र मूल्याङ्कनका साधनका रूपमा विकास गर्दै लगिनेछ ।<br>३. आधारभूततह (कक्षा ५ र कक्षा ८) को बार्षिक परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गाउँपालिका बाटै गरिनेछ भने कक्षा ३ को वडास्तरीय बार्षिक परीक्षा सञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ। |
| १०.१ | १. सामुदायिक र संस्थागत एवम निजी विद्यालयका असल अभ्यासहरू र अनुभव आदान प्रदान गरी अवलम्बन गरिनेछ । |

| | |
|---|---|
| | २. विद्यालय शिक्षातर्फ कम्पनीको रुपमा सञ्चालित संस्थागत तथा निजी लगानीका शिक्षण संस्थाहरूलाई प्रभावकारी नियमन गरिनेछ । |
| १०.२ | १. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न बिद्यालय ब्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र कर्मचारी बिच कार्यसम्पादन सम्झौता गरिनेछ।<br>२. गाउँपालिकाबाट प्रधानाध्यापकको र प्रधानाध्यापक बाट शिक्षक, बालबिकास शिक्षक र कर्मचारीको TOR कार्यशर्त विवरण तयार गर्ने र सोको कार्यन्वयनमा जोड दिइनेछ।<br>३. सबै तह र प्रकारका शिक्षण संस्थामा काम गर्ने प्रधानाध्यापक, शिक्षक, कर्मचारी र पदाधिकारीको पेसागत आचार संहिता तयार गरी लागू गरिने र सो अनुसार भए नभएको अनुगमन गरिनेछ । |
| ११.१ | १. संघ र प्रदेश सरकार मार्फत शिक्षामा प्रयाप्त मात्रामा बजेट विनियोजन गर्न आवश्यक पहल गरिनेछ।<br>२. प्रत्येक बर्ष शिक्षाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा क्रमशः बजेट वृद्धि गर्दै लगिनेछ । |
| ११.२ | १. प्रत्येक बर्ष विद्यालयमा अभिभावक शिक्षा र सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न स्पष्ट कार्ययोजना बनाइ लागु गरिनेछ।<br>२. समतामुलक पहुँच सहितको समावेशी र बिशेष शिक्षा कार्यन्वयन गर्ने सन्दर्भमा कार्ययोजना बनाइ सबै सामुदायिक विद्यालय र अभिभावक विचको सम्बन्ध सुधार गर्ने क्रियाकलापहरू आयोजना गरिनेछ। |
| ११.३ | १. शिक्षक विद्यार्थी अनुपात, सञ्चालित कक्षा र भौगोलिक अवस्थालाई दृष्टिगत गर्दै वस्तुनिष्ठ तरिकाले निश्चित मापदण्डका आधारमा शिक्षक दरबन्दी मिलान तथा पुन र्वितरण कार्य गरिनेछ।<br>२. विद्यमान शिक्षक दरबन्दी अपुग भएमा गाउँपालिकाले स्थानीय दरबन्दीमा थप नयाँ शिक्षक ब्यवस्थापन गर्नेछ।<br>३. मौज्दात शिक्षक दरबन्दी र गाउँपालिकाले थप गरेको दरबन्दीको विषयगत हिसावले फेहरिष्त तयारी गरी विज्ञापनका लागि शिक्षक सेवा आयोगमा पठाइनेछ।<br>४. विज्ञापन आह्वन गरी विद्यालयमा योग्य,दक्ष र क्षमतावान व्यक्ति छनौट गरी शिक्षक नियुक्त गरिनेछ ।<br>५. संघीय सरकार बाट थप दरबन्दी प्राप्त नभएसम्मका लागि गाउँपालिकाले ब्यवस्थापन गरेको पालिकाको करार शिक्षकलाइ निरन्तरता दिइनेछ। |

| | |
|---|---|
| | ६. गाउँपालिका भित्रका विद्यालयमा प्रत्येक ५/५ बर्षमा शिक्षकलाइ चक्रिय रूपमा सरूवा गर्ने प्रणाली लागु गरिनेछ। |
| १२.१ | १. विद्यालयहरुमा अपाङ्गता मैत्री, लैङ्गिक मैत्री, वातावरणमैत्री र सुरक्षित भौतिक पुर्वाधार एवम संरचनाको विकास र निर्माण कार्यमा जोड दिइनेछ।<br>२. गाउँपालिकामा जोखिमयूक्त पूर्वाधारहरुको प्रयोगलाई क्रमशः न्यूनीकरण गरिनेछ।<br>३. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापनको प्रारूप विकास गरिनेछ।<br>४. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न सरकारी र गैरसरकारी संघ संस्था सँग लागत साझेदारी गरिनेछ।<br>५. गाउँपालिका कार्यालयबाट विद्यालयका अधुरो भौतिक र शैक्षिक संरचनाको सम्वर्द्धन तथा मर्मत सम्भार गरिनेछ। |
| १२.२ | १. विद्यालयमा सुरक्षित र स्वतन्त्र रूपमा बालमैत्री वातारणमा सिक्ने अवसर एवम् वातावरण तयार गर्न प्रत्येक बर्ष निश्चित मापदण्ड र संख्या अनुसार विद्यालयलाइ बालमैत्री विद्यालय बनाइनेछ।<br>२. शान्ति क्षेत्र घोषणा भइसकेका सम्पुर्ण विद्यालयलाइ सुरक्षित सिकाइ केन्द्रको रूपमा स्थापति गर्दै बालबालिकाको मौलिक सृजनात्मक एवम रचनात्मक क्षमता अभिवृदि गर्ने क्रियाकलापहरू सञ्चालन गरिनेछ। |
| १३.१ | १. विज्ञान विषयको शिक्षणलाई व्याबहारिक र प्रयोगात्मक पक्षमा जोड दिदै विद्यार्थीमा वैज्ञानिक अध्ययन र चिन्तन मनन् गर्ने बानीको विकास गरिने छ।<br>२. विज्ञान बिषयलाइ कला र गणित बिषयसँग जोड्दै तद अनुरूप वैज्ञानिक चिन्तन र सोच बमोजिम शिक्षण गर्न लगाइनेछ। |
गेरुवा गाउँपालिकाको सन्दर्भमा कक्षा १ –१० सञ्चालित १ वटा विद्यालय तथा कक्षा १ –१२ सञ्चालित ४ वटा विद्यालय गरी जम्मा ५ वटा सञ्चालनमा रहेका छन भने जसमध्य (कक्षा ९-१२) सञ्चालित १ मात्र नमुना सामुदायिक माध्यमिक विद्यालय रहेको छ ।यस गाउँपालिकामा ५ वटा सामुदायिक र २ वटा संस्थागत गरी जम्मा ७ वटा माध्यमिक विद्यालय रहेका छन् । शैक्षिक सत्र २०८१ अनुसार यस पालिका भित्र माध्यमिक तह अध्ययन गर्ने जम्मा विद्यार्थी सङ्ख्या १४७० रहेको छ जसमा छात्राको संख्या अधिक रहेको छ। जसलाई तलको तालिकामा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नँ २५**

## माध्यमिक शिक्षा (कक्षा ९-१२) शैक्षिक सत्र २०८०

| क स | सूचकहरू | वर्तमान अवस्था | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय संख्या | ५ | |
| २ | संस्थागत विद्यालय संख्या | २ | |
| ३ | सामुदायिक विद्यालय (कक्षा ९-१०) शिक्षक संख्या | ३५ | |
| ४ | सामुदायिक विद्यालय (कक्षा ११-१२) शिक्षक संख्या | २० | |
| ५ | सामुदायिक विद्यालय विद्यार्थी संख्या | १४७० | |
| ७ | कक्षा ९-१२ सम्म विद्यालय/ शिक्षक अनुपात | १:११ | |
| ८ | कक्षा ९-१० शिक्षक विद्यार्थी अनुपात | १:२६ | |
| ९ | कक्षा ११-१२ विद्यार्थी विद्यार्थी अनुपात | १:२८ | |
| १० | कक्षा ९-१२ विद्यार्थी विद्यार्थी अनुपात | १:२७ | |
| ११ | कक्षा ९-१० कुल भर्ना दर (GER) | ९०.९ | |
| १२ | कक्षा ९-१० खुद भर्ना दर (NER) | ६९.९ | |
| १३ | कक्षा ९-१२ कुल भर्ना दर | ७३.९ | |
| १४ | कक्षा ९-१२ खुद भर्ना दर | ५०.५ | |
| १५ | कक्षा ११-१२ कुल भर्ना दर | ५५.६ | |
| १६ | कक्षा ११-१२ खुद भर्ना दर | २९.८ | |
| १७ | कक्षा १० मा टिकाउ दर | | |
| १८ | कक्षा ९-१० छाड्ने दर (Droupout) | २.४ | |
| १९ | कक्षा ११-१२ छाड्ने दर (Droupout) | ०.२ | |
| २० | कक्षा ९-१० दोहोरयाउने दर (Repetition) | ३.० | |
| २१ | कक्षा ११-१२ दोहोरयाउने दर (Repetition) | ० | |
| २२ | कक्षा ९-१० लैङ्गिक समता सूचकाङ्क (GPI) | १.३२ | |
| २३ | कक्षा ११-१२ लैङ्गिक समता सूचकाङ्क (GPI) | १.९३ | |
| २४ | कक्षा ९-१२ लैङ्गिक समता सूचकाङ्क (GPI) | १.५१ | |
| २५ | कक्षा ९-१० उतिर्ण दर (Promotion) | ९५.९ | |
| २६ | कक्षा ११-१२ उतिर्ण दर (Promotion) | ९१.४ | |
| २७ | कक्षा १० उतिर्ण दर (Promotion) | ९०.९ | |
| २८ | कक्षा १२ उतिर्ण दर (Promotion) | १०० | |
| २९ | कक्षा १० छाड्ने दर (Dropout) | ०.१ | |

माध्यमिक विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरूको क्षमता वृद्धि गर्नु अति आवश्यक देखिन्छ । शिक्षण सिकाई विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरूलाई नविनतम प्रविधिसँग जोड्नुपर्छ। संविधान अनुसार यस गाउँपालिकाले माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गरेतापनी त्यस्को प्रभावकारी कार्यन्वयनमा चुनौती देखिन्छ । शिक्षक तथा कर्मचारीका लागि पर्याप्त मात्रामा तालिम तथा अध्ययन भ्रमण, प्रअ को लागि नेतृत्व विकास सम्बन्धी तालिमहरू सञ्चालन गर्न सकिएको छैन । विभिन्न ढङ्गले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन । सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै सुदृढ गर्नुपर्ने आवश्कता छ । शिक्षकको पेशागत दक्षतामा अभिबृद्धि गरी सक्षम र नेतृत्वदायी प्रधानाध्यापक बनाउन प्रअ नेतृत्व विकास सम्बन्धी तालिमहरू सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा नेपाल सरकारको स्वीकृत विषयगत शिक्षक दरवन्दि कम रहेको छ र विद्यालयहरूले नीजि स्रोतबाट र गाउँपालिकाले स्थानीय दरबन्दिमा गाउँपालिका करार शिक्षकको व्यवस्थापन गर्नुपर्ने बाध्यता छ ।उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरू देखिन्छन ।

१. संवैधानिक व्यवस्था भएबमोजिम सबै बालबालिकाहरुका लागि निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गरि कार्यान्वयन गर्न ,
२. शिक्षकको पेशागत वृत्ति विकास गर्न,
३. कक्षा १० विद्यार्थीहरूको सिकाइ उपलब्धी अभिवृद्दि गर्न ,
४. प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्न,
५. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पहुँच विस्तार गर्न ,
६. सिकाइको गुणस्तर सुधार गरी सिकारुको सिकाइमा सुधार ल्याउन,
७. शिक्षक विद्यार्थी अनुपात तथा विषयगत रुपमा शिक्षक दरबन्दीको व्यवस्था गर्न,
८. माध्यमिक तहमा गुणस्तरीय रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न,

नेपालको संविधानले माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको व्यवस्था गरी यस तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गर्नु, स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी समायोजन भई कार्यसम्पादनमा संलग्न रहनु, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनमा आउनु, शिक्षामा सूचना र प्रविधिको प्रयोगमा बृद्धि हुनु, शिक्षामा तीनै तहको सरकारको सहकार्य हुनु अवसरका रुपमा लिन सकिन्छ।

### ३.३.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

माध्यमिक शिक्षामा सबै बालबालिकाकाको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशिल, रोजगारोन्मूख, सकारात्मक चिन्तनयुक्त, सदाचार, स्वावलम्बी, उत्पादनशिल तथा उत्पादनमुखी जीवनोपयोगी सीप क्षमता भएका जनशक्ति तयार गर्ने ।

**उद्देश्यहरु**

१. आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई सीपमूलक र प्रविधियुक्त गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्नु ।
२. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
४. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु
५. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरुलाई सरल दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउनु
६. माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विद्यार्थीहरुको आधारभूत सीप प्राप्तिको सुनिश्चित गरी किशोरकिशोरीहरुलाई विभिन्न सीप हासिल गर्न सहयोग गर्नु।

**३.३.३ रणनीतिहरु**

१. गाउँपालिकाको निशुल्क शिक्षा कार्यन्वयन कार्यविधि २०८० बमोजिम विद्यार्थीहरूको आवश्यकता तथा सबैको पहुँच हुनेगरी माध्यमिक शिक्षा निःशुल्क संचालनको व्यवस्था मिलाइनेछ ।
२. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरिनेछ । कक्षागत क्रियाकलापहरु संचालन गर्दा व्यवहारिक, प्रयोगात्मक कक्षाको माध्यमद्वारा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ।
३. माध्यमिक तहको शिक्षण सिकाई क्रियाकलापमा समलोचनात्मकता,रचनात्मकता, सिर्जनशिलता र उत्पादनशिलतालाई जोड दिइनेछ ।
४. हाल संचालनमा रहेका ५ वटा सामुदायिक माध्यमिक विद्यालयहरुमा दैनिक जीवनमा आवश्यक पर्ने र पेशागत तथा व्यवसायिक सीप विकासका लागि कार्यशाला सञ्चालन गरिनेछ
५. विद्यालयमा ICT को प्रयोग र त्यस्को शिक्षण सिकाइमा प्रभावकारिता लाइ अध्ययन गरी माध्यमिक तहका शिक्षकहरूलाइ ल्यापटपको अनिवार्य ब्यवस्था गर्न विद्यालयलाइ अनुदान उपलब्ध गराउने।

६. विद्यार्थीहरुमा उद्यमसिलता र व्यवसायिकताको विकास गर्न तरकारी तथा फलफुल खेती (पढ्दै कमाउदै) कार्यक्रमको लागि गाउँपालिकाले एउटा उद्यम र व्यवसायिक कोषको व्यवस्था गर्नेछ।

७. माध्यमिक तहमा विद्यार्थी शिक्षकको अनुपातमा शिक्षक दरबन्दी, बिषयगत शिक्षक मिलान र दक्ष विषय शिक्षकको व्यवस्था गरिनेछ ।

८. शिक्षक तालिम, कक्षा अवलोकन तथा पृष्ठपोषण र सिकाइ अनुभव आदान प्रदान, समीक्षा,शैक्षिक डायरी तथा पठनसामग्री सहयोग लगायतका माध्यमबाट शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गरिनेछ ।

९. शिक्षा सरोकारवालाहरूलाइ उत्प्रेरणामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०. मा.वि.तहको कक्षा ९-१२ मा विज्ञान/गणित/व्यवस्थापन/कानुन/लेखा लगायतका अन्य महत्वपूर्ण बिषयहरु पनि अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइ शिक्षण सिकाइ पद्धतिमा सुधार गरिनेछ ।

११. प्रत्येक विद्यालयमा उपलब्ध इन्टरनेट सेवाको प्रभावकारी प्रयोग एवम कार्यान्वयन गर्नेगरी सूचना तथा सञ्चार प्रविधिको विस्तार गरिनेछ ।

१२. विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाइनेछ ।

१३. सूचना प्रविधि र विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको ICT Lab र विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।

१४. प्रधानाध्यापक छनोटको कार्यविधि बनाइ योग्य, सक्षम र अनुभवी प्र.अ.को व्यवस्था गरिनेछ

१५. आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।

१६. स्थानीय स्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाव्यता अध्ययन गरी सीप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण र प्रभावकारी कार्यान्वयन गर्ने।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. माध्यमिक शिक्षामा सबैको सहभागिता सुनिश्चित भई गुणस्तरमा सुधार हुनेछ।

**ख) प्रमुख नतिजाहरु**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ५०.५ | ५२.५० | ५५ | ५८ | ६० |

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| २ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | स्थानीय | ७३.९ | ७५ | ७७.० | ७९ | ८१ |
| ३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.५१ | १.४५ | १.४० | १.३० | १.२५ |
| ४ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ६५.० | ६७ | ६८ | ७० | ७२ |
| ५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | ३०.० | ३२.० | ३४.० | ३६.० | ३७.० |
| ६ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | १३.३६ | १४ | १७.० | २०.० | २२.० |

## ग) प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यन्वयन प्रकिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | निःशुल्क माध्यमिक शिक्षा कार्यन्वयन | संघ, प्रदेश गापा र दातृ निकाय | शिक्षा सरोकारवालाहरू सबैको सहयोग, समन्वय र सहकार्यमा गाउँपालिकाको निःशुल्क शिक्षा कार्यक्रम कार्यन्वयन कार्यविधि २०८० लाइ लागु गर्ने | निरन्तर | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | व्यवहारिक सिकाइ | विद्यालय,शिक्षक | प्रत्येक विषयमा विद्यार्थीको सिकाइलाई व्यवहारिक र जीवनोपयोगी बनाउनका लागि शिक्षकहरुको विभिन्न विषयगत समितिहरु बनाएर गोष्ठी, कार्यशाला, तालिम आदि सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ |
| ३ | भौतिक पूर्वाधार, शैक्षिक तथा सन्दर्भ सामग्रीको व्यवस्थापन | संघ, प्रदेश, गाउँपालिका तथा वडा कार्यालय | विद्यालयको आवश्यकता पहिचान, माग सङ्कलन, भौतिक पूर्वाधार निर्माण, विद्यालय नक्साङ्कन र समायोजन, विद्यालयमा आवश्यक शैक्षिक समाग्रीको वितरण | विद्यालय | १ | १ | १ | १ | १ |
| ४ | शिक्षक दरबन्दी मिलान र विषयगत शिक्षक व्यवस्थापन | गाउँपालिका वडा कार्यालय र विद्यालय | मौजुदा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी मिलान र विषयगत शिक्षक व्यवस्थापनको लागि कार्यविधि निर्माण गरेर कार्यन्वयन गर्ने | पटक | ० | १ | ० | ० | ० |
| ५ | विद्यालयको मर्मत सम्भार र रंगरोगन | गाउँ पालिका र विद्यालय | विद्यालयलाई तोकेको मापदण्ड बमोजिम पहेलो रंगरोगन गर्ने र जीर्ण भवनलाई मर्मत सम्भार गर्ने | विद्यालय | ० | २ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विज्ञान, प्रयोगशाला पुस्तकालय, र ICT Lab स्थापना र स्तरोन्नति | गाउँपालिका र वि.व्य.स. र विद्यालय | प्रत्येक माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT Lab स्थापना र स्तरोन्नतिलागि गाउँपालिका र संघसंस्थाहरूले विद्यालयहरुलाई सहयोग गर्ने | विद्यालय | १ | १ | १ | १ | १ |
| ४ | विद्यालय सुपरीवेक्षण र शिक्षक पेशागत सहयोग | गाउँपालिका तथा वडा कार्यालय | विषयगत रोष्टर शिक्षकको गठन, तालिम, कार्यशाला, अनुगमन, पृष्ठपोषण, बिषयगत शिक्षक समुह निर्माण र अन्तर्क्रिया, शैक्षिक अवलोकन भ्रमण सञ्चालन गरेर | २ वर्षको १ पटक | १ | १ | १ | १ | १ |
| ५ | शिक्षा सरोकारवाला हरुसँग समन्वय, सहकार्य र अन्तरक्रिया | विद्यालय तथा गाउँपालिका | गाउँपालिका र विद्यालयले शिक्षा सरोकारवाला हरुसँग बैठक, गोष्ठी, अन्तरक्रिया र छलफल कार्यक्रम सञ्चालन गरेर | पटक | १ | १ | १ | १ | १ |
| ६ | करियर काउन्सिलिङ र परामर्श सेवा | गाउँपालिका वडा, विद्यालय, शिक्षक | विद्यार्थीहरु लाई दैनिक जीवनका व्यवहारिक समस्या र तिनको समाधान, विद्यार्थीको भविष्य र जागरि प्राप्त गर्नसक्ने बिषयक्षेत्रका बारेमा सम्बन्धित विज्ञ, शिक्षक | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | वा समुदायका अन्य अनुभवी प्रशिक्षक/व्यक्तिले आफ्नो अनुभवजन्य परामर्श दिने व्यवस्था मिलाउने | | | | | | |
| ७ | विद्यालयको वेभसाइट निर्माण गर्ने | गाउँ पालिका र विद्यालय | विद्यालयको भौतिक आर्थिक शैक्षिक र अन्य गतिविधिलाई वेभ वेसमा अभिलेखीकरण गरी सुशासन कायम गर्ने | पटक | ० | २ | २ | १ | ० |
| ८ | गणित, विज्ञान र अङ्ग्रेजी विषय शिक्षकको क्षमता अभिवृद्धि कार्यक्रम | गाउँपालिका र संघ संस्था | गाउँपालिका, वडा कार्यालय र संघ संस्था मार्फत गणित,विज्ञान र अङ्ग्रेजी विषय शिक्षक तालिम,कार्यशाला,गोष्ठी सञ्चालन तहगत विषयगत समितिहरूको अन्तर्किया र अनुभव आदान प्रदान | निरन्तर | १ | १ | १ | १ | १ |
| ९ | E-learning जस्ता प्लेटफर्म तथा सफ्यटवेयर को विकास र प्रयोग | गाउँ पालिका र विद्यालय | सबै विद्यालयमा इन्टरनेटको पहुँचको सुनिश्चितता गर्दै कम्प्युटर, प्रोजेक्टर, वाइफाई इ-लर्निंगको वातावरण तयार गर्ने, Artifical Intelligence (AI) र इ-लर्निंगबाट सिक्ने सिकाउने वातावरण तयार गरी भर्चुअल | पटक | ० | ० | १ | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कक्षाको समेत व्यवस्थापन गर्ने | | | | | | |
| १० | नमुना माध्यमिक विद्यालयको स्तरोन्नति | विद्यालय र गाउँपालिका | नमुना माध्यमिक विद्यालयमा आवश्यक पूर्वाधार विकास गर्दै विद्यालयको स्तरउन्नति गराउने | वटा | ० | १ | ० | ० | ० |
| ११ | माध्यमिक तहको शिक्षामा पहुँच वृद्धि गर्ने | गाउँपालिका | प्रत्येक वडाको माध्यमिक विद्यालयमा कक्षा ११ र १२ सम्म सञ्चालन गर्ने ब्यवस्था मिलाउने | पटक | ० | ० | १ | ० | १ |
| १२ | पढ्दै कमाउदै कार्यक्रम लागु गर्ने | गाउँ पालिका र विद्यालय | प्राविधिक धारतर्फ कृषि बालिविज्ञान संचालन गरेको मा.वि. को बिशेष अगुवाईमा गेरुवा गाउँपालिकाको प्रत्येक आधारभूत तथा माध्यमिक विद्यालयमा तरकारी खेती माछा पालन लगायतका अन्य कार्यक्रम संचालन गर्ने | निरन्तर | | | | | |
| १३ | सिकाइ उपलब्धि र टिकाउ दर वृद्धि गर्ने | विद्यालय र गाउँपालिका | नेपाली, अंग्रेजी, गणित विज्ञान र सामाजिक बिषयको विशेष सहायता कक्षा, अतिरिक्त कक्षा नियमित संचालन गर्ने | निरन्तर | | | | | |
| १४ | उत्कृष्ट विद्यालय शिक्षक | गाउँपालिका र वडा कार्यालय | उत्कृष्ट शिक्षक तथा कर्मचारी, विद्यार्थी, एवम् विद्यालय छनोट कार्यविधि बनाइ | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वि.व्य.स. लाई सम्मान तथा पुरस्कार | | निर्धारित मापदण्डका आधारमा छनोट भएको विद्यालय, शिक्षक, कर्मचारी र वि.व्य.स. पदाधिकारिलाई सम्मान तथा पुरस्कृत गर्ने | | | | | | | |
| १५ | कक्षाकोठामा आधारित मूल्याङकन | गाउँपालिका तथा विद्यालय | कक्षाकोठामा आधारित मूल्याङकन प्रणालीलाइ ब्यवहारीक रूपमा कार्यन्वयन गर्ने र विद्यार्थीको कक्षागत सिकाइ उपलब्धी परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | |

## ३.४ प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम

**परिचय**

नेपालको संविधान सँगसँगै सोह्रौ योजना को **"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दीगो उत्पादन तथा उत्पादकत्त्व तय गरेको र त्यसका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तह देखि नै समेट्न खोजिएको छ। सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दीगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढंगमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ। यस प्रकारको शिक्षाको विकासले गाउँपालिकामा सीपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम् स्वरोजगारको अवसरहरु सिर्जना भई विदेशिने युवाहरु आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ।

बोलि खाने भन्दा गरी खाने शिक्षा अहिलेको आवश्यकता हो। पछिल्लो समय नेपालमा बेरोजगारीको समस्या बढ्दै गैरहेको छ। ब्याप्त बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न निकै चुनौती थपिएको छ। शिक्षाले गरिखाने सीप सिकाउन सकेन भने शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने केन्द्र मात्र बन्ने निश्चित छ। तसर्थ समय सुहाउँदो प्राविधिक शिक्षा हरेक मा.वि.मा संचालन हुन नितान्त आवश्यक छ।

### ३.४.१ वर्तमान अवस्था

वर्तमान समयमा यस गेरुवा गाउँपालिकाको एकप्रिय राठोर माध्यमिक विद्यालय पाताभारमा प्राविधिक धार तर्फको कक्षा सञ्चालनमा रहेको छ। जसमा शैक्षिक सत्र २०७६ देखि कृषि बालिबिज्ञान विषयमा अध्यापन सुरु भएको थियो।हाल कक्षा १२ सम्म सञ्चालन भइरहेको छ।त्यस विद्यालयमा सहायक प्रशिक्षक र प्रशिक्षक गरी ८ जना शिक्षक र १ जना ल्याव असिस्टेन्सकार्यरत रहेका छन। शैक्षिक सत्र २०८१ को अभिलेख बमोजिम त्यस विद्यालयमा हाल १०० जना विद्यार्थी अध्ययनरत रहेका छन्।

संघीय संरचनामा विद्यालयको शिक्षासँगसँगै प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका लागि स्थानीय तहमा नीति, कार्यक्रम, समन्वय, सहयोग तथा व्यवस्थापन गर्ने संरचना र जिम्मेवारीको संयन्त्र विकास गर्नु, सार्वजनिक निजी साझेदारीको माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको, बजारको माग र तालिम प्राप्त जनशक्तिको मेल हुने प्रणाली स्थापित गर्नु प्राविधिक तथा व्यावसायिक शिक्षाको मुख्य चुनौतीहरु हुन्।

प्राविधिक तथा व्यावसायिक तालिम परिषद, ऐन, नियमावलीका साथै माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको संरचना, कार्यक्रम र कार्यान्वयन हुनु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार, छात्रवृत्ति लगायतका सहायता प्रणालीको व्यवस्थापन, निजी क्षेत्रको संलग्नता बढ्नु, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेट्नु, स्थानीय पालिकाहरुका कृषि, पशु, स्वास्थ्य जस्ता पुर्वाधार विकास शाखाहरुको सक्रियता केही अवसरहरु हुन्।

### ३.४.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई पहुँच पुर्याई सीपयुक्त एवम् उत्पादनशिल जनशक्ति उत्पादन बढाउने।

**उद्देश्यहरु**

१. गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको नियमन, व्यवस्थापन र दीगो स्रोत व्यवस्थापनका लागि संयन्त्र विकास गर्नु।
२. विद्यालय शिक्षाबाट बाहिर आएका, आउन सक्ने र व्यावसायिक तथा प्राविधिक शिक्षामा रहर भएका किशोर किशोरी तथा युवा युवतीहरुलाई रोजगार एवम स्वरोजगार हुन सहयोग गर्ने छोटो तथा लामो अवधिको व्यावसायिक र प्राविधिक सीपको तालिम प्रदान गर्नु ।
३. पढ्दै कमाउदै कार्यक्रम लाइ निरन्तरता दिदै थप प्रभावकारी र ब्यवस्थित बनाउदै लैजानु ।

४. आवश्यकता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम सञ्चालन र सीप विकास सम्बन्धी कानुनी व्यवस्था (कानुन, नियम, निर्देशिका र कार्यविधि निर्माण) मिलाइनेछ।
५. आधारभूत तथा माध्यमिक तह देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनका लागि कार्यक्रम सञ्चालन गरिनेछ,
६. प्राविधिक तथा व्यवसायिक शिक्षा आर्जन गर्न चाहने विपन्न विद्यार्थी, दूर्गम र पिछडिएका क्षेत्रमा बसोबास गर्ने विद्यार्थीलाई आवासको व्यवस्था मिलाइनेछ,
७. गाउँपालिका स्तरमा प्राविधिक शिक्षा सम्बन्धी कामलाई एकरुपता गर्नका लागि विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन इकाइको गठन गरी परिचालन गरिनेछ।
८. स्थानीय स्तरका विद्यार्थिलाई प्राविधिक तथा व्यावसायिक शिक्षामा आकर्षण गर्नुको साथै सिप विकासका अवसर सृजना गर्नु

### ३.४.३ रणनीतिहरु

१. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, सानोठिमी भक्तपुरसंग समन्वय गरेर गाउँपालिकामा एउटा वहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ।
२. गाउँपालिकाका बेरोजगार युवाहरुलाई समय समयमा स्थानीय तहमा उपलब्ध भएका तथा बाहिरबाट बोलाइएका स्रोत व्यक्तिबाट परामर्श दिने व्यवस्था गर्ने ।
३. स्थानीय स्तरमा स्वरोजगार हुन चाहनेहरुलाई पुँजी व्यवस्था तथा अन्य काममा सहयोग गर्ने
४. आर्थिक रुपमा पिछडिएका, महिला, आदिवासी ,जनजाती, दलित, अपाङ्गता भएका व्यक्ति एवम् लक्षित समूह तथा युवाहरुलाई छात्रवृत्ति लगायतका सहायता प्रणालीबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा आकर्षित गर्ने
५. सामुदायिक विद्यालयमा सञ्चालनमा रहेको प्राविधिक धारको शिक्षा कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय साधन स्रोत सहित व्यवस्थापन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने
६. योग्य, दक्ष र तालिम प्राप्त जनशक्तिलाई प्रशिक्षणमा नियुक्त गर्नुका साथै कार्यरतलाई आवश्यकता र मागका आधारमा पेशागत सीप विकास तालिम प्रदान गरिनेछ,
७. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई स्वरोजगार बनाउन व्यावसायिक तालिम उपलब्ध गराइनेछ
८. माग अनुसार तालिम सञ्चालन गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ
९. गाउँपालिकामा प्रयाप्त मात्रामा कृषि ,पशु र स्वास्थ्य प्राविधिक उत्पादनमा जोडदिइनेछ।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षा धारको पढाइलाई व्यावहारिक र सीपमा आधारित बनाउन व्यवस्थित प्रयोगात्मक स्थल निर्माण गरी प्रयोगात्मक पक्षमा जोड दिने र यसका लागि सुविधायुक्त प्रयोगशालाको प्रबन्ध गरिनेछ ।
११. विभिन्न संघ संस्थाको समन्वय र पालिकाको आफ्नै कोषमा पढ्दै कमाउदै कार्यक्रमलाइ अगाडि बढाइनेछ।
१२. गाउँपालिका भित्र सञ्चालित प्राविधिक शिक्षा कार्यक्रमहरूमा स्थानीय विद्यार्थीलाई आकर्षण गर्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
१३. उत्पादनमूलक जनशक्ति उत्पादनका लागि विभिन्न कार्यक्रम तथा बजेटको व्यवस्था र उत्पादित जनशक्तिले स्थानीय तहमै अनिवार्य सेवा गर्न प्रोत्साहन कार्यक्रम ल्याइनेछ ।
१४. तालिम प्राप्त प्रशिक्षकहरुलाई आकर्षण गर्नका लागि विभिन्न सेवा सुविधामा वृद्धि तथा पेशागत सुरक्षा र स्थायित्व ल्याइनेछ।
१५. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय गरिनेछ ।
१६. अगामी ५ बर्षभित्रमा कुनै एक माध्यमिक विद्यालय वा कुनै एक छुट्टै स्थानमा प्राविधिक तथा ब्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धी**

लक्षित समूह तथा युवाहरुलाई समतामूलक, समावेशी र समन्यायिकरुपमा प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच पुर्याउने।

**ख) प्रमुख नतिजाहरु**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | निश्चित मापदण्ड निर्माण गरि सोका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा ग्रहण गर्न चाहने लक्षित वर्गका युवाहरुलाइ छात्रवृति द्धारा प्रोत्साहन गरिने | युवाको सङ्ख्या | ० | ५ | ८ | १० | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | गाँउपालिका तथा ग्रैह सरकारी सँस्था मार्फत तालिम प्राप्त युवाहरु मध्य कम्तिमा ७० प्रतिशत युवाहरुले जिल्ला स्तरमा रोजगारी गरेका हुनेछन् | प्रतिशत | ० | ५० | ५५ | ६० | ६५ |
| ३ | सीपमुलक तालिम प्राप्त गरि रोजगार अथवा व्यवसायमा लागेका युवाहरु मध्य कम्तिमा ८० प्रतिशत युवाहरुले मासिक रु १८००० आमदानी गरेका हुनेछन् | निरन्तर | | | | | |
| ४ | युवाहरुले इच्छयाएको सिप सिक्नका निम्ति ग्रैह सरकारी सँस्था सँग सहकार्य गरिन्छ | सीपको सङ्ख्या | ० | १ | १ | १ | १ |
| ५ | गेरुवा गाँउपालिका भित्र रहेका अन्य व्यवसायिक दक्ष तथा क्षमतावान फर्म तथा सिपहरुको पहिचान गरि रोष्टर तयार गरिनेछ | पटक | ० | १ | ० | ० | १ |
| ६ | सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमलाई प्रभावकारी , गुणस्तरीय रसाधन स्रोत सम्पन्नरुपमा व्यवस्थापन गर्ने। | स्थानीय | ० | १ | ० | ० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | गाउँपालिकाअन्तर्गत एउटा बहुप्राविधिक शिक्षालय स्थापना र विकास हुने | स्थानीय | ० | ० | ० | १ | ० |
| ८ | बजारमा कस्तो किसिमको जनशक्तिको माग रहेको बारे विस्तृत अध्ययन भएको हुनेछ तथा सोका आधारमा सीपमुलक तालिम प्रदान गरिनेछ | पटक | ० | १ | ० | ० | ० |
| ९ | तालिम प्रदायक सँस्थालेनै युवाहरुको रोजगारीको सुनिश्चितता गर्ने गरि प्रणालीको बिकास गरिनेछ | निरन्तर | | | | | |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यान्वयन प्रकिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | बहुप्राविधिक शिक्षालयको स्थापना | गाउँपालिका | गाउँपालिकाले CTEVT सँग समन्वय गरेर अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहयोगमा प्राविधिक शिक्षालयको स्थापना गर्न पहल गर्ने | वटा | ० | ० | ० | १ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | रोजगार परामर्श सेवालाइ ब्यवस्थित बनाउने | गाउँपालिका | स्थानीय र बाहिरका स्रोतव्यक्ति हरुबाट रोजगारी तथा स्वरोजगारीका क्षेत्रहरुको बारेमा युवाहरुलाई निरन्तर परामर्श दिने | निरन्तर | | | | | |
| ३ | स्वरोजगार प्रवर्द्धन कार्यक्रम | गाउँपालिका | विभिन्न बैंक र वित्तीय संस्थाहरु सँग समन्वय गरी ऋण सहयोग उपलब्ध गराउन र अन्य सहयोगका लागि आवश्यक सहजीकरण गर्ने | आवश्यकतानुसार | | | | | |
| ४ | प्राविधिक तथा व्यावसायिक विद्यालय सञ्चालन | गाउँपालिका/ वडा कार्यालय /विद्यालय | गाउँपालिकाभित्र सञ्चालित माध्यमिक विद्यालयहरुमा पूर्वाधारको विकास गरी कुनै एक प्राविधिक तथा व्यवसायिक धारको शिक्षा सञ्चालन गर्ने | आवश्यकतानुसार | | | | | |
| ५ | प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | गाउँपालिका, संघ संस्था र विद्यालय | प्राविधिक धार सञ्चालित विद्यालयमा आवश्यकता पहिचान गरी प्रयोगशालाको व्यवस्थापन र स्तरोन्नति गर्ने | वटा | १ | १ | १ | १ | १ |
| ६ | युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम | गाउँपालिका | बजारको मागलाइ अध्ययन र विश्लेषण गरी युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशिलता विकासका कार्यक्रम | गाउँपालिका र संघ संस्था | गाउँपालिका र संघ संस्थाको साझेदारीमा प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशिलता विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ८ | युवाहरुलाइ सीप मुलक तालिम प्रदान | गाउँपालिका र संघ संस्था | गाँउपालिका तथा स्थानीय तहमा कार्यरत ग्रैह सरकारी सँस्थाहरु सँग समन्वय गरि युवाहरु छनौटका निम्ति निश्चित मापदण्ड बनाएर युवाहरुले इच्छयाएको सीपमुलक तालिम प्रदान गरि स्वरोजगारको अवसर सृजना गर्ने । | युवा | ५० | ६० | ७० | ८० | ९० |
| ९ | रोजगार प्रदायक सँस्थाहरु सँग समन्वय | गाँउपालिका तथा सँघसँस्थाहरु | रोजगार प्रदायक सँस्थाहरु सँग समन्वय गरी तालिम प्राप्त युवाहरुलाइ स्वरोजगार प्रदान गर्न समन्वय गर्ने । | पटक | १ | १ | १ | १ | १ |

## ३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाइ

**परिचय**

शिक्षा जीवन पर्यन्त चलिरहन्छ । औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुर्याउन ल्याइएका पछिल्ला अवधारणाहरू निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा प्रमुख हुन् । शिक्षा आर्जन गर्ने चाहना भएका तर औपचारिक शिक्षाबाट वञ्चित व्यक्तिहरूलाई विभिन्न मार्ग अवलम्बन गरी शिक्षा प्रदान गर्न सकिन्छ ।औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान,सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अनौपचारिक शिक्षा हो।जीवन पर्यन्त सिकाइ भनेको

आजीवन प्राप्त गरिरहने शिक्षाको स्वरुप हो । यो अवधारणा फ्रान्सबाट सुरु भएको हो ।मान्छेले आफ्नो जीवनको अन्त्यसम्म केही न केही सिकिरहन्छ । विद्यालयको सिकाइले मात्र सबै आवश्यकताहरू पूरा गर्न सक्दैन । कुनै पनि ठाउँमा कसैसँगबाट पनि सिक्न सकिन्छ भन्ने मान्यता यस शिक्षाको स्वरुपले महत्त्व दिन्छ । निरक्षरका अवसरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइका लागि अवसर बृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो संख्यामा रहेका युवा, महिला र प्रौढहरुका लागि कार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ। सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नती गरी यिनकै अगुवाईमा अबका कार्यक्रमहरु सञ्चालन हुनेछन्।

### ३.५.१ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अभिभावक शिक्षा, अनऔपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्रसम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यस गाउँपालिकामा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन्।उक्त सिकाइ केन्द्रहरुले सामुदायिक पुसतकालय तथा वाचनालय, लक्षित वर्गलाई निशुल्क इन्टरनेट, नयाँ प्रविधि हस्तान्तरण तथा महिला समूह निर्माण गरी विभिन्न तालिमहरु तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ।

सबै नागरिकलाई कार्यमूलक रुपमा साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्त्वसँग जोड्नु, पूर्ण साक्षर गाउँपालिका निर्माण गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अंग बनाउनु, र औपचारिक शिक्षाबाट वञ्चितहरुका लागि भरपर्दो र सुलभ औपचारिक ,खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता मुख्य चुनौतीहरु हुन् भने अनौपचारिक शिक्षाप्रति अभिरुचिको कमी, सहभागिहरुको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वयको अभाव, सबै वडाहरुमा सामुदायिक सिकाइ केन्द्रहरुको व्यवस्थापन र सक्रियता कायम गर्न नसकिनु, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यवहारिकता र स्रोत परिचालनमा कमी जस्ता पक्षहरु चुनौतीका रुपमा रहेका छन्।

वर्तमान सन्दर्भमा बहुक्षेत्रीय साझेदारहरुको स्रोतसहितको प्रतिबद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका शिक्षासम्बन्धि प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालीन सोच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन, सामुदायिक

सिकाइ केन्द्रको सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड ,२०७८ अनुसार सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रुपमा लिन सकिन्छ।

### ३.५.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

सामुदायिक सिकाइ केन्द्र मार्फत पठन संस्कृतिको विकास र जीवन पर्यन्त सिकाइलाई सुनिश्चित गरिनुको साथै CLC मार्फत शैक्षिक तथ्याङ्क सङ्कलन,साक्षरता/निरन्तर शिक्षा र विभिन्न आयमूलक, सीपमूलक कार्यक्रम सञ्चालन गर्ने।

**उद्देश्यहरु**

१. सबै नागरिकलाई साक्षरता र आजीवन सिकाइको अवसर प्रदान गर्नु ।
२. शिक्षाको अवसरबाट वञ्चित, बिचैमा पढाइ छाडेका, नवसाक्षर तथा निरक्षर व्यक्तिहरुको पहिचान गरी साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु।
३. अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यसामग्री, पाठ्यपुस्तक तथा सिकाइ सामग्री निर्माण र वितरण गर्नु ।
४. अनौपचारिक, खुला र वैकल्पिक माध्यमाबाट प्राप्त ज्ञान सीपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्नु।
५. खुला तथा दूरशिक्षाका कार्यक्रमहरू सञ्चालनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई जोड दिँदै सार्वजनिक पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरुको स्थापना, विकास र विस्तार गर्नु ।

**रणनीतिहरु**

१. गाउँपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्ने ।
२. सामुदायिक विकास केन्द्र,विद्यालय,स्थानीय गैर सरकारी संघ संस्थाहरू,नागरिक समाज,सञ्चार माध्यम,अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने
३. नौपचारिक शिक्षा,साक्षरता,निरन्तर शिक्षा,जीवनपर्यन्त सिकाइका लागि संघ,प्रदेश स्थानीय सरकार र साझेदार संघ/संस्था बिच स्रोत साझेदारी प्रारुप विकास गर्ने समन्वय र सहजीकरण गर्ने ।

४. विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको विकास गर्ने।

५. सामुदायिक सिकाइ केन्द्र मार्फत जीवन पर्यन्त सिकाइ तथा निरन्तर शिक्षाको विस्तार गर्ने

## ३.५.३ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुनेछ।

**प्रमुख नतिजाहरु**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्ण साक्षर पालिका घोषणा हुने र नवसाक्षरहरुका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरुको प्रबन्ध हुने। | स्थानीय तह | ० | १ | १ | १ | १ |
| २ | आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरुको सिर्जना हुने। | स्थानीय तह | १ | १ | १ | १ | १ |
| ३ | गाउँपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रका रुपमा विकास हुने। | स्थानीय तह | ४ | ४ | ४ | ४ | ४ |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गर्न | स्थानीय तह | ० | १ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नीति कार्यविधि/नियमावली/ तयार गरी राष्ट्रिय योग्यता प्रारुपअनुरुप समकक्षता प्रदानका लागि समन्वय र सहजीकरण हुने। | | | | | | |

### ३.५.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यन्वयन प्रकिया | इकाई | भौतिक लक्ष्य ५ वर्षमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा पुनर्वितरण | गाउँपालिका | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा ब्यवस्थापन मापदण्ड, २०७८ बमोजिम प्रकिया अगाडी बढाउने | निरन्तर | १ | १ | १ | १ | १ |
| २ | निरक्षर व्यक्तिहरुको तथ्याङ्क डाटावेस तयारी र निरन्तर शिक्षा | गाउँपालिका र CLC | निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | ० | १ | ० | १ |
| ३ | सार्वजनिक पुस्तकालय तथा वाचनालयको स्थापना | गाउँपालिका | प्रत्येक सामुदायिक सिकाइ केन्द्रको लागि पुस्तकालय स्थापना | पटक | ० | ० | १ | १ | ० |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरुमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था | गाउँपालिका र संघ संस्था | प्रत्येक CLC मा ICT Labको ब्यवस्थापनमा जोड गर्ने | पटक | ० | ० | ० | १ | ० |

## परिच्छेद ४

## अन्तरसम्बन्धित विषय तथा क्षेत्र

प्रस्तुत यस परिच्छेदमा शिक्षा क्षेत्र अन्तर्गत प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ जस्तामुख्य उपक्षेत्रहरुसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरु जस्तैःशिक्षक व्यवस्थापन तथा विकास, पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कन, शैक्षिक सुशासन, सबलीकरण र गुणस्तर व्यवस्थापन शिक्षामा सूचना र प्रविधि, शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श, सुरक्षित विद्यालय व्यवस्थापन, भौतिक पूर्वाधार विकास समावेश गरी विश्लेषण गरिएको छ।यी अन्तरसम्बन्धित विषयहरुलाई योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ। यी विषयलाई यस खण्डमा अलग्गै प्रस्तुत गर्दा कतिपय रणनीति तथा क्रियाकलापहरु उल्लेख भए पनि अघिल्लो परिच्छेदका रणनीति तथा क्रियाकलापहरुले सम्बन्धित खण्ड वा उपक्षेत्रमा प्रयोग गर्ने कुरामा विशेष ध्यान दिन्छ भने यस परिच्छेदले ती विषयलाई व्यवस्थित गर्न र विभिन्न उपक्षेत्रमा उपलब्धि प्राप्तिलाई सहयोग पुर्याउने काम गर्दछ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्था

पाठ्यक्रम विकास, परिवर्तन र परिमार्जन निरन्तर भइरहने प्रक्रिया हो । नेपालको संविधानको धारा ३१ को व्यवस्था र मर्म, विश्वमा भइरहेका नविनतम् शैक्षिक प्रवर्द्धन, प्रयोग तथा उपलब्धिहरु, राज्यको पुनर्संरचनासँगै शैक्षिक रुपान्तरण अपरिहार्य भइ पाठ्यक्रम विकास केन्द्रको नेतृत्त्वमा विद्यालय तहका पाठ्यक्रम २०७७ देखि परिवर्तन तथा कार्यान्वयन प्रारम्भ गरिएको छ।राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले तयार गरेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाई आधार तथा मार्गचित्रका रुपमा लिई सामाजिक न्याय, सकारात्मक रुपान्तरण र विश्व प्रतिस्प्रर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु, संघीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने प्रथम पटक पाठ्यक्रममा कार्यघण्टा र पाठ्यघण्टाको व्यवस्था गरिएको छ।

परीक्षा विद्यार्थीहरुले सिकेका ज्ञान, सीपहरुको मापन गर्ने साधन हो। हामी अझैपनि परम्परागतरुपमा चलिआएको Paper-Pencil Test को माध्यमले विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षण गर्दै आइरहेको अवस्था छ।परीक्षणका साधनहरुमा जति विविधता अपनाउन सक्यो मूल्याङ्कन त्यती नै विश्वसनीय र वैध हुन्छ।लिखित परीक्षा सञ्चालन नगरी कक्षा १-३ सम्मएकिकृत पाठ्यक्रममा आधारित १००%

Theme Based Evaluation, कक्षा ४ देखि ८ मा ५०% प्रतिशत आन्तरिक निरन्तर विद्यार्थी मूल्याङ्कन र ५०% बाह्य आवधिक परीक्षाका माध्यमले मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रमले गरेको छ। त्यसै गरी नयाँ पाठ्यक्रमले कक्षा ९ देखि १२ सम्ममा २५% प्रतिशत आन्तरिक विद्यार्थी मूल्याङ्कन र ७५% बाह्य आवधिक परीक्षाका माध्यमले मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रममा रहेको छ ।निरन्तर विद्यार्थी मूल्याङ्कनमा हाजिरी, कक्षा कार्य, परियोजना कार्य, कक्षा सहभागिता, विद्यार्थीको रचनात्मक र सिर्जनात्मक कार्यजस्ता विविध पक्षहरुलाई आधार मान्ने गरिएको छ। आधारभूत तहको परीक्षा सञ्चालन र व्यवस्थापनको अधिकार स्थानीय तहको कार्य क्षेत्रभित्र रहेको छ।

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि सरोकारवालाको क्षमता विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, सबै शिक्षकहरुलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीहरुको अभिमुखीकरण गर्नु तथा अपाङ्गता भएका बालबालिकाहरुका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरु प्रदान गरी अपाङ्गताको प्रकृति अनुसार लचकता प्रदान गर्नु पाठ्यक्रम तथा पाठ्यसामग्रीसँग सम्बन्धित प्रमुख चुनौतीहरु हुन्।शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्री प्रदान गर्नु, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, परीक्षा पद्धतिलाई उच्च तहको संज्ञान तथा सीप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोगसहितको वैकल्पिक विधिको प्रयोग गर्नु, मातृभाषाको पाठ्यक्रम र पाठ्यवस्तु निर्माण गर्न विज्ञको अभाव हुनु पाठ्यक्रम तथा पाठ्यसामग्रीसँग सम्बन्धित थप चुनौतीका विषयहरु रहेका छन्।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को निर्माण, माध्यमिक तह सम्मको निशुल्क शिक्षा कार्यन्वयन गर्नु, विद्यालय शिक्षाको सम्पूर्ण कक्षाको पाठ्यक्रम तथा मूल्याङ्कनको क्षेत्रमा परिमार्जन र कार्यान्वयन गर्दै जानु, आधारभूत र माध्यमिक तहका सबै बालबालिकाहरुलाई निःशुल्क पाठ्यपुस्तक प्रदान गरिनु, पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नु जस्ता पक्षहरु अवसरका रुपमा रहेका छन्।

हाल यस गेरुवा गाउँपालिकाले हाम्रो गेरुवा विषयको स्थानीय पाठ्यक्रम २०७८ निर्माण गरी कक्षा १ देखी कक्षा ८ सम्म लागू गरेको छ भने त्यससँग सम्बन्धित पाठ्यपुस्तक निर्माणका चरणमा रहेका छन्।राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ का प्रवोधीकरण दुई पटक गरिएको छ भने सबै विद्यालयहरुमा सोही पाठ्यक्रम बमोजिमले पठनपाठन गर्नु पर्ने प्रावधान गरिएको छ।

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारीरुपमा कार्यान्वयन गरी सक्षम, सिर्जनशिल तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु।
२. खोज, अनुसन्धान र व्यवहारिक जीवनमा आधारित स्थानीय पाठ्यक्रम अद्यावधिक गरी कार्यान्वयन गर्न सहयोग गर्नु।
३. स्थानीय पाठ्यक्रममा मातृभाषाको प्रयोग गर्नु।
४. मातृभाषा (अवधी) भाषाको पाठ्यक्रम र पाठ्यसामग्रीहरु निर्माण गर्नु
५. शिक्षालाई दैनिक जीवनका आयामहरुसँग जोडी सम्बन्धित विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्नु।
६. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान, सीप तथा व्यवहार विकासमा सहजीकरण गर्नु।
७. सिकारुको सिकाइलाई समस्या समाधानोन्मूख गराइ निरन्तर, आवधिक, स्तरीकृत र प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्न सहयोग गर्नु।

### ४.१.३ रणनीति

१. नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसारको पाठ्यक्रम र पाठ्यसामाग्री कार्यान्वयनमा सहजीकरण गर्ने ।
२. गेरुवा गाउँपालिकाले निर्माण गरेको हाम्रो गेरूवा नामक स्थानीय बिषयको पाठ्यक्रमको आधारमा पाठ्यसामाग्री र पाठ्यपुस्तक विकास र कार्यान्वयन गर्ने।
३. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई प्रभावकारी कार्यान्वयन गर्न शिक्षक तथा अन्य सरोकारवालाहरूलाई प्रवोधीकरण गर्ने ।
४. राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट्र गरेअनुसार विद्यालयको तहको पाठ्यक्रम कार्यान्वयन गर्न शिक्षकको सक्षमता विकास गरी जिम्मेवार बनाउने ।
५. विभिन्न प्रकारका विपद्, महामारी तथा सङ्कटको समयमा विद्यार्थीहरूलाई E Learning Portal र अन्य वैकल्पिक माध्यम द्धारा सहजीकरण गर्ने ।
६. कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा STEM Approach को अवधारणालाई कार्यन्वयन गर्ने ।
७. कक्षा ५ र ८ को आधारभूत तह उत्तीर्ण परीक्षालाई व्यवस्थित, मर्यादित र थप प्रभावकारी बनाउने साथै कक्षा ३ को उपलब्धी मापन परीक्षा लाइ वडास्तरीय बनाउने ।

८. प्रारम्भिक कक्षाहरुमा CB-EGRA लाई व्यवस्थित रुपमा सञ्चालन गर्दै नतिजाको अभिलेख व्यवस्थापन तथा सरोकारवालासँग प्रवाहलाई व्यवस्थित गर्ने।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

१. विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भएको हुनेछ।
२. **'हाम्रो गेरुवा '**विषय स्थानीय विषयको पाठ्यक्रम समय सान्दर्भिक रुपमा अद्यावधिक हुनेछ ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

**नतिजाहरु**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन हुने। | स्थानीय तह | १ | १ | १ | १ | १ |
| २ | कक्षा १३ मा व्यवहार -कुशल सीप सहित एकिकृत पाठ्यक्रम लागू भएको हुने | स्थानीय तह | १ | १ | १ | १ | १ |
| ३ | विद्यालय तहको स्थानीय पाठ्यक्रम अध्यावधिक तथा कार्यान्वयन भएको हुने | स्थानीय तह | १ | | | १ | |
| ४ | विद्यालय तहको सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको सही र उचित व्याख्या गरेको हुने | स्थानीय तह | १ | १ | १ | १ | १ |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यन्वयन प्रकिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन | गाउँपालिका र विद्यालय | विद्यालयबाट निरन्तर कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ |
| २ | विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्री कार्यन्वयन अभिमूखीकरण | गाउँपालिका | अभिमूखीकरण कार्यक्रम सञ्चालन गरेर | पटक | १ | १ | १ | १ | १ |
| ३ | स्थानीय पाठ्यक्रम अद्यावधिक तथा पाठ्यपुस्तक विकास | गाउँपालिका | गाउँपालिकाले विज्ञ समुह वा कार्यदल मार्फत पाठ्यपुस्तक बनाउने | पटक | ० | ० | १ | ० | १ |
| ४ | अपाङ्गता भएका बालबालिकाहरुका लागि उपयुक्त सिकाइ/ पाठ्यसामग्री वितरण | गाउँपालिका | विभिन्न संघ संस्थाहरूको समन्वयमा अपाङ्गता भएका बालबालिकाहरुका लागि उपयुक्त सिकाइ/पाठ्यसामाग्री वितरण गर्ने | निरन्तर | | | | | |
| ५ | अभिभावक शिक्षाको पाठ्यसामग्री कार्यन्वयन | गाउँपालिका, संघसंस्था र विद्यालय | अभिभावक शिक्षाको लागि छुट्टै पाठ्यसामग्री तयारी र कार्यन्वयन | निरन्तर | | | | | |
| ६ | स्तरमापन परीक्षा, EGL/CB-EGRA कार्यक्रम सञ्चालन | गाउँपालिका संघ संस्था र विद्यालय | परीक्षा र मुल्याङकनका विविध कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ |
| ७ | शिक्षक तालिम तथा पेशागत सहयोग | गाउँपालिका र विद्यालय | पेशागत सहयोग तथा क्षमता विकासका | निरन्तर | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यक्रमहरू सञ्चालन गर्ने | | | | | | |
| ८ | परीक्षा तथा मूल्याङ्कन | गाउँपालिका वडा र विद्यालय | कक्षा ५ र ८ को पालिकास्तरीय परीक्षा र कक्षा ३ को वडास्तरीय उपलब्धी मापन परीक्षा सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

शिक्षकमा भएको पेशाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्त्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। वर्तमान अवस्थामा शिक्षक तयारी गर्ने काम विश्वविद्यालयहरु तथा विद्यालयहरुले गरिरहेका छन्।शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धि कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भई आएका शिक्षकहरुको पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएको छ।यसै गरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति, शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाटै हुँदै आएको छ। शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कस्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन्।

शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेसा बनाएकालाईशिक्षण पेसामा प्रवेश गराउनु, कक्षाकोठाको आवश्यकता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाहरुको रुचिअनुसार शिक्षकको आपूर्तीका निम्ति शिक्षकसेवा परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम र शिक्षकको आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यारलयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरुलाई समायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु, कक्षाकोठालाई पेसागत विकास र सिकाइको थलोको रुपमा विकास गर्नु, पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गर्नु, विद्यालयमा तहगत रुपमा

न्यूनतम विषयगत दरबन्दीको व्यवस्थापन गर्नु, नपुग शिक्षकको आपूर्ति गाउँपालिकाले आफ्नै स्रोतबाट व्यवस्थापन गर्नु, शिक्षकको सरुवा र वृत्ति विकासलाई पारदर्शी, निष्पक्ष,न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु, शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका चुनौतीहरु हुन्।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक थरीथरीका संस्थातिर नभइ पेसागत उन्नयनमा सहयोग पुर्याउने सबैको साझा पेसागत संस्थाप्रति प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन तथा उपलब्ध शिक्षकहरुको औचित्यपूर्ण वितरण गर्नुका साथै आवश्यक विषयगत विशिष्टतासहित आवश?यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिने सवालहरु हुन्।

शिक्षक सेवा आयोगले निरन्तर रुपमा स्थायी शिक्षकहरुको पदपूर्ति गर्नु, बढुवाका लागि नियमित कार्यहरु प्रभावकारीरुपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदनअनुसार दरबन्दी मिलानका कार्यहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तदारुकताका साथ अगाडि बढ्नु, शिक्षकको पेसागत विकास प्रारुपअनुसार पेसागत विकासका तीनवटै तरिकाहरु कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेतले शिक्षक व्यवस्थापनमा लगानी गर्दै आउनु आदि यस क्षेत्रका अवसरहरु हुन्।

शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा गेरुवा गाउँपालिकाको वर्तमान अवस्था र समसामहिक सवालहरुलाई निम्नानुसार प्रस्तुत गरिन्छः

**शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नका लागि शिक्षाको राष्ट्रिय नीति, २०७६ ले सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरुको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने नीति अघि सारेको छ। सोह्रौं योजनाले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अंक हासिल गरेको व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नु पर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रुपमा लिइने अवस्थामा सुधार हुँदै गएको छ।

शिक्षक सेवा आयोगबाट आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक)कक्षा ९-१०) तहमा रिक्त शिक्षक दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भइरहेको छ।

शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरुलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ।विद्यालय र कक्षाकोठालाई नैतिक आचरण, कम्प्युटर सम्बन्धि दक्षता, बालबालिका प्रति सकारात्मक प्रवृत्ति र आर्थिक प्रलोभन भन्दा पनि सामाजिक प्रतिष्ठा र सम्मानलाई महत्त्व दिने स्वभावको शिक्षकको आवश्यकता रहेको छ।

**शिक्षक तयारी**

नेपालमा विद्यालयको शिक्षा शास्त्रको उच्च माध्यमिक तह र विश्वविद्यालयहरुले सञ्चालन गर्दै आएका बि.एड.,एम.एड.लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता दुबै मानिएको छ। यस्ता कार्यक्रमहरुमा विद्यार्थी भर्नाका आधारहरु न्यूनतम ग्रेड तोकिएको हुँदा यसकै परिणामस्वरुप विश्वविद्यालयका यी कार्यक्रमहरुमा उत्तीर्ण दर पनि न्यून रहेको देखिन्छ।शिक्षा ऐन २०२८(संशोधनसहित) र शिक्षक सेवा आयोग नियमावली २०५७ मा भएको व्यवस्थानुसार नेपालको प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा अन्य संकायबाट सो सरह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेको र माध्यमिक तहका लागि शिक्षाशास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे बी.एड. गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ।माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्ने प्रावधान छ।अध्यापन अनुमति पत्रको लागि परीक्षा शिक्षक सेवा आयोगले सञ्चालन गर्दै आएको छ।

**शिक्षण सिकाइ क्रियाकलाप**

सोह्रौं योजनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धतिमार्फत पढाइ सीप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतका व्यवस्थापनमा जोड दिएको छ । विद्यालय क्षेत्र विकास योजना लागु भएदेखि पनि कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित कस्टमाइज्ड तालिमहरु सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो। यति हुँदा पनि हाम्रा शिक्षकहरुलाई एकातिर कक्षाकोठाका शिक्षण सिकाइ क्रियाकलापमा रमाउनका लागि उपयुक्त वातावरणको सिर्जना गर्न नसकेको अवस्था छ भने अर्कोतिर शिक्षण सिकाइ क्रियाकलापमा रमाउने स्वभावका शिक्षकहरु छनोट गरेर कक्षामा लिन नसकेको अवस्था पनि छ। कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको

कमी, उपयुक्त कार्य वातावरणको कमी आदि कारणले कक्षाकोठाको शिक्षणसिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ।

**शिक्षकको पेसागत सहयोग पद्धति**

नेपालले बि.स.२०२८ देखि शिक्षक पेसागत सहयोगका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने एवम् स्थानीय तहमा सेवा निवृत्त शिक्षकहरुलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदिमा प्रयोग गर्ने उल्लेख गरेपनि यसका लागि आवश्यक कानून र कार्यक्रमको व्यवस्था मिलाउन सकिएको छैन। दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुबीच सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपभोग हुन सकेको छैन।

शिक्षाका पुराना संरचनाहरु विघटन भएको र नयाँ संरचनाको विकासकोक्रममा शिक्षकको पेसागत विकास प्रारूप २०७२ (परिमार्जित संस्करण २०८०)कार्यन्वयन भएको अवस्थामा यस गाउँपालिकामा पनि शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरु जस्तैः अवलोकन र छलफल, मेन्टरिङ्ग, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरुको सिकाइ सञ्जाल, कन्फेरेन्स, सहपाठीसँगको अन्तरक्रिया, प्रतिविम्वित अभ्यास आदि दिशाविहीन भएको छ।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली २०५९ को नियम ९२ को अनुसूची १२ मा उल्लेख भएबमोजिम सामुदायिक विद्यालयमाशिक्षक दरबन्दी रहने व्यवस्था गरिएको छ। साथै उक्त नियमावलीमा पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र कक्षा १-८ सञ्चालन भएको विद्यालयको लागि ७ जना र माध्यमिक तह ९-१२ का लागि ८ जनाशिक्षक ,कक्षा-6 १० सम्म सञ्चालन भएको विद्यालयमा ९ जना र कक्षा १-१० सम्म सञ्चालन भएको विद्यालयको हकमा १२ जना शिक्षक दरबन्दी रहने व्यवस्था रहेको छ। नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:३०, पहाडी भेगमा १:४० र तराईं तथा उपत्यकामा १:५० रहेको छ। यही अनुपातलाई आधार मानेर शिक्षक संख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरुको लागी नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अभिलेखअनुसार प्रदेश, जिल्ला र विद्यालयपिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ। तराईमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेगमा

यो अनुपात न्यून रहेको छ। वर्तमान समयमा गेरूवा गाउँपालिकाको सामुदायिक विद्यालयमा देहाय बमोजिमको दरबन्दि कायम रहेको छ।

**तालिका नँ २६**

**शिक्षक ववरण**

| क्र स | तह | दरबन्दी | | गा.पा.अनुदान | प्राविधिक धार | शिक्षण सिकाइ अनुदान |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दी | राहत/अनुदान | | | |
| १ | प्राथमिक तह | ६७ | ५१ | ० | ० | |
| २ | आधारभुत तह | १६ | ७ | २२ | ० | ४ |
| ३ | माध्यमिक | १५ | ९ | ७ | ४ | ० |
| ४ | उच्च माध्यमिक | ३ | ६ | ७ | ४ | ० |
| ५ | बाल बिकास | ५६ | ० | ० | ० | ० |
| ६ | प्राविधिक धार ९-१२ | ० | ८ | ० | ० | ० |
| ७ | विद्यालय कर्मचारी | ३२ | ० | ६ | ० | ० |

### ४.२.२ उद्देश्य

१. शिक्षकको तयारीको गुणात्मक पक्षको पुनरावलोकन गरी शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी पेसाप्रति र सक्षम शिक्षक आपूर्ति गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्नु।

२. शिक्षकको छनौट, नियुक्ति  पुनर्वितरणलाई सुदृढ बनाउन सहजीकरण गर्नु।

३. नपुग शिक्षक दरबन्दीमध्ये गाउँपालिकाले आर्थिक भार व्यहोर्ने गरी कानूनबमोजिम दरबन्दी सिर्जना गरी न्यायोचित वितरण गर्नु।

४. सबै तहमा शिक्षकहरुको योग्यताको पुनरावलोकन गरी विषयवस्तुमा दक्ष र निपूण शिक्षकको सुनिश्चितता गर्न आवश्यक सहयोग गर्नु।

५. गाउँपालिकामा शिक्षकलाई कार्यसम्पादनमा आधारित पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गर्नु।

६. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु।

७. आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरुको प्रबन्ध गर्न सहयोग गर्न आवश्यक सहयोग गर्नु।

८. विद्यालय, सुपरीवेक्षण प्रणालीलाई चुस्त, नतिजामुलक र उपचारात्मक गराउनु ।

### ४.२.३ रणनीति

१. गाउँपालिका स्तरमा शिक्षक तथा विद्यालय कर्मचारीको सक्षमता प्रारुप विकास गरी कार्यान्वयनमा ल्याउने।

२. गाउँपालिकामा भएको स्थानीय दरबन्दीलाई न्यायोचित उपयोग गर्ने ।

३. गाउँपालिका भित्रका उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई निश्चित अवधिका लागि स्वयमसेवकका रुपमा विद्यालयमा योगदान दिन सक्ने वातावरण गर्ने।

४. नपुग शिक्षकमध्ये गाउँपालिकाले आर्थिक व्ययभार व्यहोर्ने गरी न्यायोचित किसिमले वितरण गरी शिक्षकहरुको नियुक्ति तथा पदस्थापन गर्ने ।

५. गाउँपालिकाभित्र एक स्रोतसाधनले सम्पन्न तालिम हल स्थापना गर्ने।

६. शिक्षकहरुको पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ।यसका लागि गाउँपालिकामा विषयगत शिक्षक सञ्जाल बनाइ वा अनुभवी सेवा निवृत्त शिक्षकहरुबाट सहयोग तथा मेन्टरिङ्ग पद्धतिको विकास गर्ने।

७. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गर्ने।

८. गाउँपालिकाको स्रोतबाट व्यवस्थापन गरिएका शिक्षकको सेवा सर्त, सुविधा, प्रोत्साहन लगायतका वृत्ति विकासका प्रावधानहरुलाई पुनरावलोकन बनाउने।

९. योग्य, सक्षम तथा कुशल नेतृत्त्व सीप भएका व्यक्तिलाई प्रधानाध्यापकका रुपमा ल्याउन प्रधानाध्यापक तालिम तथा नेतृत्त्वसीप तालिम सञ्चालन गरिनेछ र योग्य, सक्षम तथा कुशल नेतृत्त्व सीप भएका व्यक्तिलाई प्रधानाध्यापकका रुपमा नियुक्ति गर्न कार्यविधिको विकास गर्ने।

१०. शिक्षक नियुक्ति, सरुवा तथा तालिम तथा पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीहरुको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने।

११.शिक्षक पुरस्कार प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकको सामाजिक आचरण, पेशाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरुको अभिमत जस्ता मापदण्ड निर्माण गरी लागू गर्ने।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. पर्याप्त मात्रामा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइ सक्षमता सुधार हुनेछ।

२. नियमित र औचित्यताका आधारमा दरबन्दी मिलान भई विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।

३. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुनेछ।

**प्रमुख नतिजाहरु**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षकहरुले तोकिएको शैक्षिक योग्यता प्राप्त गर्ने छन् | स्थानीय तह | ७० | ७५ | ८० | ८५ | ९० |
| २ | प्रारम्भिक बालविकास शिक्षकहरुले बालविकास सम्बन्धि आधारभूत तहको तालिम प्राप्त गर्ने प्रतिशत | स्थानीय तह | ७५ | २५ | ० | ० | ० |
| ३ | शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने शिक्षक | निरन्तर | | | | | |
| ४ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएको हुनेछ | निरन्तर | | | | | |
| ५ | शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने बिद्यालय संख्या | निरन्तर | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षकको बृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित हुने | निरन्तर | | | | | |
| ७ | विषयगत रोष्टर शिक्षकद्वारा शिक्षण सिकाइ क्रियाकलापको अनुगमन तथा पृष्ठपोषण प्रदान | निरन्तर | | | | | |
| ८ | विद्यालयमा प्रधानाध्यापक छनौटका निम्ति निर्देशिका तयार भएको हुनेछ । | स्थानीय तह | ० | ० | १ | ० | ० |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यान्वयन प्रकिया | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| | शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति | | | | | | | | |
| १ | शिक्षक र कर्मचारीहरूलाइ प्रोत्साहन, पुरस्कार र दण्ड | गाउंँपालिका | वस्तु निष्ठ कार्य सम्पादनका आधारमा मापदण्ड बनाइ कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ |
| २ | गाउँपालिकाले स्थानीय दरबन्दीमा ब्यवस्थापन गरेका करार शिक्षकलाइ आवश्यकता अनुसार ब्यवस्थापन र त्यस्को निरन्तरता | गाउँपालिका | शिक्षकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने। | पटक | १ | १ | १ | १ | १ |
| ३ | शिक्षक तथा कर्मचारीलाइ प्रोत्साहन सहित शिक्षण पेशालाइ | गाउँपालिका | पारिश्रमिक र प्रोत्साहन भत्ता समेतको व्यवस्थापन गरी शिक्षक तथा कर्मचारी | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आकर्षित र सम्मानित बनाउने | | हरुलाइ पेशाप्रति थप जिम्मेवारी बनाउने | | | | | | |
| ४ | शिक्षक पूर्व सेवाकालीन तालिम र मनोसामाजिक परामर्श | गाउँपालिका | शिक्षण सेवा प्रवेशका लागि पूर्व सेवाकालीन तालिम र मनोसामाजिक परामर्शको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ५ | प्रधानाध्यापकको छनोट | गाउँपालिका र विद्यालय | योग्य, सक्षम र दक्ष प्रधानाध्यापक नियुक्ति गर्न कार्यविधिको निर्माण गरी कार्यन्वयन गर्ने | पटक | ० | १ | ० | ० | ० |
| शिक्षक तयारी | | | | | | | | | |
| ६ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरुलाई शिक्षण पेसामा क्षमता अभिवृद्धिका कार्यक्रम | गाउँपालिका | शिक्षक सेवा तयारी कक्षा सञ्चालन गर्ने | निरन्तर | | | | | |
| ७ | नव प्रवेशी शिक्षकहरुलाई सेवा प्रवेश तालिम सञ्चालन गर्ने | गाउँपालिका | सेवा प्रवेश तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ |
| शिक्षक पेसागत सहयोग पद्धति | | | | | | | | | |
| ८ | शिक्षक पेसागत सहयोग मेन्टरिङ कार्यविधि /मार्गदर्शनको कार्यान्वयन | गाउँपालिका | गाउँपालिकाले शिक्षक पेसागत सहयोग मार्गदर्शन/कार्यविधि निर्माण गरी कार्यन्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ९ | विद्यालयमा आधारित सुपरीवेक्षण | गाउँपालिका | विद्यालयमा आधारित सुपरीवेक्षणको पद्वतीको | निरन्तर | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विकास गरी कार्यान्वयनमा ल्याउने | | | | | | | |
| १० | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन गर्ने | गाउँपालिका | त्रैमासिक रूपमा सूचकका आधारमा गर्ने | निरन्तर | | | | | | |
| ११ | सहपाठी कक्षा अवलोकन गर्ने | गाउँपालिका र विद्यालय | प्रति महिना कम्तिमा २ वटा कक्षा अवलोकन र पृष्ठपोषण आदानप्रदान | निरन्तर | | | | | | |
| शिक्षक पेसागत (क्षमता) विकास | | | | | | | | | | |
| १२ | तालिममा सिकेका सिकाइहरू लाइ कक्षाकोठामा प्रयोग र आदानप्रदान | | शिक्षकले तालिममा सिकेको सिकाइ लाइ ब्यवहारीक रूपमा कक्षाकोठामा प्रयोग गर्ने र Share गर्ने | निरन्तर | | | | | | |
| १३ | गाउँपालिकामा विषयगत शिक्षक समूह परिचालन | गाउँपालिका | गाउँपालिकामा विषयगत शिक्षक समूह निर्माण गरी पेसागत दक्षता अभिवृद्धिका लागि उपयोग गर्ने | निरन्तर | | | | | | |
| १४ | प्रधानाध्यापक बैठकको निरन्तरता | गाउँपालिका | प्रधानाध्यापक बैठकमा प्रधानाध्यापकले विद्यालयका असल अभ्यास तथा अनुकरणीय कार्यहरू प्रस्तुती एवम् छलफल गर्ने | मासिक | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | शिक्षक र कर्मचारी क्षमता विकास कार्यक्रम | गाउँपालिका संघसस्था र विद्यालय | गाउँपालिकाले मागमा आधारित बिषयगत कार्यशाला / नवप्रवर्तन र ICT सम्बन्धी छोटो अवधिको शिक्षक तालिम सञ्चालन गर्ने | निरन्तर | १ | १ | १ | १ | १ |
| १६ | शैक्षिक अवलोकन भ्रमण | गाउँपालिका | शैक्षिक पात्रो अनुसार कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ |
| | शिक्षक उत्तरदायित्त्व | | | | | | | | |
| १७ | प्रधानाध्यापक, शिक्षक र कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन | गाउँपालिका र विद्यालय | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति उत्तरदायी बनाउदै पेशाप्रति जिम्मेवार बनाउन कार्यसम्पादन मूल्याङ्कन गर्ने | निरन्तर | | | | | |
| १८ | विद्यालयको त्रैमासिक प्रगति प्रतिवेदन शाखामा पठाउने | गाउँपालिका र विद्यालय | विद्यालयको त्रैमासिक प्रगति प्रतिवेदन शाखामा पठाउने व्यवस्था गर्ने | निरन्तर | | | | | |
| १९ | शिक्षक र कर्मचारीको कार्य सम्पादन करार सम्झौता गर्ने | गाउँपालिका र विद्यालय | गाउँपालिकाले सम्पुर्ण शिक्षक र कर्मचारीको कार्य सम्पादन करार सम्झौता गर्ने | पटक | १ | १ | १ | १ | १ |
| २० | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | गाउँपालिका र विद्यालय | कार्यविधि बनाइ कार्यान्वयन गर्ने | पटक | | १ | | | १ |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

समावेशी शिक्षा भन्नाले शिक्षाको मूलधारबाट वञ्चित भई राज्यले चाहेको जनशक्ति उत्पादन गर्न नसक्नु भन्ने बुझिन्छ। संकुचित अर्थमा अपाङ्गता भएका बालबालिकालाई शिक्षामा सहभागिता भन्ने बुझिएतापनि

पनि व्यापक अर्थमा भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शारीरिक, मानसिक, जातीय ढङ्गबाट उपेक्षित भन्ने बुझिन्छ। हाल विकसित परिवेशसँगै सडक बालबालिका, अनाथ, घरेलु हिंसा पीडित, द्वन्द्व पीडित, सहिद परिवार, बेपत्ता, घाइते, अपाङ्ग किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ।यस गेरुवा गाउँपालिका कुनै विशेष किसिमका लक्षित वर्ग विशेष कक्षाहरु वा विद्यालयहरु सञ्चालित छैन।

नेपालको संविधानमा सम्पुर्ण बालबालिकालाई आधारभूत र माध्यमिक तहको शिक्षा निःशुल्क,अंपागता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क शिक्षा पाउने ब्यवस्था गरेको छ साथै दलित, विद्यार्थीलाइ उच्च शिक्षा सम्म कानुन बमोजिम चात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरेको छ ।आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा आइसकेपछि आर्थिक र सामाजिक रुपमा पछाडि परेको वर्गको शिक्षामा पहुँच पुऱ्याउन र समावेशी शिक्षालाई कार्यान्वयन गर्नु अब स्थानीय तहको प्रमुख जिम्मेवारी बनेको छ ।

विद्यालयमा शिक्षामा आर्थिक र सामाजिक रूपले पिछडिएको, विपन्न, अपाङगता, कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरुलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणालीको प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरुलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाउनु र स्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्ध गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरु हुन्।

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरुलाई आधारभूत र माध्यमिक शिक्षामा निशुल्क तथा अपाङ्ग बालबालिकाहरुलाई उच्च शिक्षासम्म निःशुल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरुका लागि छात्रवृत्ति प्रदान गरिनु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, गाउँपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेशामा आरक्षणको व्यवस्था लागू गरिनु आदि यस क्षेत्रका सम्बन्धमा अवसरहरु रहेका छन्।

### ४.३.२ उद्देश्यहरू

स्थानीय स्तरका कमजोर वर्ग तथा विविधता भएका बालबालिकाहरुको शिक्षामा सहभागिता सुनिश्चित गरी शिक्षामा समावेशिता कायम गर्न यस योजनाले देहाय बमोजिमका उद्देश्यहरु कायम गरिएका छन्।

यस योजनाले शिक्षामा कमजोर वर्गको पहुँच र समावेशीकरणका उद्देश्यहरु निम्न बमोजिम रहेका छन्

१. आर्थिक, सामाजिक तथा साँस्कृतिक कारणले पछि परेका व्यक्तिहरुलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरु अवलम्बन गर्नु।

२. अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराउनु।

### ४.३.३ रणनीति

यस योजनाले यस गाउँपालिकामा बसोबास गरेका र शिक्षामा कमजोर वर्गको पहुँच विस्तार तथा समावेशीकरणलाई यथार्थमा लागू र सफल पार्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ

१. गाउँपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिक रुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई स्थानीय राजनीतिक दल, स्थानीय बुद्धिजिवी, समाजसेवी, गाउँपालिका तथा गैह्रसरकारी निकायहरुको साझेदारीमा सञ्चालन गर्ने

२. जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरुको सिकाइ आवश्यकता सम्बोधन गरिनुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गरी उचित शैक्षिक अवसरको सिर्जना गर्ने।

३. आर्थिक रुपले विपन्न, अपाङ्गता भएका, असहाय, सिमान्तकृत र लोपउन्मुख समुदायका बालबालिकालाई विपन्न लक्षित छात्रवृत्ति जस्ता प्रोत्साहन मुलक कार्यक्रम सञ्चालन गर्ने।

४. शिक्षण संस्थाहरुमा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री पूर्वाधारको निर्माण गर्ने कार्यलाई प्राथमिकता दिने।

५. सबै किसिमका बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने।

६. असहाय, अपाङ्ग, सडक बालबालिका, द्वन्द्वपीडित, घाइते, वेपत्ता तथा सहिद परिवार एवम् कोरोना भाइरसका कारण मृत्यु भएका अभिभावकाका बालबालिकाहरुका लागि विशेष सुविधा तथा अवसर प्रदान गर्ने।

७. गाउँपालिकामा अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गरी सञ्चालन गर्ने।

८. विशेष/समावेशी शिक्षाको पाठ्यक्रमको विकास गरी क्रमशःकार्यान्वयन गर्ने।

९. असहाय, अनाथ, सुस्तमनस्थिति भएका बालबालिकालाई मनोपरामर्श दाता तथा विज्ञहरुबाट आवश्यकतानुसार सहजीकरण हुन सक्ने आवश्यक संयन्त्र निर्माण गर्ने।

१०. स्थानीय पाठ्यक्रम मार्फत र अन्य विद्यालयस्तरिय क्रियाकलाप मार्फत विविधताको सम्मान गर्न सिकाउने पठन सामग्री र अवसर सिर्जना गर्ने ।

११. अपाङ्गगता भएका, द्वन्द्वपीडित, सहिदपरिवार तथा कोरोना भाइरसबाट मृत्यु भएका अभिभावकका बालबालिकाहरूको लागि विशेष सुविधा र अवसरहरू गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तरको सुनिश्चितता कायम हुनेछ।

**नतिजा**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | कुनै पनि बालबालिकालाइ धर्म, वर्ग, लिङ्ग, भाषा, भुगोलको आधारमा भेदभाव नगर्ने | निरन्तर | | | | | |
| २ | प्रत्येक विद्यालयमा गुनासो सुनुवाइ सँयन्त्रको विकास गर्ने | विद्यालय | ० | २६ | ० | ० | ० |
| ३ | आधारभूत तहमा लैङ्गिक समता सूचक | स्थानीय तह | ०.९० | ०.९३ | ०.९५ | ०.९७ | ०.९९ |
| ४ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | स्थानीय तह | १.५१ | १.४५ | १.४० | १.३० | १.२५ |
| ५ | महिला शिक्षक प्रतिशत आधारभुत (कक्षा १-८) | स्थानीय तह | ३६.५३ | ३८ | ४० | ४१ | ४२ |
| ६ | महिला शिक्षक प्रतिशत माध्यमिक (कक्षा ९-१२) | स्थानीय तह | १६.३६ | १८ | २० | २२ | २४ |

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यान्वयन प्रकिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | समावेशी शिक्षा सम्बन्धी नीतिगत ब्यवस्था | गाउँपालिका | विपन्न वर्गको शिक्षामा पहुँच विस्तार तथा समावेशी शिक्षा सम्बन्धी नीति तर्जुमा | पटक | १ | ० | ० | ० | ० |
| २ | अपाङ्ग पुनर्स्थापना केन्द्र र विशेष | गाउँपालिका | संघ, प्रदेश सरकारको सहकार्य र साझेदारी संघ संस्थाको | वटा | ० | ० | ० | १ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय स्थापना तथा सञ्चालन | | सहयोगमा विशेष विद्यालय सञ्चालन गर्न पहल गर्ने | | | | | | |
| ३ | गुनासो सुनुवाइ सँयन्त्र समितिलाइ विद्यालयमा समता तथा समावेशिकरण सम्बन्धि अभिमुखिकरण | गाँउपालिका | ग्रैह सरकारी सँस्था सँग समन्वय गर्ने | पटक | ० | १ | ० | ० | १ |
| ४ | प्रत्येक विद्यालयमा सुझाव पेटिका ब्यवस्थापन | गाँउपालिका | विद्यालयमा सुझाव पेटिका राख्ने | पटक | ० | १ | ० | ० | ० |
| ५ | अभिभावकहरुसँग छोरीलाइ घरमा पढ्ने वातावरण सृजना गर्ने उद्देश्यले सचेतनामुलक छलफल र अन्तर्क्रियात्मक | विद्यालय र गाउँपालिका | पिछडिएका र सिमान्तकृत क्षेत्रका बालबालिकाका अभिभावकहरु सँगछलफल र अन्तर्किया | पटक | १ | १ | १ | १ | १ |
| ६ | विशेष/समावेशी शिक्षाको पाठ्यसामग्री तथा पाठ्यपुस्तक कार्यान्वयन | गाउँपालिका | आवश्यकता अनुसार कार्यन्वयन गर्ने | पटक | ० | १ | ० | ० | ० |
| ७ | शैक्षिक सामग्री विकास र वितरण | गाउँपालिका र संघसस्था | कार्यक्रम तर्जुमा गरेर | पटक | १ | १ | १ | १ | १ |
| ८ | विशेष शिक्षा शिक्षकको व्यवस्था | गाउँपालिका | कार्यविधि बमोजिम | पटक | ० | १ | ० | ० | ० |
| ९ | मनोपरामर्श दाता तथा विज्ञहरुबाट सहजीकरण | गाउँपालिका | मनोपरामर्शको सल्लाह र मार्गनिर्देशन बमोजिम कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | गाँउपालिका | स्वास्थ्य चौकी सँग समन्वय गर्ने | पटक | १ | १ | १ | १ | १ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धी अधिकारहरु, खाद्य सम्प्रभुता सम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिकासम्बन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेको छ। यस गाउँपालिकामा विद्यालयमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गर्ने कार्य विगत केही वर्ष देखि जोड दिइएको र नयाँ विद्यालय भवन निर्माण गर्दा शौचालयसमेत समावेश गर्न थालिएतापनि सबै विद्यालयमा उचित र पर्याप्त शौचालय पुर्याउन सकिएको छैन। विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि सुरक्षित र सहज आराम कक्ष/चेन्ज कोठा/स्थानको अभाव भएका विद्यालयमा स्थापना गर्ने कार्यको सुरूवात भएको र भइरहेका आराम कक्षलाइ ब्यवस्थित बनाउदै लगिएको छ। धैरै जसो विद्यालयमा भान्सा/खाजा घर/कोठाको प्रबन्ध छैन भने भएकाहरु मध्ये कतिपय सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विद्यालयमा स्वस्थकर र पौष्टिक खाजा सुनिश्चित गर्ने, सबै विद्यालयहरु हेर्ने गरी विद्यालय स्वास्थ्य कर्मीको व्यवस्था गर्ने तथा विद्यालयमा स्वच्छ वातावरण बनाई बालबालिकाको सिकाइमैत्री वातावरण बनाउने कार्यहरु मूख्य चुनौतीका रुपमा रहेका छन्। साथै दिवाखाजाको निरन्तर अनुगमन गर्ने, विद्यालयमा न्यूनतम स्वास्थ्य सामग्री उपलब्ध रहेको र प्रयोग भएको सुनिश्चित गर्ने, खोप लगायतका स्वास्थ्य सचेतना कार्यक्रमको निरन्तरता, विपद् पश्चात हुन सक्ने स्वास्थ्य जोखिम पहिचान र पूर्वतयारी तथा विद्यार्थिहरुलाई मौसम अनुकूल कपडा व्यवस्थापनका लागि परिवारमा चेतना जगाउने लगायतका कार्यहरु थप चुनौतीका रुपमा रहेका छन्।

यस गाउँपालिकाका सबै विद्यालयलाई दिवा खाजाका सामग्री उपलब्ध गराउन सक्ने पसल व्यवस्थापन हुनु, स्थानीयस्तरमै दुध, अण्डा लगायत कृषि उत्पादनका सामग्रीहरु पनि उपलब्ध रहनु, वडा नं. १,२ ३, ४, ५ र ६ मा स्वास्थ्य चौकी हुनु, रेडक्रस लगायतका विभिन्न संघसस्थाहरुले सिमीत भए पनि स्वास्थ्य सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्नु, स्यानिटरी प्याड प्रयोग गर्ने र सोको उपलब्धता रहनु, विद्यालय नर्सको ब्यवस्थापन हुनु ,विद्यालयहरुमा महिला शिक्षिकाहरुको संख्या बढ्दै जानु लगायतका

उपलब्धताहरु यस गाउँपालिकामा विद्यालयको दिवा खाजा, पोषण, सरसफाइ र स्वास्थ्यका अवसरहरु हुन्।

**विद्यालय पोषण र दिवा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकाका आधारमा दिवा खाजा कार्यक्रम विद्यालयहरुमा सञ्चालन हुने गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ ले दिवा खाजा कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ। धेरै जसो विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका कार्यका लागि बजेटको प्रबन्ध गरिएको छैन। पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु.१५ पर्याप्त देखिदैंन। दिवा खाजा स्थानीय उत्पादनसँग जोड्ने, आवश्यक बृहत तथा सुक्ष्म पौष्टिक तत्त्व समावेश भएका बहु मेनुहरु स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिनुपर्ने छ। खाद्यान्न उत्पादन, वितरणमा साना किसान, स्थानीय व्यापारी तथा अभिभावकको सहभागिता बढाउनु छ। यस गाउँपालिकाको सम्पुर्ण विद्यालयहरूमा दिवा खाजा कार्यक्रम अन्तर्गत विद्यालयमा खाजा बनाएर खुवाउने गरेको पाइन्छ। गाउँपालिकाले दिवा खाजा व्यवस्थापनको बजेट उपलब्ध गराएतातापनि बजेटको अभावले दिवा खाजा कार्यक्रम सञ्चालनका लागि छुट्टै जनशक्ति व्यवस्थापन गरिएको छैन। विद्यालयहरुले स्थानीय उत्पादन तथा सामग्री खरिद गरी दिवा खाजा सञ्चालन गरिरेहका छन्। विद्यालयहरुले दिवा खाजाको लागि जनशक्ति, बनाउने भाडाकुडा व्यवस्थापन गरेका छन् भने प्रत्येक दिन विद्यालयमा नै तयार गरी खाजा सञ्चालन भइरहेका छन्। सबै प्राय विद्यालयहरुमा जनशक्ति नहुँदा दिवा खाजा व्यवस्थापनमा कठिनाई रहँदै आएको छ। पोषणसम्बन्धी ज्ञानको कमीले विद्यालयहरुले सबै आवश्यक तत्त्व उपललब्ध हुने गरी खाजाको व्यवस्थापन गर्न नसकेको अवस्था रहेको छ।

**विद्यालय स्वास्थ्य र सरसफाइ**

यस गाउँपालिका धेरैजसो ग्रामिण क्षेत्र र जनचेतनाको अभावले बालबालिकाहरुको सरसफाइ र स्वास्थ्य क्रियाकलाप अपेक्षित रूपमा सुधारन्मुख रहेको छैन। विद्यालयमा न्यूनतम स्वास्थ्य सामग्री जस्तै साबुन, फेनाइल, कुचो, डस्टबिनहरुको समेत प्रयोग र व्यवस्थापन गरिएको देखिन्छ। पर्याप्त शौचालय र शुद्ध खानेपानीको व्यवस्थापन समेत सबै विद्यालयमा पुर्याउन सकिएको छैन। सम्पुर्ण विद्यालयमा प्राथमिक उपचारसमेतको उचित प्रबन्ध देखिदैंन। गाउँपालिकाको कार्यालय र केही संघसंस्थाको सहयोग समेतबाट १३ वटा सामुदायिक विद्यालयहरुमा शुद्द खानेपानीको व्यवस्था गरिएको छ। गाउँपालिकाको विद्यालय नर्स, स्वास्थ्य शाखा र स्वास्थ्य चौकीको समन्वयमा बालबालिकाहरुलाई खोप, जुकाको औषधी, भिटामिन लगायतका कार्यक्रम तथा केही सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आइएको छ। सबै

विद्यालयहरुमा स्यानिटरी प्याड व्यवस्थापन गरिएको छ। गेरुवा गाउँपालिकाले ५ वटा सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय नर्सको व्यवस्थापन गरेको छ।

**४.४.२ उद्देश्यहरु**

यस योजनाले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसम्बन्धी देहाय बमोजिमका उद्देश्यहरु राखेको छः

१. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु,
२. विद्यालयमा प्राथमिक उपचार, न्यूनतम स्वास्थ्य तथा सरसफाइका सामग्रीहरुको उपलब्धता र प्रयोग सुनिश्चित गर्नु।
३. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुका स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवहार परिवर्तन गर्न सहयोग पुर्याउनु ।
४. बालबालिकाको स्वास्थ्य र सरसफाइसम्बन्धमा अभिभावकको चेतना र विद्यालयमा सहभागिता बढाई स्वास्थ्यमा सुधार गर्नु।
५. किशोरीहरुको स्वास्थ्य संवेदनशिलताअनुरुपका संरचनाहरुमा वृद्धि गर्नु ।

**४.४.३ रणनीतिहरु**

यस योजनाले विद्यालय पोषण, दिवा खाजा, सरसफाइ तथा स्वास्थ्य कार्यक्रमसम्बन्धी तय गरेको उद्देश्यहरुप्राप्त गर्न देहाय बमोजिमका रणनीतिहरु तय गरिएका छन्।

१. बालबालिकाको रुचिसमेतलाई ध्यानमा राखी लागि विद्यालयमा नै सफा, ताजा र पोषिलो खाजा तयारीको लागि सामग्रीहरुको उचित ब्यवस्थापन सहित गुणस्तरीय तथा पोषिलो खाजा मेनु तयार गरी कार्यन्वयन गर्ने।
२. सामुदायिक विद्यालयमा दिवा खाजा व्यवस्थापनमा एकरूपता ल्याउन वार्षिक रूपमा साप्ताहिक मेनु बनाइ कार्यान्वयन गर्ने।
३. गुणस्तरयुक्त दिवा खाजाको लागि गाउँपालिकाबाट आवश्यक बजेट ब्यवस्थापन गरी सोको उपलब्धता सुनिश्चित गर्ने।
४. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध गर्ने।
५. विद्यालय नर्सहरुबाटऔषधी,प्राथमिक उपचार लगायत अति आवश्यक स्वास्थ्य सामाग्री, बालबालिकाहरूको सामान्य स्वास्थ्य जाँच गरी परामर्श प्रदान, जुकाको औषधि, भिटामिन ए र

आइरन फोलिक एसिड आदिको वितरण र किशोरीहरुको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणललाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने।

६. दिवा खाजाको लागि स्थानीय स्तरमा उत्पादित कृषिवालीलाई प्रोत्साहन गर्ने
७. स्वास्थ्य सम्बन्धी अभिभावक सचेतनाका लागि स्वास्थ्य शाखा तथा अन्य संघसस्थाहरुको सेमतको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने।
८. विपदको बेलामा र विपदपश्चात हुन सक्ने जोखिम पहिचान गरी विपत् व्यवस्थापन शाखाको समन्वयमा विद्यालयहरुमा योजना बनाउन लगाई पूर्व अभ्यास र पूर्व तयारी गर्न लगाउने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ।

**प्रमुख नतिजाहरु**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | स्थानीय तह | प्रतिशत | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | स्थानीय तह | नियमित | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | स्थानीय तह | बा. वि के -कक्षा ५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था भएको विद्यालय | स्थानीय तथा सँघसँस्था | १३ | १७ | १९ | २१ | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | स्थानीय तह | निरन्तर | सबै | सबै | सबै | सबै |
| ६ | साबुन सहितको शौचालय भएको विद्यालय | स्थानीय तह | निरन्तर | सबै | सबै | सबै | सबै |
| ७ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या (तर आ. वि. मा पनि परिचालन गरिएको) | स्थानीय तह | मा. वि. विद्यालयमा | ५ | ० | ० | ० |
| ८ | स्यानीटरी प्याडको व्यवस्था भएको विद्यालय | स्थानीय तहले सँघीय सरकारको सहयोगमा | निरन्तर | | | | |
| ९ | First Aid Kit Box भएको विद्यालय सङ्ख्या | ग्रैह सरकारी सँस्था तथा स्वास्थ्य चौकी सँग समन्वयमा | सम्पुर्ण विद्यालयमा | | | | |

### ४.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यान्वयन प्रकिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | दिवा खाजाका लागि भान्सा तथा आवश्यक सामाग्रीको प्रबन्ध | विद्यालय | विद्यालयले दिवा खाजाका लागि भान्सा कोठा तथा आवश्यक सामाग्रीको प्रबन्ध मिलाउने | निरन्तर | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | दिवा खाजा व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम | गाउँपालिका, संघसस्था र विद्यालय | दिवाखाजा व्यवस्थापकलाइ पोषण , स्वास्थ्य र सरसफाइ सम्बन्धी तालिम सञ्चालन गर्ने | पटक | १ | ० | ० | ० | ० |
| ३ | पालिका स्तरीय दिवा खाजा व्यवस्थापन | गाउँपालिका र विद्यालय | पालिका स्तरीय साप्ताहिक मेनु बनाइ कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ४ | औषधी, प्राथमिक उपचार लगायत अति आवश्यक स्वास्थ्य सामाग्री र विद्यार्थी स्वास्थ्य जाँच | गाउँपालिका | गाउँपालिकाले विद्यालयमा आवधिक स्वास्थ्य जाँच, औषधी,प्राथमिक उपचार लगायत अति आवश्यक स्वास्थ्य सामाग्रीको उपलब्ध गराउने | निरन्तर | | | | | |
| ५ | किशोरी महिनावारी स्वच्छता कार्यक्रम | गाउँपालिकार संघ संस्था | संघ सस्थाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | | | | | |
| ६ | ग्रैह सरकारी सँस्था तथा स्वास्थ्य चौकी सँग समन्वय | गाँउपालिका | निरन्तर सहयोग | पटक | १ | १ | १ | १ | १ |
| ७ | विद्यालयमा First Aid Kit Box सहयोग | गाँउपालिका तथा सँघसँस्था | विद्यालयले ब्यवस्थापन | पटक | ० | १ | ० | ० | ० |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

विभिन्न प्रकारका प्राकृतिक प्रकोप बाढि, पहिरो, भुकम्प, शितलहर, खडेरी, आगलागी, बिभिन्न हिंसा, युद्ध,सङ्कट लगायतका आपतकालिन र सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाले सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाइ निरन्तरता दिनुपर्छ।युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ। यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बाललबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाधरुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरुका तयारी तथा सञ्चालन गर्नु हो।

विशेषतः लामो द्वन्द्वको परिवेशमा शिक्षामा परेको प्रभाव, बि.स.२०७१ को बाढी ,२०७२ सालको विनाशकारी भुकम्प, वर्षेनी हुने आगलागी तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरुका साथै कोभिड-१९ लगायतका महामारीहरुका प्रभावका कारण बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस योजनामा आगामी ५ वर्षका लागि नीति तथा कार्यक्रम, र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

आपतकालीन अवस्थामा शिक्षा अन्तरसम्बन्धित विषयको रुपमा वा छुट्टै विधाको रुपमा सम्बोधन गर्ने, छुट्टै योजना बनाउने कि योजनाको हरेक अंगमा यस विषयको प्रत्याभूति गर्ने, प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सिमित रहने कि महामारी, सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, अनुमान गर्न नसकिने घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने, कतिपय संकट अन्तर्राष्ट्रिय हुन्छन् त कतिपय राष्ट्रिय त कतिपय स्थानीय तहका हुन्छन्, यसमा कुन संकटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने, योजना तत्कालीन बनाउने कि दीर्घकालीन तथा संकटकालीन शिक्षा योजना निर्माणमाको सहभागी हुने र यसको प्रक्रिया के हुने भन्ने विषय नै चुनौतीको रुपमा रहेका छन्। चुनौतीहरुलाई विचार गरेर सबै प्रकारका सम्भावित संकटकालिन अवस्थालाई व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होसियारीपूर्वक सम्बोधन गर्नु संघीय सरकारका तीन अंगले अन्तरसम्बन्ध कायम गर्दै योजना निर्माण गरी कार्यान्वयन गर्न पाउनु यस गाउँपालिकाले अवसरका रुपमा लिनु पर्दछ।

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरुका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितता, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, त्यसैगरी बालबालिकालाई शारीरिक सजाय, मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ र यौन

दुराचारबाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ र बृहत् विद्यालय सुधार गुरुयोजना तथा कार्यान्वयन कार्यविधिले विद्यालय सुरक्षाका विभिन्न मापदण्डहरु कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछन्। दिगो र अनुकूल सिकाइ वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य नं.४ को राष्ट्रिय कार्यढाँचाले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरु तय गरेको छ। विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरुलाई क्षमतावान बनाउने नीति अख्तियार गरी विद्यालयको आधार तयार पारिनुलाई एक अवसरको रुपमा लिन सकिन्छ।

**४.५.२ उद्देश्यहरू**

आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा समेत बालबालिकाहरुको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न देहाय बमोजिमका उद्देश्यहरु कायम गरी यस योजनामा समावेश गरिएका छन्।

१. सङ्कटको सम्भावित जोखिम कम गर्न विभिन्न प्रकारका शिक्षाको माध्यमद्वारा पुर्व सावधानी र तयारीको वातावरण सृजना गर्नु ।

२. बिपद् एवम जोखिम न्युनीकरणका लागी सचेतना अभिवृद्धि गराउनु।

३. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु ।

४. विपद् व्यवस्थापन नक्साङ्कन साथै संकटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु।

५. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित गर्नु

**४.५.३ रणनीति**

१. गाउँपालिकाको शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्षरुपमा प्रभाव पार्ने, विपद् वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गर्ने।

२. विद्यालयहरुले विद्यालय सुधार योजनामा सुरक्षित विद्यालय र विपद् व्यव्स्थापन लाइ मुख्य तत्वकोरूपमा समवेश गरी कार्यान्वयन गर्ने ।

३. शिक्षासम्बन्धी ऐन, कानून, पाठ्यक्रम र शिक्षासम्बन्धी नीतिहरुको पुनरावलोकन गर्दा आवश्यकतानुसार विपद तथा संकटमा शिक्षासम्बन्धमा विकास गरिएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरुलाई एकीकृत गर्ने।

४. भवन निर्माण आचार संहिता लागु गर्दै विपद प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने।

५. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र, उपकरण, औषधी, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने।

६. विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकारको तयारी, रोकथाम, प्रतिकार्य र पुनर्स्थापनाका लागि क्षमता विकास गर्ने।

७. विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य र पुनर्स्थापनामा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरुको सहभागिता र सहयोगसमेत परिचालन गर्ने।

८. विपद व्यवस्थापन र संकटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्य जिल्ला र स्थानीय तहहरुमा तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका सफल अभ्यासहरुलाई स्थानीयकरण गर्ने।

९. विपद व्यवस्थापनका परम्परागत ज्ञान, सीप तथा अनुभवहरुलाई समयानुकूल पुनर्व्याख्या तथा प्रयोगमा ल्याउने।

१०.विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन स्थानीय राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी क्लबहरु र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाउने।

११.प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु, परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति आपतकालिन शिक्षा कार्यान्वयनमा ल्याउने।

१२.विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

१३.विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।

### ४.५.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुनेछ।

२. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।

३. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

**प्रमुख नतिजा**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | विपत कृत्रिम अभ्यास गर्ने विद्यालयको सङ्ख्या | विद्यालय | निरन्तर | | | | |
| २ | वृक्षारोपण गर्ने विद्यालयको सङ्ख्या | स्थानीय तह | ० | ४ | ४ | ४ | ४ |
| ३ | विपद् फोकल शिक्षक भएको विद्यालयको सङ्ख्या | स्थानीय तह | ० | सबै | सबै | सबै | सबै |
| ४ | विद्यालय सुधार योजनामा विपदको समयमा पनि विद्यालय सञ्चालनका निम्ति योजना भएको विद्यालय सङ्ख्या | स्थानीय तह | ० | १० | ४ | ५ | ३ |

### ४.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यन्वयन प्रकिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | विपद्व्यवस्थापन ऐन, नीति, कानुन तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | गाउँपालिका | | पटक | ० | ० | १ | ० | ० |
| २ | विपद् पुर्व तयारी, प्रतिकार्य र पुर्नस्थापन तथा उत्थानशिलतका लागि सचेतना कार्यक्रम | गाउँपालिका, विद्यालय, संघसंस्था | कार्यक्रम आयोजना गरेर | पटक | १ | १ | १ | १ | १ |
| ३ | शिक्षक तथा वि.व्य.स.को लागि विपद | गाउँपालिका, संघ संस्था | तालिम सञ्चालन गरेर | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम | | | | | | | | |
| ४ | गाउँपालिका आपतकालीन शिक्षण योजना निर्माण र कार्यान्वयन | गाउँपालिका र विद्यालय | कार्ययोजना बनाइ लागु गर्ने | पटक | १ | ० | ० | ० | ० |
| ५ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | गाउँपालिका विद्यालय | कार्ययोजना बनाइ लागु गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ६ | स्वास्थ्य शिक्षक/कार्यकर्ताको व्यवस्था | गाउँपालिका र विद्यालय | गाउँपालिकाका विद्यालय नर्सलाइ निरन्तरता दिदै आधारभुत विद्यालयमा समेत जिम्मेवार बनाउने | जना | १० | १० | १० | १० | १० |
| ७ | सुरक्षित विद्यालय र हरियाली प्रवर्द्धन कार्यक्रम | गाउँपालिका विद्यालय | विद्यालयलाइ सुरक्षित र हरियाली बनाउन कार्ययोजना | निरन्तर | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | बनाइ लागु गर्ने | | | | | | |
| ८ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन कार्य समावेश | विद्यालय | विद्यालय सुधार योजना अध्यावधिक गर्दा विपद् व्यवस्थापन लाइ समाबेश गर्ने | वर्ष | प्रत्येक | प्रत्येक | प्रत्येक | प्रत्येक | प्रत्येक |

## ४.६ विद्यालय भौतिक पुर्वाधार विकास

**परिचय**

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। शिक्षा नियमावली, २०५९(संशोधन सहित)अनुसार प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह र माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको कक्षाकोठा हुनुपर्ने प्रावधान रहेको छ। राष्ट्रिय नीति २०७६ ले विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ।

यस खण्डमा यस गाउँपालिकाअन्तर्गत विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरु पहिचान गरी विद्यालयको भौतिक पूर्वाधार विकासका लागि उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य उल्लख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिकाअन्तर्गत रहेका विद्यालयहरुमा पर्याप्त, सुरक्षित र बालमैत्री भौतिक संरचनाहरु उपलब्ध हुन सकेका छैनन्। हाल सञ्चालनमा रहेका सम्पूर्ण विद्यालयहरुमा जम्मा १६० वटा विद्यालय भवनहरूमध्ये ५९ वटा पक्की भवन र ८८ ओटा ट्रससहित भवन र १३ वटा कच्ची भवन रहेका छन्। शौचालय संख्या ६८ र जम्मा घेराबार १३९४ मिटर रहेको छ भने अझै सामुदायिक विद्यालयमा १०२ वटा कक्षाकोठा संख्या, ३३ वटा शौचालय संख्या र घेराबार ७३७० मिटर निर्माण गर्न अत्यन्तै आवश्यक

छ ।साथै प्रत्येक विद्यालया शुद्ध र पर्याप्त खानेपानीको प्रवन्ध गर्न जरुरी देखिन्छछ । गेरुवा गाउँपालिका स्थित रहेका सामुदायिक विद्यालयको विस्तृत भौतिक विवरण तलको तालिकाबाट प्रस्ट गर्न सकिन्छ ।

| गेरुवा गाउँपालिकमा सञ्चालित सामुदायिक विद्यालयहरुको भौतिक विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | विद्यालयकोनाम र ठेगाना | हालको भौतिक अवस्था (संख्या) | | | शौचालय | घेराबार | आवश्यक पर्ने थप भौतिक सुविधा | | | | कैफियत |
| | | पक्की | अर्ध पक्की | कच्ची | | | विद्यालय भवन संख्या | शौचालय | घेराबार | अन्य | |
| १ | श्री जनता परिक्षित नरसिंह आधारभुत विद्यालय सरखोल | २ | ४ | ० | ६ | ४०० | २ | १ | ३०० | | |
| २ | श्री जानकी माध्यमिक विद्यालय जनकनगर | ३ | ५ | ० | ६ | १५४ | ४ | २ | ५०० | फर्निचर | |
| ३ | श्री कालिका प्राथमिक विद्यालय थापापुर | २ | २ | १ | २ | | - | ० | २०० | | |
| ४ | श्री खैरावाङ भगवती आधारभुत विद्यालय राजिपुर | ३ | ४ | ० | ३ | | २ | ० | ५०० | | |
| ५ | श्री कृष्ण प्राथमिक विद्यालय उल्लटनपुर | १ | २ | २ | १ | | ४ | १ | २०० | | |
| ६ | श्री एकप्रियराठोर माध्यमिक विद्यालय पाताभार | ६ | ४ | २ | ३ | | १२ | २ | १५०० | छात्रावास र प्रयोगशाला | |
| ७ | श्री सरस्वती आधरभुत विद्यालय बनकट्टी | २ | ३ | ० | ४ | ६० | ४ | १ | १०० | | |
| ८ | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय गणेशपुर | ५ | २ | ० | २ | ० | ४ | १ | ० | विद्यालय को गेट | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | श्री सरस्वती आधारभुत विद्यालय जोधिपुर | २ | ८ | २ | ४ | १०० | २ | ४ | ५०० | फिल्ड पटानी | |
| १० | श्री नेपालराष्ट्रिय आधारभुत विद्यालय गिदरपुर | ५ | ३ | १ | ३ | ० | ४ | १ | ३२० | | |
| ११ | श्री जनता माध्यमिक विद्यालय गोला | ५ | ४ | ० | ४ | ० | ८ | २ | ० | २०० | |
| १२ | श्री किसान प्राथमिक विद्यालय खोनपुर | १ | ३ | ० | १ | २०० | ४ | २ | ६०० | खानेपानी | |
| १३ | श्री बालप्रिय आधारभुत विद्यालय तिनघरुवा | ३ | ४ | ० | ३ | १८० | १ | ० | १५० | छैन | |
| १४ | श्री पशुपति प्राथमिक विद्यालय पशुपतिनगर | १ | २ | ० | २ | ० | ४ | २ | १०० | खानेपानि | |
| १५ | श्री शिवज्योति प्राथमिक विद्यालय झवही | ० | ४ | ० | २ | ० | ४ | २ | ५०० | ICT Lab | |
| १६ | श्री कृष्ण दुर्गा प्राथमिक विद्यालय पहाडिपुर | ० | ३ | ० | ३ | ० | २ | १ | | गेट | |
| १७ | श्री नवज्योति प्राथमिक विद्यालय सुखार | २ | २ | २ | २ | ० | १ | ० | ० | खानेपानि ट्याङ्की १ | |
| १८ | श्री पशुपति माध्यमिक विद्यालय पशुपतिनगर | ० | ३ | ० | ३ | ० | ८ | ४ | ० | फर्निचर २०० सेट | |
| १९ | श्री सरस्वती आधारभुत विद्यालय बिन्द्रा | ३ | २ | १ | २ | ० | ४ | ० | ५०० | खानेपानि धारा | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | श्री नमुना प्राथमिक विद्यालय बन्जरिया | ० | ५ | ० | २ | ० | २ | १ | ० | खानेपानि | |
| २१ | श्री जनकल्याण प्राथमिक विद्यालय लाहोरपुर | १ | २ | | २ | ० | ४ | १ | ३०० | १ जिर्ण भवन मर्मत | |
| २२ | श्री दिव्य ज्योति प्राथमिक विद्यालय गुसिपुर | १ | २ | - | ० | ० | ४ | १ | ० | ३कोठे पक्की भवन चुहिने | |
| २३ | श्री राम जानकी आधारभुत विद्यालय रामनगर | १ | ४ | १ | १ | ० | २ | १ | ५०० | खानेपानीको अवश्यकता | |
| २४ | श्री जनप्रिय प्राथमिक विद्यालय बेलभरिया | १ | १ | ० | ० | ० | ४ | १ | ० | खानेपानीको अवश्यकता | |
| २५ | श्री नेपाल राष्ट्रिय गणेश माध्यमिक विद्यालय प्रसेनिपुर | ५ | ६ | ० | ४ | ० | ८ | २ | १०० | २०० थान फर्निचर | |
| २६ | श्री धर्मभक्त प्राथमिक विद्यालय बाजपुर | ४ | ४ | १ | ३ | ० | ४ | ० | ५०० | जग्गाको अभाव र पर्खाल आवश्यक | |
| | जम्मा | ५९ | ८८ | १३ | ६८ | १३९४ | १०२ | ३३ | ७३७० | | |

यस गाउँपालिकाले भौतिक पूर्वाधार विकासमा देहाय बमोजिमका चुनौतीहरुको सामना गरिरहेको छः

१. भौतिक पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी एवम् जवाफदेही बनाउनु
२. सुरक्षित विद्यालय बनाउन भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी पालन गर्नु
३. अधिकांश विद्यालयहरुको भोगचलनमा जग्गाहरु कमरहेकोले उपयुक्त भौतिक संरचना निर्माण गर्न ठाउँको अभाव हुनु
४. सबै विद्यालयमा अपाङ्गमैत्री र लैङ्गिक मैत्री संरचना बनाउनु
५. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि दिर्घकालिन गुरूयोजना नहुनु
६. आवश्यक स्रोतको अभाव हुनु

### ४.६.२ उद्देश्यहरू

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु
२. विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन ड्रइङहरु पालन गर्नु
३. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवं जवाफदेही प्रणालीको विकास गर्नु
४. विद्यालयहरुको लागि आवश्यक मात्रामा जग्गाहरुको व्यवस्थापन गर्नु
५. आवश्यकतानुसार पूर्वाधारहरुको मर्मत, रंगरोगन र रेट्रोफिटिङ गर्नु

### ४.६.३ रणनीतिहरु

१. विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा भौतिक संरचनाहरु निर्माणको प्राथमिकीकरण गर्ने ।
२. विद्यालयको जग्गा व्यवस्थापनका लागि जग्गादातालाई प्रोत्साहन गर्ने र ऐलानी प्रति जग्गाहरुसमेत विद्यालयको नाममा गर्ने।
३. पूर्वाधार विकासका लागि आवश्यक पर्ने स्रोतका लागि संघीय, प्रदेश सरकार, चन्दादाता, संघसस्थाहरुसँग समन्वय गर्ने।
४. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने गरी बजेट व्यवस्थापन गर्ने।
५. विद्यालय पूर्वाधार विकास मास्टर प्लान विकास र कार्यान्वयन गर्ने।
६. आवश्यकतानुसार मर्मत, रंगरोगन र रेट्रोफिटिङका कार्य गर्ने योजना कार्यान्वयन गर्ने।
७. विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन ड्रइङहरु पालन गर्ने।

### ४.६.४ नतिजा तथा प्रमुख क्रियाकलापहरु

**उपलब्धि**

१. सबै प्रकारका विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर पाउनेछन।

**नतिजा**

| क्र. सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय पूर्वाधार विकास मास्टर प्लान तयार भई कार्यान्वयन भएको हुने | स्थानीय तह | ० | १ | ० | ० | ० |
| २ | विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन ड्रइङहरु पालन भएको हुने | स्थानीय तह | ० | १०० % | १०० % | १०० % | १०० % |
| ३ | विद्यालयहरुलाई आवश्यकता अनुसार पर्याप्त जग्गा उपलब्ध भएको हुने | स्थानीय तह | आवश्यकतानुसार | | | | |
| ४ | पुराना संरचनाहरु मर्मत , रंगरोगन तथा रेट्रोफिटिङ भएको हुने | स्थानीय तह | आवश्यकतानुसार | | | | |
| ५ | एक विद्यालय सम्पूर्ण पूर्वाधार ) A school with complete infrastructure) बमोजिमले कम्तिमा दुई विद्यालयको संरचना विकास भएको हुने। | स्थानीय तह | ० | १ | १ | १ | १ |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यन्वयन प्रकिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | भौतिक पुर्वाधार निर्माण, मर्मत र रंगरोगन | विद्यालय र गाउँपालिका | संघ, प्रदेश र स्थानीय र साझेदार संघ संस्थाहरूको सहकार्यमा भौतिक पुर्वाधार निर्माण, मर्मत र रंगरोगन कार्य गर्ने | निरन्तर | १ | १ | १ | १ | १ |
| २ | पूर्वाधार विकास सम्बन्धी गुरूयोजना | गाउँपालिका | गाउँपालिकाले गुरूयोजना तयार गर्ने | पटक | १ | ० | ० | ० | ० |
| ३ | जग्गादाता तथा जग्गाको खोजी र व्यवस्थापन | गाउँपालिका र विद्यालय | विद्यालयलाइ जग्गा दाताहरूलाइ प्रोत्साहन गर्ने जग्गाको खोजी र व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ४ | भौतिक संरचना निर्माण अभिमुखीकरण | गाउँपालिका | सरोकारवाला हरूलाइ अभिमुखीकरण गर्ने | निरन्तर | | | | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### परिचय

नेपालको संविधान २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना र सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना प्रविधिको आधारभूत पँहुच पुऱ्याइ डिजीटल भिन्नता कम गर्ने सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधन रुपमा प्रयोग गरी सिकाइ सुधार गर्न सकिन्छ । सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रुपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण कार्यमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ ।यसका लागि रेडियो, टेलिभिजन, इन्टरनेट, वेभसाइट, अनलाइन कक्षा, भर्चुअल विद्यालय, भर्चुअल कक्षाको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ । शैक्षिक विकासका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहने गरी यस योजनामा समावेश गरिएको छ।

त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीतिहरु उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसहरुमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षाको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धि साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरु उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरुमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ।

### ४.७.१ वर्तमान अवस्था

गाउँपालिकाको सम्पुर्ण २६ वटा सामुदायिक विद्यालयहरूमा इन्टरनेटको पहुँच पुगेको छ ।यस गाउँपालिकाका प्रत्येक माध्यमिक विद्यालयहरूमा ICT Lab सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना भएको छ । सम्पूर्ण सामुदायिक आधारभूत र माध्यामिक विद्यालयहरूमा इन्टरनेट सुविधाको विस्तार गरिएको छ । सबै विद्यालयहरूका शिक्षकको लागि ई-हाजिरीको यवस्था गरिएको छ । द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर र चुनौतीहरू ल्याएको छ । हाल सूचना तथा प्रविधिबाट शिक्षा क्षेत्रमा पनि विद्यालयका प्रशासनिक काम,नतिजा निर्माण कार्य,पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्ययमबाट अध्यापन गर्ने कार्य गर्दै आएको पाइन्छ । हाल वर्तमान समयमा केन्द्रीय

शैक्षिक तथ्याङ्कमा जोड्नको लागि Online Based एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरिएको छ र त्यसको पूर्णतया उपयोग हुन सकेको छैन ।

**चुनौतीहरु**

गेरुवा गाउँपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा निम्न चुनौति तथा अवसरहरू पहिचान गरिएका छनः

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालय सहीतको एकीकृत प्रणालीको विकास ।
२. सूचना तथा सञ्चार प्रविधि सम्बन्धि उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि दक्ष जनशक्तिको विकास ।
३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सक्षमता अभिवृद्धि ।
४. अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँच ।
५. सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखा प्रणालीको विकास ।

**अवसरहरु**

१. शिक्षणसिकाइका लागि इन्टरनेट कनेक्टिभिटीका लागि अनुदान उपलब्ध गराई आवश्यक पूर्वाधारको विकास गर्नु ।
२. विद्यालय तहको पाठ्यक्रममा विज्ञान तथा सूचना प्रविधि विषय समावेश हुनु।
३. सिकाइलाई निरन्तरता दिन विभिन्न माध्यमबाट भर्चुअल कक्षा सञ्चालन हुनु, E-Learning Portal को विकास,डिजिटल सिकाइ सामग्रीहरु, रेडियो, टेलिभिजन र सामाजिक सञ्जाल, वेभसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरु, Online Based Zoom Meeting सिकाइको विधि हुनु।
४. शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Online Based EMIS) विकास भई कार्यान्वयनमा रहनु।

## ४.७.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले विद्यार्थीको सिकाइमा गुणात्मक सुधार ल्याउने ।

**उद्देश्यहरु**

१. सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग र विस्तार गर्नु ।

२. शिक्षकहरू तथा कर्मचारीको डिजिटल रूपमा क्षमता विकास गर्नु ।
३. शिक्षा सम्बन्धि सेवा प्रवाह सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटो छरितो बनाउनु ।
४. प्राकृतिक प्रकोप, सङ्कटको समयमा समेत विद्यालयहरूका शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि सुचना प्रविधीको समुचित प्रबन्ध मिलाउनु ।
५. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु।

### ४.७.३ रणनीतिहरु

१. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने।
२. विद्यालयका विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरुको विकास गर्ने।
३. गाउँपालिकाका विद्यालयहरुलेशिक्षा तथा मानव स्रोत विकास केन्द्रको E-Learning Portal (सिकाइ चौतारी) शिक्षणसिकाइमा प्रयोग गर्ने वातावरण सिर्जना गर्ने।
४. विश्वव्यापीरुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरुमा इनटरनेटको सुविधा विस्तारमार्फत विद्यालयमाइ लाईब्रेरीको E-Library व्यवस्था गर्ने।
५. EMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली (SAS), शिक्षकको तलवी प्रतिवेदन पारित गर्नेजस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरिनेछ। साथै शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
६. सामुदायिक अध्ययन केन्द्रहरुलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गर्ने।
७. संघ र प्रदेशसँग समन्वय गरी गाउँपालिका र इन्टरनेट प्रदायक संस्थाहरुबिच समन्वयर सहकार्य गरी विद्यालयमा ICT को पहुँच विस्तार गर्ने।
८. सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरुको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सीपमा क्षमता विकास गर्ने।
९. विद्यालय सुपरीवेक्षण, बैठक, गोष्ठी, कार्यशाला, तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गर्ने।
१०. कक्षा ८-१२ का मुख्य विषयहरुमा भर्चुअल सिकाइका लागि आवश्यक व्यवस्थापन गर्ने।

११.विपद् तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रुपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्ने र विद्यालय ब्यवस्थापनमा सहजीकरण हुनेछ।

**नतिजा**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी र सिसी टिभी क्यामेराको व्यवस्था | स्थानीय तह | ० | १ | १ | २ | १ |
| २ | विद्यार्थीको सिकाइ सहजीकरणमा शिक्षकले विभिन्न वेभसाइट तथा Learning Portal हरुको प्रयोग गरेको विद्यालयको सङ्ख्या | स्थानीय तह | नियमित | १० | १६ | ० | ० |
| ३ | विपत् तथा संकटको समयमा समेत विद्यार्थीको इन्टरनेटको माध्यमबाट सिकाइलाई निरन्तरता दिने विद्यालयको सङ्ख्या | स्थानीय तह | निरन्तर | २ | ३ | ३ | ३ |
| ४ | कक्षा ८१२ का शिक्षण -सिकाइमा भर्चुअल सिकाइ हुने विद्यालयको सङ्ख्या | स्थानीय तह | ० | १ | १ | २ | १ |
| ५ | सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना | स्थानीय तह | निरन्तर | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा व्यवस्थापन प्रणाली सुधार | | | | | | |
| ६ | सूचना प्रविधिमा आधारित सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | स्थानीय तह | निरन्तर | | | | |
| ७ | विद्युत पँहुच पुगेको विद्यालयको सङ्ख्या | स्थानीय तह | सबै निरन्तर | | | | |

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यान्वयन प्रक्रिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार | गाउँपालिका संघसस्था र विद्यालय | गाउँपालिकाले विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | आवश्यकता अनुसार | | | | | |
| २ | प्रत्येकविद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | गाउँपालिका र विद्यालय | विद्यालयमा ICT Lab ब्यवस्थापन गरेर | पटक | १ | ० | ० | ० | ० |
| ३ | शिक्षक तथा कर्मचारी हरुको क्षमता विकास | गाउँपालिका | शिक्षक र कर्मचारीहरूको ICT सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ४ | विद्यालयमा सूचना तथा | गाउँपालिका | प्रविधिमैत्री शिक्षणकालागि AVR System, Smart Board, | पटक | १ | १ | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रविधिमैत्री शिक्षण | संघसस्था विद्यालय | Digital Library जस्ता प्रविधिको क्रमशः विस्तार गर्ने। | | | | | | |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास | गाउँपालिका संघसस्था विद्यालय | डिजिटल लर्निङ प्रोटल प्रयोग गर्न सिप सिकाउने | पटक | १ | ० | ० | ० | ० |
| ६ | EMIS, ICT तथा SAS लगायतका प्रविधि सम्बन्धि तालिम | गाउँपालिका संघसस्था विद्यालय | तालिमको आयोजना तथा सञ्चालन गर्ने | पटक | ० | ० | १ | ० | ० |
| ७ | विद्यालयमा सिसी टिभी क्यामेरा व्यवस्थापन | गाउँपालिका र विद्यालय | विद्यालयहरुमा सिसी टिभी क्यामेरा जडान गरी त्यसको कार्यान्वयन थप प्रभावकारी बनाउने | पटक | १ | १ | ० | ० | ० |

## परिच्छेद ५
## अन्य उपक्षेत्र

### ५.१ विद्यालय व्यवस्थापन

#### ५.१.१ वर्तमान अवस्था

विद्यालयको शैक्षिक, भौतिक, आर्थिकजस्ता विभिन्न पक्षहरुमा गुणात्मक सुधार र व्यवस्थापन गर्न, समिति र विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य तथा समन्वय गर्न प्रत्येक विद्यालयमा सबै अभिभावक र शिक्षकहरु रहेको शिक्षा ऐनले व्यवस्था गरे अनुसारको एक शिक्षक अभिभावक संघ गठन हुन्छ। यी सबै समितिहरुको भूमिका र सक्रियतालाई बढाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने, शैक्षिक सुशासन अभिवृद्धि गर्ने साथै गुणस्तरिय शिक्षा प्रदानकालागि महत्वपूर्ण भूमिका खेल्ने कार्य नै विद्यालय व्यवस्थापन हो। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम

स्थानीय तहका २३ वटा अधिकार क्षेत्रहरु मध्ये विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन सम्बन्धी पनि ब्यवस्था गरेको हुँदा यस गाउँपालिकाको प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन भएको छ ।गेरूवा गाउँपालिकाले विद्यालय शिक्षा सञ्चालन, ब्यवस्थापन र नियमनका सम्बन्धमा कार्यविधि,२०७६ निर्माण गरी विद्यालयको शैक्षिक प्रशासनलाइ एकरूपता कायम गर्ने प्रयास गरेको छ।विद्यालय व्यवस्थापनबाट विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक पक्षमाराम्रो प्रभाव परेको भएता पनि गाउँपालिकाको विद्यालय व्यवस्थापनको अवस्थाहरूलाई विश्लेषण गर्दा विद्यालयले बोलाएको अवस्थामा मात्र न्युन अभिभावकहरू विद्यालयमा आउनु,समितिको बैठकमा बालबालिकाको शैक्षिक गुणस्तर,सिकाइ उपलब्धि जस्ता कुरामा छलफल केन्द्रित न्यून हुनु तर भौतिक पूर्वाधार,शिक्षक नियुक्ति, सरूवा जस्ता पक्षमा छलफल बढी केन्द्रित हुनु, विद्यालय ब्यवस्थापन समिति गठन प्रकियामा राजनितिक प्रभाव पर्नु, विद्यालयका विभिन्न क्रियाकलापहरूमा राजनीतिक प्रभाव बढी हुनु,विद्यालयका प्रअ र शिक्षकको कार्यसम्पादन बिच करार सम्झौता नहुनु, विद्यालय र समुदायसँग अपेक्षित रूपमा सुमधुर सम्बन्ध कायम हुन नसक्नु जस्ता समस्याहरूको कारणले गर्दा विद्यालयको व्यवस्थापन पक्ष कमजोर भइ सबै सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अपेक्षित रूपमा सुधार हुन सकेको छैन। ।

**चुनौतीहरु**

विद्यालय व्यवस्थापन अन्तर्गत विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समितिलाई जिम्मेवार, सक्रिय र जवाफदेही बनाउन, विद्यालयमा दीगो वित्तीय स्रोत व्यवस्थापन गर्नु, व्यवस्थापकीय तहमा कार्य गर्ने समितिहरुको क्षमता विकास गर्नु, शैक्षिक संस्थाहरुकोउत्तरदायित्व र जवाफदेहिताको सूनिश्चितता कायम गर्नु र विद्यालय व्यवस्थापन समिति गठन र सक्रियतामा स्वार्थले प्रभाव पार्नु यस क्षेत्रसँग सम्बन्धित मुख्य चुनौतीहरु रहेका छन्।विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको योग्य र सक्षम प्रधानाध्यापकको व्यवस्थापन गर्नु, विद्यालयमा विद्यार्थी संख्याअनुसारकक्षाकोठा, खेल मैदान, कम्पाउण्ड, घेराबार, बालमैत्रीबसाई व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलवारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलगअलग शौचालय, सिकाइमैत्री वातावरण, प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्रीसेनिटरी प्याड, बुक कर्नर जस्ता न्यूनतम सुविधाहरुको व्यवस्थापन, अतिरिक्त क्रियाकलापहरु विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईकोक्लव तथा वातावरणमैत्रीक्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरुलाई नियमित रुपमा सञ्चालन गर्नुजस्तासवालहरु विद्यालय व्यवस्थापनमा देखिएका छन्।

**अवसरहरू**

स्थानीय सरकारका २३ वटा शिक्षाको अधिकार प्रयोग गरी विद्यालय व्यवस्थापन गर्न सक्ने कानूनी तथा नीतिगत व्यवस्था हुनु, सूचना तथा सञ्चार प्रविधिमा पहुँच, अनलाइन तथ्याङ्क तथा शिक्षक कर्मचारी व्यवस्थापन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर प्रयोगशाला जस्ता न्यूनतम पक्षहरुमा निरन्तर बजेट विनियोजन हुनु, स्थानीय सरकारले दरबन्दी मिलान गर्नु, थप शिक्षक व्यवस्थापन गर्नु, प्रधानाध्यापक सम्बन्धी कानूनी व्यवस्था गर्नु विद्यालय व्यवस्थापनमा अवसरहरु पनि रहेका छन्।

### ५.१.१ लक्ष्य

गाउँपालिका भित्रका सबै विद्यालयहरूको शैक्षिक /व्यवस्थापन पक्ष व्यवस्थित हुने ।

### ५.१.२ उद्देश्य

सबै विद्यालयहरुमा शैक्षिक, आर्थिक, भौतिक लगायतका पक्षहरुमा प्रभावकारी व्यवस्थापन भई गुणस्तरीय शिक्षातर्फ अग्रसर विद्यालय व्यवस्थापन बनाउन देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएको छ।

**उद्देश्यहरु**

१. सबै विद्यालयहरूमा तोकिएको कानुन सम्मत समितिहरू गठन र सक्रिय बनाउनु ।
२. योग्यता प्राप्त प्रधानाध्यापकको नियुक्ति,तहगत प्रधानाध्यापक व्यवस्थापन र निजहरूसँग कार्य सम्पादन सम्झौता बाट चुस्त दुरुस्त रुपमा विद्यालयहरू सञ्चालन गर्नु ।
३. विद्यालयको व्यवस्थापनलाई समावेशी र जवाफदेही बनाउनु ।
४. विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको जिम्मेवारी किटान गर्नु ।
५. विद्यालयमा शैक्षिक र वित्तीय सुशासनलाई चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही बनाउनु।

### ५.१.३ रणनीतिहरु

१. समसामयिक रूपमा विद्यालय सुधार योजना निर्माण, परिमार्जन र कार्यान्वयन गर्न स्थानीय सोत साधन परिचालन गर्ने ।
२. शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।
३. विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।
४. शिक्षक दरबन्दी मिलानतथा योग्य, दक्ष र सक्षम प्रधानाध्यापक करारमा नियुक्ति गरिनेछ ।
५. विद्यालय ब्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।
६. नियमानुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन र अद्यावधिक गर्ने।
७. विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिनेछ
८. सम्पुर्ण विद्यालयको नियमित रूपमा लेखा तथा सामाजिक परीक्षण गरिनेछ ।

९. विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिनेछ ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालय सञ्चालन एवम व्यवस्थापन कार्य चुस्तदुरूस्त, पारदर्शी र जवाफदेही भएको हुनेछ ।

**प्रमुख नतिजाहरु**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तथा माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक तथा वि.व्य.स प्रतिनिधिको ब्यवस्थापन | जना | ० | ० | २६ | ० | ० |
| २ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | विद्यालय (निरन्तर) | २६ | २६ | २६ | २६ | २६ |
| ३ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | विद्यालय | २६ | २६ | २६ | २६ | २६ |
| ४ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने विद्यालय सँख्या | विद्यालय | २६ | २६ | २६ | २६ | २६ |

### ५.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यान्वयन प्रकिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय सुधार योजना निर्माण र अध्यावधिक | विद्यालय | विद्यालयले नियमित रूपमा सुधार योजना निर्माण र अध्यावधिक गर्ने | पटक | १ | ० | ० | ० | ० |
| २ | आधारभुत तथा माध्यमिक विद्यालयका प्रधानाध्यापक तथा वि.व्य.स अध्यक्षलाइ नेतृत्व तथा क्षमता बिकास तालिम प्रदान | गाँउपालिका | | पटक | ० | १ | ० | ० | ० |
| ३ | मापदण्डमा आधारित रहेर विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालय सँख्या | विद्यालय तथा गाँउपालिका द्धारा सहयोग | | निरन्तर | | | | | |
| ४ | विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन | विद्यालय | विद्यालयले शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्ने | विद्यालय | १ | १ | १ | १ | १ |
| ५ | ब्यवस्थापन समिति, अभिभावक संघ प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास | गाउँपालिका र विद्यालय | गाउँपालिकाले तालिम, कार्यशाला सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ६ | विद्यालयको लेखा तथा सामाजिक परीक्षण | गाउँपालिका र विद्यालय | विद्यालयले निरन्तर गर्ने | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | वित्तीय सुशासनका लागि लेखा, खरिद र जिन्सी व्यवस्थापनमा आधुनिक पद्धतिको प्रयोग | गाउँपालिका विद्यालय | गाउँपालिका र विद्यालयको समन्वयमा पद्दतिको स्थापना र परिचालन गर्ने | पटक | ० | १ | ० | ० | ० |

## ५.२ उच्च शिक्षा र माध्यमिक शिक्षा सँगको सम्बन्ध

**परिचय**

नेपालको शिक्षा संरचनामा कक्षा १२ उत्तीर्ण गरेको जनशक्तिलाई प्रदान गरिने उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि स्नातक तह, स्नातकोत्तर तह, एम फिल तह र अनुसन्धान तह गरी चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ। देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगारोन्मुख तथा मूल्य उन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो। अहिले मुलुकमा संख्यात्मक रुपमा उच्च शिक्षा प्रदायक संस्थाहरुको विस्तार भएको देखिएतापनि गुणस्तरीय उच्च शिक्षाको पहुँच र अवसर समतामूलक बन्न सकेको छैन। यसका लागि तीनै तहका सरकार, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारका रुपमा सहभागी हुने अवसर खुला गरिदिनुपर्दछ। स्थानीय स्रोत र साधनको अत्याधिक सदुपयोग गर्दै गाउँपालिकामा सम्पत्तिको रुपमा रहेको प्राकृतिक स्रोत एवम् मौलिक ज्ञान, सीप, अनुभव, कला, संस्कति, सभ्यता आदिलाई अध्ययन अध्यापन र अनुसन्धानमार्फत गाउँपालिकाको विकासमा योगदान पुर्याउन सक्ने जनशक्ति उत्पादन गर्ने उच्च शिक्षाको अध्ययन अध्यापन गर्ने कलेजको स्थापना गर्न आवश्यक छ।

### ५.२.१ वर्तमान अवस्था

उच्च शिक्षा नीति २०७६ ले उच्च शिक्षाको सम्बन्धमा केही महत्त्वपूर्ण कुराहरु सम्बोधन गर्नेगरी केही नीतिहरु अघि सारेको छ जसमध्ये विश्वविद्यालयस्तरको शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नुका साथै सूचना प्रविधिको प्रयोग बढाउने, चिकित्सा शिक्षालाई सेवामूलक तथा गैरनाफामूलक बनाउने, आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेशमै विशेषज्ञ जनशक्तिको उत्पादन गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने, उच्च शिक्षामा विभिन्न विधामा अध्ययन तथा अनुसन्धान विस्तार गर्नुका साथै हालको शिक्षाशास्त्रको शैक्षिक कार्यक्रमको समयानुकूल पुनरावलोकन तथा पुनर्संरचना गर्ने, उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने, ज्ञान, सिप र अभिवृत्तिको व्यवाहारिक अनुभव हासिल गर्न र उच्च शिक्षाको लाभ प्रत्यक्ष रुपमा जनतासमक्ष पुर्याउन अनिवार्य सामाजिक सेवाका रुपमा **"राष्ट्रिय विकास सेवा"** सञ्चालन गर्ने,

पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवम् परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, मानविकी, समाजशास्त्र, मानवशास्त्र, जैविक विविधता, पर्यटन, जडीबुटी लगायत सम्पदामा आधारित अध्ययन तथा अनुसन्धानको व्यवस्ता मिलाउने, साधारण विषय अध्यापन गराइरहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रुपमा रुपान्तरण गर्ने आदि महत्त्वपूर्ण रहेका छन्। उल्लिखित नीतिहरु अवलम्बन गर्दै गेरुवा गाउँपालिकाले समेत आफ्नो पालिकामा उच्च शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्ने अवस्था देखिन्छ।

देशले विविध क्षेत्रमा उन्नति हासिल गर्नको लागि दक्ष जनशक्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। उच्च शिक्षा विशिष्टिकृत हुने भएकोले विद्यार्थीहरुले आफ्नो रुचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्दछन् जसबाट समाज र देशले विशेष फाइदा पाउन सक्ने आशा गर्न सकिन्छ। गेरुवा गाउँपालिकामा **गेरुवा बहुमुखी क्याम्पस** हालै उच्च शिक्षा प्रदायक शिक्षण संस्थाको स्थापना भएकाले यसको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित निकायसँग समन्वय गर्नु पर्ने देखिन्छ। गाउँपालिकाको विकासको मूल आधारसमेत रहेको दक्ष जनशक्ति रहेकोले पालिकाभित्र उच्च शिक्षा अध्ययन गर्न ईच्छुक तथा अध्ययनरत विद्यार्थीहरुलाई पालिकाबाट प्रोत्साहनमूलक कार्यक्रमहरु तर्जुमा गरी अगाडि बढाउन जरुरी देखिन्छ।

उच्च तहको शिक्षामा गाउँपालिका र समग्र मुलुकले अपेक्षाअनुरुप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि गाउँपालिका रहेका माध्यमिक विद्यालयहरुमा गुणस्तरीय किसिमबाट अध्ययन अध्यापनको व्यवस्था गर्नु, उच्च शिक्षाको निम्ति आवश्यक पर्ने भौतिक पूर्वाधार र आर्थिक लगानी प्रवर्द्धन गर्नु, दक्ष र योग्य जनशक्तिको व्यवस्थापन गर्नु, र हाल सञ्चालनमा रहेको साधारण विषयहरु अध्ययन अध्यापन गरिने कलेजहरुलाई प्राविधिक विषय अध्ययन अध्यापन गर्ने कलेजको रुपमा परिणत गर्नु, उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई गाउँपालिकामा विद्यमान शैक्षिक बेरोजगारीको न्यूनीकरण गर्नु, उच्च शिक्षालाई उत्पादन र आर्थिक उपार्जनसँग जोड्दै जनताको समृद्धि र गाउँपालिकाको विकासको साधक बनाउनु, गाउँपालिकामा उपलब्ध जल, जमिन, जङ्गल, जडीबुटि र जैविक विविधता, पर्यावरण, मौलिक कला, संस्कृति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने कलेजहरुको प्रभावकारी सञ्चालन गर्नु र उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरुलाई गाउँपालिका भित्रै आकर्षित गरी रोजगार सिर्जना गर्नु जस्ता सवाललाई गाउँपालिकामा विद्यमान उच्च शिक्षाका चुनौतीका रुपमा लिन सकिन्छ।

गाउँपालिकामा क्याम्पस स्थापना र प्रभावकारी सञ्चालन गर्ने सन्दर्भमा पालिकाको १ विद्यालयमा प्राविधिक धार कक्षा ९ र १२ सञ्चालनमा रहनु, प्राकृतिक स्रोत साधन र यहाँका स्थानीय समुदायको मौलिक कला संस्कृतिमा आधारित अध्ययन, अध्यापन र अनुसन्धानका गतिविधिहरु सञ्चालन गर्न सकिने सम्भावना हुनु, खेतीयोग्य जमिन पर्याप्त भएकोले कृषिसम्बन्धी क्याम्पस स्थापना गरी सञ्चालन गर्नका

लागि उपयुक्त परिवेश हुनु आदिलाई यस गाउँपालिकाको उच्च शिक्षाको अवसरका रुपमा लिन सकिन्छ।

### ५.२.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

१. गेरूवा बहुमुखी क्याम्पसले उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्न योगदान गर्नु

**उद्देश्यहरु**

१. गेरुवा गाउँपालिकामा उच्च शिक्षा प्रदायक एक क्याम्पसको प्रभावकारी सञ्चालन गर्नु
२. उच्च शिक्षामा गाउँपालिका र समग्र मुलुकले अपेक्षा गरेअनुरुप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गर्नु
३. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूक बनाउन योगदान गर्नु
४. उच्च शिक्षालाई गाउँपालिकाको मौलिक ज्ञान र पहिचानको आधार स्तम्भका रुपमा स्थापित गर्नु
५. गाउँपालिकाको समग्र विकास र समृद्धिका सबै पक्षमा कुशल नेतृत्त्वदायी भूमिका निर्वाह सक्ने सान्दर्भिक, उपयोगी, गुणस्तर एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल प्रतिस्पर्धी र अब्बल जनशक्ति उत्पादन गर्नु

### ५.२.३ रणनीतिहरु

यस योजनामा उल्लिखित उद्देश्यहरु हासिल गर्नका लागि देहायका रणनीतिहरु अवलम्बन गरिनेछः

१. क्याम्पस स्थापनार्थ गठन भएको समितिलाई सक्रिय रुपमा कार्य सम्पन्न गर्न लगाई पालिकामा एक उच्च शिक्षा प्रदायक क्याम्पस ब्यवस्थित रूपमा सञ्चालन गर्ने।
२. क्याम्पस सञ्चालन र व्यवस्थापनका लागि आवश्यक स्रोत र साधनको प्रवन्ध मिलाउने।
३. गाउँपालिका र समग्र मुलुकले गरेको अपेक्षा अनुरुप उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रुपमा गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुमा प्राविधिक विषयहरुको अध्ययन अध्यापन गुणस्तरीय बनाउन पहल गर्ने।
४. कृर्षि, वन, पूर्वीय दर्शन, पशुपंक्षीपालन लगायतका प्राविधिक विषयहरु तथा होटल व्यवस्थापन जस्ता विषयहरुको अध्ययन अध्यापन हुने गरी कलेजहरुको स्थापना र सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने।

५. उच्च शिक्षालाई कमाउँदै र सिक्दैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्ष रुपमा आयआर्जनसँग आवद्ध गरी सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने।

६. उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक उपयोग गर्दै गाउँपालिका तहमा सञ्चालन गरिने उच्च शिक्षाका कार्यक्रमहरुलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरको हुने गरी स्तरीय र आकर्षक बनाउन संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने।

७. उच्च शिक्षाको पठनपाठनलाई परियोजनामा आधारित, खोजमुखी र अनुसन्धान केन्द्रित बनाई विद्यार्थीलाई स्वायत्त बनाउँदै ज्ञान निर्माण तथा उत्पादनमा केन्द्रित गरी उच्च शिक्षालाई उत्पादन र सेवाका अन्य क्षेत्रसँग आबद्द गराउने ।

८. विश्वसनियता एवम् प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चितता हुने गरी खुला एवम् दूर शिक्षामार्फत उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने।

९. उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरिब, अपाङ्ग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरुलाई अहिलेको जस्तै उचित छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई अझै विस्तार गरी कार्यान्वयन गर्ने।

१०. उच्च शिक्षामा पर्याप्त लगानीका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।

### ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

**उपलब्धि**

१. माध्यमिक शिक्षालाई उच्च शिक्षाको पूर्वाधारको रुपमा विकास गरी गाउँपालिकामा सञ्चालन भएको उच्च शिक्षाको कार्यक्रमबाट उत्पादित उच्च क्षमता, उच्च अभिप्रेरणा, उच्च मनोबल, उच्च नैतिकता र उच्च दक्षता भएको जनशक्ति उत्पादनमा सहयोग पुगेको हुनेछ।

**प्रमुख नतिजाहरु**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाइ उच्च शिक्षा प्रदान गर्ने उद्धेश्यले छात्रवृति वितरणका निम्ति निश्चित तयार गरिने मापदण्ड संख्या | स्थानीय तह | १ | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | उच्च शिक्षालाई पढ्दै कमाउँदैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्ष रुपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन गर्ने कार्यक्रम | स्थानीय तह | २ | २ | २ | २ | २ |
| ३ | स्वयमसेवकीय सामाजिक सेवाका रुपमा राष्ट्रिय विकास सेवा अन्तर्गत समुदायको सेवा तथा गाउँपालिकाको विकासका लागि उच्च शिक्षाका विद्यार्थीहरु | स्थानीय तह | निरन्तर | | | | |
| ४ | उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रुपमा गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुको क्षमता विकास | स्थानीय तह | निरन्तर | | | | |

## ५.२.५ प्रमुख क्रियाकलापहरु र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | उच्च शिक्षा प्रदायक क्याम्पस प्रभावकारी सञ्चालन | गाउँपालिका | निरन्तर | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | पढ्दै कमाउँदैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्षरुपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन | गाउँपालिका | निरन्तर | १ | १ | १ | १ | १ |
| ३ | कृषि, वन, पूर्वीय दर्शन, पशुपंक्षी पालन लगायतका प्राविधिक विषयहरु तथा होटल व्यवस्थापन जस्ता विषयहरुको अध्ययन अध्यापन | गाउँपालिका | पटक | ० | ० | १ | १ | १ |
| ४ | उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग | गाउँपालिका | पटक | १ | १ | ० | ० | ० |
| ५ | उच्च शिक्षामा छात्रवृत्ति | गाउँपालिका | पटक | १ | १ | १ | १ | १ |

## परिच्छेद ६

## शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना अन्तर्गत संघीय प्रणाली अनुसार तीनै तहको सरकारले शिक्षाको क्षेत्र अधिकारलाइ व्यवस्थापन गर्न खोजेको छ। संघीय संरचना अनुसार तीन तहको सरकारका अधिकार, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवद्धन गर्न आवश्यक देखिन्छ । शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्र,पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोग, शैक्षिक गुणस्तर परीक्षण केन्द्र,प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई रहेका छन् । त्यसैगरी प्रदेश अन्तर्गत सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास डिभिजन कार्यालय रहेका छन् र स्थानीय तहमा सामाजिक विकास समिति अन्तर्गत शिक्षा,युवा तथा खेलकुद शाखा रहेको छ ।

संविधानको अनुसुची ८ मा स्थानीय तहको आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी एकल अधिकारको व्यवस्था गरेको हुँदा सोहि आधारमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा

२ (ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी देहाय बमोजिमका २३ वटा अधिकार क्षेत्र एवम जिम्मेवारीहरु तोकिएको छन।

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक एवम् निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयहरुको स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकासर
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

संविधान र ऐनकानुनले तोकिएका जिम्मेवारीहरू सम्पादन गर्नका लागि लुम्बिनी प्रदेशमा सामाजिक विकास मन्त्रालयको नेतृत्वमा सामाजिक विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र र प्रत्येक दुई जिल्लामा काम गर्नका लागि सामाजिक विकास डिभीजन कार्यालयहरुको स्थापना गरी कामकाज भइरहेको छ । संघीय सरकारको मातहतमा रहेको शिक्षा विकास तथा समन्वय इकाइ र प्रदेश सरकारको मातहतमा रहेको सामाजिक विकास डिभिजन कार्यालयको बीचमा कामकाजको क्रममा सरोकारवालाहरुको बीचमा अनावश्यक द्विविधा देखिएको अवस्था पनि छ ।यद्यपि यस्ता द्विविधाहरु अरु सवालहरुमा पनि देखापरेका छन् । संविधानले तोके बमोजिमका शिक्षाका कार्यहरु स्थानीय तहमा शिक्षा, युवा तथा खेलकूद शाखाबाट संचालन हुदै आइरहेकोछ ।

मुलुकमा मूल कानुनको रुपमा संविधान जारी भए पनि अरु कानूनहरु बनिसकेको अवस्था छैन । संविधानले कुन सरकारले शिक्षाको कुन काम कुन तह, निकाय वा कार्यालयले गर्ने भन्ने सम्बन्धमा कानून बनाइ स्पष्ट नितिगत व्याख्या गर्नु आवश्यक छ । यस्तो अवस्थामा शिक्षा ऐन २०२८ र नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ सबै पुरानै छ र संघीयताको मर्म अनुरुप संशोधन हुन सकिरहेको छैन । कतिपय स्थानीय तहबाट संविधानले आफुलाई दिएको अधिकार भनेर शिक्षकको नियुक्ति र सरुवा, माध्यमिक शिक्षा परीक्षा सञ्चालन, विद्यालयहरुको भौतिक पूर्वाधार विकास लगायतका सवालहरुमा काम गर्न रुचि देखाएको अवस्था छ । विद्यालय शिक्षासम्बन्धी धेरै अधिकार स्थानीय तहलाई भएको र हालको अवस्थामा स्थानीय तहमा शिक्षासम्बन्धी काम गर्ने संरचना र जनशक्ति नभएको कारण शिक्षा क्षेत्रमा काम गर्न कठिनाइ श्रृजना भएको छ ।आधारभूत तहको अन्तिम परीक्षा स्थानीय तहबाट सञ्चालन गर्ने गरिएको छ । विद्यालय अनुगमन तथा सुपरीवेक्षणको पाटो केही कमजोर भएको देखिन्छ र विद्यालयका शिक्षकहरूको पेशागत विकास कार्यक्रमहरू पनि पर्याप्त हुन सकिरहेको छैन । यस परीस्थितिमा स्थानीय तहले संघ र प्रदेशसँग सहकार्य र समन्वय गरी वर्तमान शिक्षा क्षेत्रको संस्थागत संरचना र क्षमता विकास गर्दा यस योजनाको सफल कार्यान्वयनमा सहयोग पुग्नेछ ।

गेरुवा गाउँपालिकामा २६ वटा सामुदायिक विद्यालय, ७ वटा संस्थागत विद्यालय र ४ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन। त्यसैगरी गाउँपालिकाले आफ्नै स्रोतमा १ शिशु स्याहार केन्द्र सञ्चालन गरेको छ।प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा स्टाफ नर्सको ब्यवस्थापन गरेको छ। यस गाउँपालिकामा नमुना विद्यालय र प्राविधिक धारको रूपमा सञ्चालन भएको १ मात्र सामुदायिक श्री एकप्रिय राठोर माध्यमिक विद्यालय पाताभार रहेको छ।प्रत्येक बाल विकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्थागरिएकोछ। यस पालिकाले पनि विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षकको क्षमता विकास, बालबालिकाहरूका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन, सूचना सञ्चार प्रविधिका उपकरणको विस्तार र प्रयोग, विद्यार्थी सिकाइ सहजीकरण मूल्याङ्कनमा एकरूपता,विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास र उत्तरदायित्व

बोध र सरोकारवाला हरूलाई सक्रिय बनाइ विद्यार्थी सिकाइमा जिम्मेवार बनाउने गरी कार्यक्रम तय गरेको छ

**चुनौतीहरू**

संविधानमा संघ, प्रदेश र स्थानीय तहको शिक्षाका अधिकारका सम्बन्धमा गरेको व्यवस्थाका बारेमा सबैको बुझाइमा एकरुपता कायम नहुनु, शिक्षाको बजेट बाँडफाँडको सम्बन्धमा मत भिन्नता हुनु, एकअर्काबिचको समन्वयका लागि सुदृढ कानूनी एवम् संस्थागत र संरचनागत व्यवस्था नहुनु, संघीय संरचनाअनुसारको शिक्षाको ऐन कानून निर्माण नहुनु, स्थानीय तहसम्बन्धी पर्याप्त जनशक्ति र संरचनाको व्यवस्था नहुनु जस्ता चुनौतीहरु प्रमुख रुपमा रहेका छन्। संविधानले तोकेका शिक्षाका साझा अधिकारको सूचिमा थप स्पष्टता ल्याउनु, शिक्षाका तहगत संरचनाहरुको आवश्यकताको आधारमा व्यवस्थापन गर्नु, अभिभावक र शिक्षाका सरोकारवालाहरुको शिक्षा र बालबालिकाप्रति समुचित किसिमले ध्यानाकर्षण गराउनु, सामुदायिक विद्यालयहरुको क्षमता विकास गर्नु, स्थानीय तहमा सुपरीवेक्षण र अनुगमन गर्नका लागि उपयुक्त संरचना र क्षमताको विकास गर्नु, स्थानीय तहमा भएको शिक्षासम्बन्धी अधिकार र जिम्मेवारी अनुसार आवश्यक पर्ने संरचना र जनशक्तिको विकास गर्नु आदि मुख्य चुनौतीका रुपमा रहेका छन्।

**अवसरहरू**

मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीसहित संघीय राज्य प्रणाली कार्यान्वयनमा आएपछि तीनवटै तहका सरकारहरुले शिक्षाको संरचनामा चासो राखेर काम गर्ने प्रयास गरिरहेका छन। तीनवटै सरकारहरुले आ-आफ्नो किसिमले क्षमता विकासका कार्यक्रम सञ्चालन गरिरहेका छन्। विद्यालयहरुको भौतिक संरचनाको विकास र विस्तारले तुलनात्मक किसिमले प्राथमिकता पाएको छ। गेरूवा गाउँपालिकाले दरबन्दी अपर्याप्त रहेको अवस्थामा पालिकाबाट आफ्नै स्रोतबाट शिक्षक व्यवस्थापन, क्षमता अभिवृद्धि ,भौतिक संरचनाको स्तरोन्नती र नयाँ भौतिक संरचना निर्माण जस्ता कार्यहरुमा बजेट ब्यवस्थापन गर्दै आइरहेको अवस्था छ। बालविकास देखि कक्षा १२ सम्मको कक्षा सञ्चालनको अनुमति स्थानीय तहले दिने ब्यवस्था भएको हुँदा पालिकाभित्रको विद्यालयहरुको स्थापना, अनुमति, सञ्चालन ,ब्यवस्थापन, अनुगमन र नियमन समेतको कार्य स्थानिय तहले गर्ने र सो कार्यलाइ अवसरको रूपमा लिइएको छ।

### ६.१.२ उद्देश्यहरू

गुणस्तरीय शिक्षाका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तरसरकार सम्बन्ध र उपलब्धिमूलक क्षमता विकास गर्न देहाय बमोजिमका उद्देश्यहरु कायम गरिएका छन् ।

१. संविधानको मर्मअनुसार स्थानीय तहमा शिक्षा हेर्ने निकायको पुर्नसंरचना र क्षमता विकास गर्नु
२. संविधानको मर्मअनुसार आवश्यक पर्ने कानून निर्माण गरी तीनै तहको सरकारबिचमा अधिकार र जिम्मेवारीका सम्बन्धमा देखिएका अन्यौलताहरुको निराकरण गर्न सहयोग गर्नु
३. संघीय संरचना बमोजिम शिक्षालाई विकेन्द्रिकरण गरी गुणस्तरीय, जवाफदेही र नतिजामुखी बनाउनु ।
४. संविधानबाट प्रदत्त अधिकार र जिम्मेवारीको प्रभावकारी रुपमा सदुपयोग र सम्पादन गर्नका लागि आवश्यक संरचनाको निर्माण तथा कार्यान्वयन गर्नु ।
५. शिक्षक तथा विद्यालय कर्मचारीलाई कार्यसम्पादनप्रति उत्तरदायी, नतिजामुखि, जवाफदेही बनाउनु ।

### ६.१.३ रणनीतिहरू

उल्लेखित उद्देश्यहरु हासिल गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछ।

१. स्थानीय तहमा शिक्षकहरुको दरबन्दी मिलान, स्थानीय तहभित्र शिक्षकहरुको सरुवा, कार्यसम्पादन मूल्याङ्कन, विद्यालयहरुको नक्साङ्कन, विद्यालयहरुको सञ्चालन अनुमति, प्रत्येक वडामा पुस्तकालय एवम् वाचनालयको व्यवस्था, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र साक्षरतासम्बन्धी कार्यक्रमको सञ्चालन, शैक्षिक संस्थाहरुको अनुगमन जस्ता काम गर्नका लागि स्थानीय तहअन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखामा एक संरचनाको विकास गर्ने।
२. शिक्षक दरबन्दी पुनर्वितरण गर्दा पनि शिक्षक दरबन्दी नपुग हुने अवस्थामा संघ, प्रदेश सरकार र स्थानीय तहबाट सिर्जना हुने शिक्षक दरबन्दीमा शिक्षक पदपूर्ति एवम् विद्यालय कर्मचारीको पदपूर्तिका लागि संघ, प्रदेश सरकारसँग समन्वय गर्ने।
३. विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि विद्यालयमा सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गर्ने। यसरी व्यवस्था गरिएका प्रधानाध्यापकहरुले स्थानीय तहसँग करार सम्झौता गरी काम गर्नु पर्नेछ। पाँच वर्षपछि पुनः प्रधानाध्यापक हुन उपयुक्त देखिएमा अर्को विद्यालयमा खटाउने।
४. बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाउने। बालाबालिकालाई विद्यालयमा नियमित पठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध गराउन आवश्यक कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने।

५. शिक्षण पेसाप्रति समर्पित र सक्षम जनशक्तिलाई शिक्षण पेसामा प्रवेश गर्ने गराउने वातावरण सिर्जना गर्नका लागि वस्तुनिष्ठ मापदण्ड र वैज्ञानिक तवरले शिक्षक छनौटको व्यवस्था मिलाउने।
६. तीनवटै सरकार र तिनका संरचनाहरुको बिचमा प्रभावकारी सहकार्यका लागि आवश्यक समन्वयात्मक वातावरण सिर्जना गर्ने।
७. गाउँपालिका स्तरमा विषयगत रोष्टरबाट करारमा व्यवस्थापन गरी शिक्षक सहायता प्रणाली स्थापना गर्ने ।
८. प्रारम्भिक बालविकास कक्षादेखि गाउँपालिकाको सबै विद्यालयको निश्चित मापदण्डकोआधारमा संस्थागत क्षमता विकास र विद्यालयको वर्गिकरण र स्तरीकरण गर्ने ।
९. विद्यालयको वार्षिक रुपमा कार्यसम्पादन परीक्षण गर्ने।

### ६.१.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१. विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी र जवाफदेही प्रणालीको विकास भएको हुनेछ।
२. गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना,प्रभावकारी तहगत अन्तर सम्बन्ध र उपलब्धिमुलक क्षमता विकास भएको हुनेछ ।

**नतिजा**

१. कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचना, कार्यक्षेत्र र अधिकार बाँडफाँटमा स्पष्टता आएको हुनेछ।
२. संविधानको मर्मअनुसार तीनै तहको बिचमा समन्वय, सहकार्य र सहअस्तित्त्वका आधारमा कार्यक्षेत्र र जिम्मेवारीहरु गुणस्तरीय किसिमबाट सम्पादन भएको हुनेछ।
३. शैक्षिक निकाय र विद्यालयहरु गुणस्तर, सुशासन र क्षमता विकासका हिसाबले नागरिक समाजले अनुभूत गर्ने गरी विकास भएको हुनेछ।

### ६.१.५ .प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | क्रियाकलापहरु | जिम्मेवार निकाय | प्रकिया | इकाई | भौतिक लक्ष्य ५ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षामा आवश्यकता अनुसारको संरचना र जनशक्तिको प्रवन्ध | गाउँपालिका | नीतिगत तथा कानुनी व्यवस्था, मापदण्ड विकास गरी शिक्षामा आवश्यकता अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन गर्ने | निरन्तर | | | | | |
| २ | शिक्षक छनोट | गाउँपालिका | कार्यविधि निर्माण गरी वस्तुनिष्ठ र वैज्ञानिक तवरले शिक्षक छनोट गर्ने | निरन्तर | | | | | |
| ३ | शिक्षासम्बन्धी क्षमता विकास तालिम | गाउँपालिका | शिक्षासम्बन्धी छोटो अवधिका प्रशिक्षण कार्यक्रम सञ्चालन गरि सरोकारवालाको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ४ | शिक्षक दरबन्दी मिलान र शिक्षक व्यवस्थापन | गाउँपालिका | शिक्षक दरबन्दी मिलान, नयाँ दरबन्दी स्वीकृत, सृजना र पुनर्वितरण गरी आवश्यकता अनुसार शिक्षक पदपूर्ति गर्ने | आवश्यकतानुसार | | | | | |
| ५ | योग्य, सक्षम, दक्ष र अधिकार सम्पन्न प्रधानाध्यापक तथा जवाफदेहि ब्यवस्थापन समितिको व्यवस्था | विद्यालय गाउँपालिका | विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि योग्य, सक्षम र दक्ष प्रधानाध्यापक छनोट शसक्त र जवाफदेहि ब्यवस्थापन समिति गठनमा अभिभावक सचेति करण गर्ने | पटक | १ | ० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सार्वजनिक पद धारण गरेका अभिभावकलाई बालबालिकाको शिक्षा प्रति जिम्मेवार बनाउन कानुन निर्माण र कार्यान्वयन | विद्यालय पालिका | सार्वजनिक पदधारण गरेका जनप्रतिनिधि, शिक्षक र कर्मचारी सबैले अनिवार्य रूपमा आफ्ना परिवारका बालबालिकालाइ सामुदायिक विद्यालयमा भर्ना गरी अध्ययन गराउने नीतिगत व्यवस्था गर्ने | निरन्तर | | | | | | |

## ६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

योजनाको अपेक्षित नतिजा हासिल गर्नका लागि योजना कार्यान्वयनको उपयुक्त प्रबन्ध गर्नु आवश्यक छ । योजनाको प्रभावकारिता योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा निर्भर रहन्छ। योजनाको दुरदृष्ट्रि, योजनाले राखेका दीर्घकालिन सोच, लक्ष्य र उद्दश्येहरू पूरा गर्न गराउन योजनाको प्रभावकारी कार्यन्वयन हुनु पर्दछ। यस योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, योजनाका समग्र उद्देश्यहरु तथा रणनीतिहरुका आधारमा योजनाको प्रभाव एवम मुल्याङकन गरिएको छ। निर्धारित लक्ष्य एवम उदेश्यहरू पुरा गर्नका लागि आवश्यक उपलब्धी तथा यसका सूचकहरु निर्धारण गरी योजनाको पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आँकलन गरिएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरु तथा तिनका सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी उल्लेख गरिएको छ। नतिजा खाकाले समग्र विद्यालय शिक्षा प्रणालीलाई नतिजा प्रति जवाफफदेही बनाउन सहयोग गर्दछ। यस गाउँपालिकामा शैक्षिक कार्यक्रम सँग सम्बद्ध नियामक, नियमनकारी तथा सहयोगी कार्यालय तथा संगठनहरु देहाय बमोजिम रहेका छन्।

क) संघीय निकायहरुः (मन्त्रालय, CEHRD, NEB, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय किताबखाना (शिक्षक), शिक्षा विकास तथा समन्वय इकाइ आदि)

ख) प्रदेश मातहतका निकायहरुः ( सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, सामाजिक विकास डिभिजन कार्यालय आदि)

ग) स्थानीय तहअन्तर्गतका निकायहरुः (गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा, विषयगत शाखाहरु,विभिन्न समितिहरु, वडा कार्यालयहरु, विद्यालयहरु)

घ) विद्यालयअन्तर्गतः (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विभिन्न समितिहरु, बाल क्लव, जुनियर रेडक्रस सर्कल)

ङ) विभिन्न संघ संस्था तथा व्यक्तिहरु

गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाअन्तर्गत एक जना अधिकृतस्तर र एक जना प्राविधिक सहायकको दरबन्दी रहेको छ र सो दरबन्दीमा दुबै जना कर्मचारी कार्यरत रहेका छन्। गाउँ शिक्षा समिति पनि गठन भई सक्रिय रहेको छ।त्यसै गरी विद्यालयहरुमा नियमानुसारले विद्यालय व्यवस्थापन समितिहरु समेत गठन भएका छन्।विद्यालयहरुमा शिक्षक अभिभावक संघ पनि गठन भएका छन्।सबै विद्यालयहरुमा प्रधानाध्यापकहरु नियुक्त भएका छन्।साथै प्रत्येक वडामा वडाध्यक्ष लगायत वडा सदस्यहरुले पनि शैक्षिक गतिविधिहरुमा सहभागिता जनाउने गरेका छन्।त्यसै गरी विद्यालयको अनुगमनका लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्त्वमा शिक्षा समितिका सदस्यहरू, शिक्षा प्रमुख सदस्य सचिव रहनेगरी एक अनुगमन समिति रहेको छ ।त्यसैगरीकक्षाकोठा अवलोकन र शिक्षक पेशागत विकास सहयोगका लागि बिषयगत शिक्षकहरूको प्रतिनिधित्व सहितको शिक्षा प्रमुखको संयोजकत्वमा ११ सदस्यीय एक पालिकास्तरिय रोष्टर समिति पनि गठन भएको छ।

### ६.२.२ लक्ष्य

शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने।

### ६.२.३ उद्देश्य

योजनाको कार्यान्वयन एवम् दिगोपन, प्रभावकारिता तथा कार्य कुशलताका लागि देहाय बमोजिमका उद्देश्य निर्धारण गरिएका छन्।

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु
२. शिक्षाको वार्षिक कार्यक्रमतथा बजेट तर्जुमा र कार्यान्वयन गर्नु
३. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका तयार गर्नु
४. स्थानीय तहका शिक्षा शाखाको कर्मचारी लगायत सरोकारवालाहरुको क्षमता विकास गर्नु
५. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयारी, समीक्षा गर्नु र सुधार गर्नु,
६. आवश्यक स्रोतको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरी अपेक्षित उद्देश्य हासिल गर्नु

### ६.२.४ रणनीति

निर्धारित उद्देश्य हासिल गर्न अपाउनु पर्ने रणनीतिहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन कार्यविधि तथा निर्देशिका विकास गर्ने
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने
७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा बिताउने समय र कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने
९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने
१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

### ६.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, मापदण्ड तथा निर्देशिका तयार भई वार्षिक योजना र यथोचित बजेटको सुनिश्चितता सहित सरोकारवालाहरुको सहभागितामा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता हुनेछ।
२. प्रत्येक बर्ष शिक्षाको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र त्यस्को कार्यान्वयन भएको हुनेछ

३. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका तयार भएको हुनेछ ।

४. शिक्षाशाखाको कर्मचारी लगायत सरोकारवालाहरुको क्षमता विकास भएको हुनेछ ।

५. आवश्यक स्रोतको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरी अपेक्षित उद्देश्य हासिल भएको हुनेछ ।

६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाको विवरण तयारी, समिक्षा र कार्यक्रम कार्यन्वयनमा सुधार गरिएको हुनेछ।

### ६.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यान्वय प्रक्रिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पालिका/ शिक्षा शाखा | शिक्षा योजनामा भएका कार्यक्रमहरू समावेश गरी बजेट निर्माण र छलफल गर्ने | पटक | १ | १ | १ | १ | १ |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | विद्यालय | कार्यदल गठन कार्याशाला सञ्चालन | पटक | १ | १ | १ | १ | १ |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | विद्यालय/ शिक्षा शाखा | अभिमुखिकरण तथ्याङ्क प्रविष्ट र निरन्तर Follow up | पटक | २ | २ | २ | २ | २ |
| ४ | कानुन, कार्यविधि र निर्देशिका निर्माण | गाउँ कार्यपालिका | मस्यौदा लेखन समितिले तयार गरेकोमस्यौदा माथि छलफलगरी | पटक | १ | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गाउँ कार्यपालिकाले निर्णय गर्ने | | | | | | |
| ५ | विद्यालय सुपरीवेक्षण तथा अनुगमन | गाउँपालिका/ संघ संस्था/ सरोकारवाला | कार्य योजना बनाइ निरन्तर अनुगमन गरी प्रतिवेदन पेश गर्ने | निरन्तर | | | | | |
| ६ | शिक्षा शाखाको कर्मचारी लगायत सरोकारवालाको क्षमता विकास | गाउँपालिका/ संघ संस्था/ सरोकारवाला | तालिम/ गोष्ठी/ कार्यशाला/ बैठक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ |
| ७ | शैक्षिक वार्षिक प्रगति प्रतिवेदन तयारी र समीक्षा | शिक्षा शाखा | वार्षिक प्रगति प्रतिवेदन तयार गरी अन्तर्क्रिया, समिक्षा र गोष्ठी सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ |

# परिच्छेद ७
# लगानी  र स्रोत व्यस्थापन

## ७.१ योजनाको मध्यावधि समीक्षा

### ७.१.१ परिचय

यस गाउँपालिकाले गुणस्तरीय शिक्षा प्रदान गर्ने उदेश्यले गाउँपालिकाको पहिलो प्रयास स्वरूप गाउँ शिक्षा योजना (२०७८/७९-२०८२/८३) स्वीकृत गरी कार्यान्वयन गरिएको थियो । उक्त योजना लागू भएको हाल चौथो वर्ष चलिरहदाँ आधार वर्ष २०७८/७९ मा रहेको शैक्षिक सूचकहरुमा के-कस्ता परिवर्तन आए, निर्धारण गरिएका सूचकका लक्ष्यहरु के कति पूरा भए भएनन् र अबको कार्यदिशा र रणनीति के हुने भनेर योजनाको मध्यावधि समीक्षा गर्न जरुरी छ।यस खण्डमा गाउँ शिक्षा योजना

(२०७८/७९-२०८२/८३) ले निर्धारण गरेको प्रमुख कार्यसम्पादन सूचकहरु (KPIs) मा भएको प्रगति विवरणलाई समीक्षात्मकरुपमा देहायबमोजिम प्रस्तुत गरिएको छ।

**तालिका नँ २७**

**७.१.२ प्रमुख कार्यसम्पादन सूचकको प्रगति समीक्षा**

| क्र.स. | सूचकहरु (Indicators) | आधारवर्ष २०७८/०७९ | लक्ष्य र उपलब्धी | |
|---|---|---|---|---|
| | | | २०८०/०८१ को लक्ष्य | २०८०/०८१ उपलब्धी |
| **१** | **आधारभूत शिक्षा (बालविकास र शिक्षा)** | | | |
| १.१ | बालविकास तथा शिक्षामा कुल भर्ना दर (GER) | १३० | १२८ | १००.८ |
| १.२ | ४ वर्ष उमेर समुहका बालबालिकाहरुको भर्ना अनुपात(खुद भर्ना दर) | ८० | ८४ | ७३.१ |
| १.३ | न्यूनतम योग्यता पुगेका बालविकास सहजकर्ता प्रतिशत | ८६% | ८९% | ८२.१४% |
| १.४ | आधारभूत तालिम प्राप्त बालविकास सहजकर्ता प्रतिशत | ९६% | ९८% | ९६.४२% |
| १.५ | कक्षा १ मा बालविकासको अनुभवसहित भर्ना | ६४ | ७० | ९५.८ |
| **२** | **आधारभूत शिक्षा** | | | |
| २.१ | कक्षा १ मा कुल भर्ना दर | ११० | १०७ | १०८.२ |
| २.२ | कक्षा १ मा खुद भर्ना दर | ९८ | ९९.५ | ९६.२ |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | १०५ | १०३ | १२३.१ |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९८ | ९९ | ९५.९ |
| २.५ | कक्षा १-५ विद्यालय/शिक्षक अनुपात | | | १: ४.५३ |
| २.६ | कक्षा १-५ शिक्षक/विद्यार्थी अनुपात | १ :२६ | १: २८ | १: १७ |
| २.७ | कक्षा ५ मा उत्तीर्ण दर | ९४.६ | ९६ | ९०.३ |
| २.८ | कक्षा ५ मा दोहर्याउने दर | २.४ | २.२ | ४.७ |
| २.९ | कक्षा ५ मा छाड्ने दर | ३.१ | २.५ | १.५ |
| २.१० | कक्षा १-८ मा कुल भर्ना दर | १०५ | १०३ | १२४ |

| | | | | |
|---|---|---|---|---|
| २.११ | कक्षा १-८ मा खुद भर्ना दर | ९८.७ | ९९ | ९६.० |
| २.१२ | कक्षा १-८ को कुल भर्ना दरमा लैङ्गिक समता सूचकांक | १.०३ | १.०१ | ०.९० |
| २.१३ | कक्षा ८ मा टिकाउ दर | ७६ | ७८ | ८६.३ |
| २.१४ | कक्षा ८ मा उत्तीर्ण दर | ९० | ९२.५ | ८४.७ |
| २.१५ | कक्षा ८ मा दोहर्याउने दर | ४.२ | ३.९ | १०.२ |
| २.१६ | कक्षा ८ मा छाड्ने दर | ६ | ४ | २.३ |
| २.१७ | कक्षा ६-८ विद्यालय/शिक्षक अनुपात | | | १:३.५० |
| २.१८ | कक्षा ६-८ शिक्षक विद्यार्थी अनुपात | | | १:३४ |
| ३ | **माध्यमिक शिक्षा** | | | |
| ३.१ | कक्षा ९-१० कुल भर्ना दर | ८५ | ८७ | ९०.९ |
| ३.२ | कक्षा ९-१० खुद भर्ना दर | ६६ | ६८ | ६९.९ |
| ३.३ | कक्षा १० मा उत्तीर्ण दर | ९८.९ | १०० | ९५.९ |
| ३.४ | कक्षा १० मा दोहर्याउने दर | - | - | - |
| ३.५ | कक्षा १० मा छाड्ने दर | १.३ | १.१ | ०.१ |
| ३.६ | कक्षा ९-१२ कुल भर्ना दर | ७४ | ७६ | ७३.९ |
| ३.७ | कक्षा ९-१२ खुद भर्ना दर | ४७.५ | ४९ | ५०.५ |
| ३.८ | कक्षा ११-१२ कुल भर्ना दर | ५८ | ६० | ५५.६ |
| ३.९ | कक्षा ११-१२ खुद भर्ना दर | २८ | २९ | २९.८ |
| ३.१० | कक्षा९-१० शिक्षक विद्यार्थी अनुपात | १:३८ | १:४० | १:२६ |
| ३.११ | कक्षा११-१२शिक्षक विद्यार्थी अनुपात | १:१८ | १:२० | १:२८ |
| ३.१२ | कक्षा९-१२विद्यालय/शिक्षक अनुपात | | | १:११ |
| ३.१३ | कक्षा १० को टिकाउ दर | ६३ | ६४.५ | - |
| ३.१४ | कक्षा १२ को टिकाउ दर | - | | - |
| ३.१५ | कक्षा ११-१२ मा कुल भर्ना दरका आधारमा लैङ्गिक समता सूचकाङ्क | ०.७२ | ०.७५ | १.९३ |
| ४ | **अनौपचारिक शिक्षा तथा जिवनपर्यन्त शिक्षा** | | | |
| ४.१ | ५ -१४ वर्ष माथिको साक्षरता दर (२०६८ अनुसार) | ९७ | ९८ | |
| ४.२ | १५-४५ वर्ष उमेर साक्षरता दर | ७८ | ८० | |

| | | | | |
|---|---|---|---|---|
| ४.३ | ४५ वर्ष माथीको साक्षरता दर | ४५ | ४८ | |
| **५** | **महिला शिक्षक अनुपात र PMEC (न्यूनतम सुविधा- शिक्षक, कक्षाकोठा, पुस्तकालय, पाठ्यपुस्तक, छात्र-छात्राका लागि शौचालय)** | | | |
| ५.१ | आधारभूत तह कक्षा १-८ मा महिला शिक्षकको प्रतिशत | | | ३६.५३ |
| ५.२ | माध्यमिक तह कक्षा ९-१२ मा महिला शिक्षक प्रतिशत | | | १६.३६ |
| ५.३ | PMEC पूरा भएका बालविकास तथा शिक्षा | | | ५ |
| ५.४ | PMEC पूरा भएका आधारभूत विद्यालय | | | २ |
| ५.५ | PMEC पूरा भएका माध्यमिक विद्यालय | | | १ |
| **६** | **क्षेत्रगत वित्तीय लगानी** | | | |
| ६.१ | गाउँपालिकाको कुल बजेटमा शिक्षा बजेटको लगानी प्रतिशत | २६% | २८% | ३८.१९ |

## ७.२ लगानी र स्रोत व्यस्थापन

### परिचय

राज्यले शिक्षामा लगानी विस्तार गर्दैं आइरहेको सन्दर्भमा नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ जारी भएको छ भने सो ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ पनि स्वीकृत गरेको छ। संवैधानिक एवम् कानूनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्त्व भएको छ। यसका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गर्नु आवश्यक छ। शिक्षामा लगानीको प्रबन्ध गर्दा आवश्यक पर्ने स्रोतहरूको पहिचान गरी तिनको समुचित ढङ्गले उपयोग र उपयुक्त तरिकाले वितरण तथा व्यवस्थापन गर्नु जरूरी हुन्छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीका सम्बन्धमा अहम् महत्त्वको विषय बनेको छ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु गरिएको छ। पहिचान गरिएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

**७.२.१ वर्तमान अवस्था**

नेपालमा विगत एक दशक अवधिको बजेटलाइ अध्ययन गर्दा नेपाल सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२% बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाक्षेत्रको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ। विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८% वैदेशिक सहायता रहेको छ। मुख्यतया शिक्षामा गरिने लगानी बालबालिका एवम विद्यार्थीहरूका लागि हो। त्यसैगरी शिक्षा क्षेत्रमा शिक्षक व्यवस्थापनमा सर्वाधिक लगानी हुने गरेको छ । नेपालमा विद्यालय शिक्षा क्षेत्रको कुल बजेटको करिब ६५% भन्दा बढी शिक्षक तथा कर्मचारी तलब भत्तामा खर्च भइरहेको छ। भौतिक पूर्वाधार तथा संरचना, छात्रवृत्ति, पाठ्यपुस्तक, सेनिटरी प्याड ,दिवा खाजा लगायत शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू आदि लगानीका प्रमुख विषयक्षेत्र हुन्।

**चुनौतीहरु**

वर्तमान अवस्थाको विश्लेषणका आधारमा लगानी र स्रोत व्यवस्थापनका सवालमा देखा परेका चुनौतीहरुमध्ये शिक्षासम्बन्धि अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रुपमा सम्बोधन गर्नका लागि शिक्षा क्षेत्रमा लगानी वृद्धि र दीगो स्रोत व्यवस्थापन गर्नु, सङ्घीय संरचना अनुसार संङ्घ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लागनीको जिम्मेवार बनाउनु, संवैधानिक मार्गदर्शन तथा नीतिअनुरुप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरुप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रुपमा विकास गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्नु, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु, शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरुमा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नु, विद्यार्थीको सिकाइ उपलब्धी अभिवृद्धि गर्ने सम्बन्धि क्रियाकलापमा पर्याप्त लगानी एबम स्रोतको सुनिश्चितता गर्नु, सङ्घीय सरकारबाट प्राप्त समानीकरण अनुदानमध्येबाट शिक्षा क्षेत्रका निम्ति पर्याप्त बजेट उपयुक्त विषयमा विनियोजन गर्नु, शिक्षामा समता तथा समावेशितामा अपेक्षित सुधारका लागि पर्याप्त लगानी गर्नु, गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु, वित्तीय व्यवस्थापनको कार्यकुशलताका लागि व्यक्ति, संस्था

र पद्धतिको क्षमता विकास गर्नु, वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्नु प्रमुख चुनौतीहरु रहेका छन्।

**अवसर**

लगानी र स्रोत व्यवस्थापनका क्षेत्रमा अवसरको रुपमा सरकारका तीनवटै तहहरुले शिक्षामा लगानी अभिवृद्धि गर्न सक्ने सम्भावना देखिएको, कतिपय शिक्षण संस्थाहरुलाइ थोरै बजेट चाहिने तर अति आवश्यक भएको अवस्थामा स्थानीय तह र प्रदेश सरकारहरुबाट विभिन्न शीर्षकहरुमा सजिलो किसिमबाट अनुदान प्राप्त गरिरहेको, बालविकासका महिला शिक्षक लगायत विभिन्न क्षेत्रको बजेट विनियोजनमा सङ्घ, प्रदेश र स्थानीय तहको बिचमा सहकार्य र सहलगानी भइरहेको, शिक्षण संस्थाहरुको भौतिक पूर्वाधार विकास, आइसिटी र शिक्षक व्यवस्थापनमा प्रदेश र स्थानीय तहको लगानी तुलनात्मक हिसाबले बढी देखिएका जस्ता पक्षहरूले शिक्षामा लगानीको अवसरहरूको रूपमा लिन सकिन्छ।

लुम्बिनी प्रदेशले पनि शिक्षामा बजेट विनियोजन गरी कार्यान्वयन गरिरहेको अवस्था छ। प्रदेश सरकारले यसरी बजेटको विनियोजन गर्दा गाउँपालिकासँग समन्वय नगरी सोझै विद्यालय र क्याम्पसहरूमा निकासा दिने भएको हुँदा गाउँपालिकासँग यसको अभिलेख पाइदैन। सामाजिक विकास डिभिजन कार्यालय, बाँकेको अभिलेख अध्ययन गर्दा प्रदेश सरकारले शिक्षा तथा सामाजिक विकास निर्देशनालय हुँदै विद्यालयको खातामा बजेट निकासा गरेको देखिन्छ। प्रदेशले यसरी बजेट विनियोजन गर्दा विद्यालय र क्याम्पसहरूको भौतिक पूर्वाधार अन्तर्गत कक्षाकोठा निर्माण, शौचालय निर्माण, घेराबार/तारबार र पर्खाल निर्माण, खानेपानी संरचना निर्माण, बालमैत्री बिद्यालय निर्माण आदिमा सहयोग गरेको देखिन्छ भने यसका अतिरिक्त पुस्तकालय, ICT Lab, कम्प्युटर ल्याब, उच्च शिक्षा अध्ययनका लागि मुक्त कम्लहरी लगायतका विद्यार्थीहरुलाई छात्रवृत्ति आदिमा पनि प्रदेश सरकारले बजेट विनियोजन गरी कार्यान्वयन गरेको अवस्था छ।

गेरूवा गाउँपालिकाले आर्थिक बर्ष २०८०।८१ मा गाउँपालिकाको कुल बजेट रू ५६,०७,३१,०००।को शिक्षा क्षेत्रमा ३६.१७ % बजेट बिनियोजन गरेको थियो जुन रकम रू २०,२८,६६,००० हुन आउछ। त्यसै गरी चालु आर्थिक बर्ष २०८१।८२ मा समेत शिक्षा क्षेत्रको बजेट अघिल्लो बर्षको तुलनामा २.०२ %ले वृद्दि गरी गाउँपालिकाको कुल बजेटको शिक्षा क्षेत्रमा ३८.१९ % बजेट बिनियोजन गरेको देखिन्छ। चालु आर्थिक बर्ष २०८१।८२ मा गाउँपालिकाको शिक्षा क्षेत्रमा रू २१,४२,४०,०००।रकम बिनियोजिन गरेको छ। गाउँपालिकाले शैक्षिक सत्र २०८० देखि बाल कक्षा देखि माध्यमिक तहको कक्षा १२ सम्मलाइ निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन गर्दै आएको सन्दर्भमा प्रत्येक बर्ष बजेट वृद्दि गरेको देखिन्छ। ।जसमध्ये विद्यालयका शिक्षक र कर्मचारीको पारिश्रमिक र सेवा सुविधामा सबैभन्दा बढि बजेट बिनियोजन एवम खर्च भएको देखिन्छ। यसरी यस गाउँपालिकाको ३ वटा आर्थिक बर्षको बजेटको अवस्था लाइ तुलनात्मक रूपमा विश्लेषण गर्दा गाउँपालिकाले पनि प्रत्येक बर्ष शिक्षा क्षेत्रमा आन्तरिक स्रोत बाट औषत करिब ३५ प्रतिशत भन्दा

बढि बजेट बिनियोजन गर्दै आएको देखिन्छ। तसर्थ गाउँपालिकाको सन्दर्भमा शिक्षा क्षेत्रमा बिनियोजन गरिएको बजेटलाइ तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नँ २८**

**गेरुवा गाउँपालिकाको शिक्षा बजेट स्वरुप ( वजेट रु हजारमा )**

| आ.व. | सशर्त अनुदान | गाउँपालिकाले विनियोजन गरेको शिक्षाको बजेट | शिक्षाको कुल बजेट | गाउँपालिकाको कुल बजेट | कुल बजेटमा शिक्षाको अंश% | कुल बजेटमा शिक्षाको बजेट वृद्धि |
|---|---|---|---|---|---|---|
| २०७९/८० | १५८७९४ | २९३३० | १८८१२४ | ५४७६९१ | ३४.३४ | |
| २०८०/८१ | १५९७०० | ४३१६६ | २०२८६६ | ५६०७३१ | ३६.१७ | १.८३ |
| २०८१/८२ | १६५११५ | ४९१२५ | २१४२४० | ५६०८८७ | ३८.१९ | २.०२ |

स्रोतः गेरुवा गाँउपालिकाको कार्यालय

### ७.२.२ उद्देश्य

तीनै तहका सरकारहरुले शिक्षामा गरेको लगानीको अवस्था पहिचान गरी योजना अवधिका लागि आवश्यक पर्ने लगानी र स्रोतको अभिवृद्धि गर्न देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएका छन्।

**उद्देश्यहरु**

१. योजना अवधिका लागि शिक्षामा आवश्यक स्रोत र लगानीका लागि प्राथमिकताका क्षेत्रहरुको आकलन गर्नु
२. शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
४. संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको सशर्त अनुदानमा निरन्तरता दिँदै तिनै कार्यक्रमको सङ्ख्यात्मक विस्तारका लागि पहल गर्नु
५. बजेट विनियोजन र सहलगानीका सवालमा तीनै तहका सरकारको भूमिका र दायित्त्व स्पष्ट गर्नु
६. विभिन्न संघ संस्था, अभिभावक तथा सहयोगी दाताहरुलाई शिक्षामा लगानी गर्न प्रोत्साहित गर्नु

### ७.२.३ रणनीति

शिक्षा योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरु देहायबमोजिम हुनेछन्

१. सङ्घिय सरकार र प्रदेश सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपात पहिचान गरी सोही अनुपातमा स्थानीय सरकारले पनि शिक्षामा आफ्नो लगानीलाई सुनिश्चित गर्ने।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न र सोहीअनुसार जवाफदेही समेत हुनका लागि आवश्यक पद्धतिको विकास गर्ने।

३. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने निकाय शिक्षण संस्था वा विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने सवालमा विद्यालयलाई जवाफदेही बनाउने।

४. गाउँपालिकाको प्रत्येक बर्ष शिक्षाको स्वीकृत वार्षिक बजेटको आधारमा शिक्षामा लगानी वृद्धि गर्ने उदेश्यले अति आवश्यक कार्यक्रमलाइ प्राथमिकिकरण गरी सोही अनुसार बजेट वृद्धि गर्ने।

५. शिक्षाका उपक्षेत्रहरु अन्तर्गत लगानी गर्ने क्रममा कुन उपक्षेत्र र विषयलाई कति प्राथमिकता दिने भन्ने मापदण्ड निर्धारण गरी सोहीअनुसार लगानी व्यवस्थापन गर्ने।

६. सार्वजनिक सेवा, सामाजिक उत्तरदायित्त्व वा सेवामूलक व्यवसायका रुपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने।

७. गाउँपालिकाको अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानको लागि आवश्यक पहल गर्ने र पालिकामा प्राप्त अनुदानको समुचित उपयोग गर्ने।

८. निश्चित मापदण्ड र कार्यविधिका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने।

९. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी/ल्याई वित्तीय कार्यकुशलता, मितव्ययिता, स्वच्छता, पारदर्शिता, जम्मेवारी र उत्तरदायित्त्वलाई थप सबल बनाउने।

१०. शिक्षा क्षेत्रमा कार्यरत संघसंस्थाहरुलाई शिक्षाको गुणस्तरवृद्धिका लागि विविध पक्षमा लगानी गर्न प्रोत्साहित गर्ने साथै लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने।

### ७.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासका आवश्यक स्रोतको व्यवस्थापन भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्त्व सुदृढ भएको हुनेछ।

**प्रमुख नतिजा**

१. योजना अवधिका लागि शिक्षामा आवश्यक स्रोत र लगानीका लागि प्राथमिकताका क्षेत्रहरुको प्रक्षेपण भएको हुनेछ।
२. शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गरिएको हुनेछ।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गरिएको हुनेछ।
४. बजेट विनियोजन र सहलगानीका सवालमा तीनै तहका सरकारको भूमिका र दायित्त्व स्पष्ट गरिएको हुनेछ।
५. विभिन्न संघ संस्था, अभिभावक तथा दाताहरु शिक्षामा लगानी गर्न प्रोत्साहित भएको हुनेछ।

### ७.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

**क) सङ्घीय सरकार बाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु हजारमा**

| सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
| | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | ०८४।०८५ | ०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 11732 | 11967 | 12326 | 12819 | 13460 | 62303 | |
| २ | आधारभूत शिक्षा | 78832 | 80409 | 82821 | 86134 | 90440 | 418636 | |
| ३ | माध्यमिक शिक्षा | 28437 | 29006 | 29876 | 31071 | 32624 | 151014 | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 1800 | 1836 | 1891 | 1967 | 2065 | 9559 | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 1400 | 1428 | 1471 | 1530 | 1606 | 7435 | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 6338 | 6465 | 6659 | 6925 | 7271 | 33658 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | शिक्षक व्यवस्थापन र विकास | 422 | 430 | 443 | 461 | 484 | 2241 | |
| ९ | शिक्षामा समता र समावेशीकरण | 1591 | 1623 | 1672 | 1738 | 1825 | 8449 | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 10678 | 10892 | 11218 | 11667 | 12250 | 56705 | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 400 | 408 | 420 | 437 | 459 | 2124 | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 15500 | 15810 | 16284 | 16936 | 17782 | 82312 | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 1029 | 1050 | 1081 | 1124 | 1181 | 5464 | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 6411 | 6539 | 6735 | 7005 | 7355 | 34045 | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 300 | 306 | 315 | 328 | 344 | 1593 | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 245 | 250 | 257 | 268 | 281 | 1301 | |
| **जम्मा** | | **165115** | **168417** | **173470** | **180409** | **189429** | **876840** | |

## ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

**प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | ०८४।०८५ | ०८५।०८६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 |
| २ | आधारभूत शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ३ | माध्यमिक शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 0 | 12000 | 14400 | 15000 | 17000 | 58400 |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 0 | 800 | 960 | 12000 | 15000 | 28760 |
| ९ | शिक्षामा समता र समावेशीकरण | 0 | 2000 | 2400 | 2928 | 3660 | 10988 |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 0 | 5000 | 0 | 5000 | 0 | 10000 |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 9500 | 10925 | 13110 | 15994 | 19993 | 69521 |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 0 | 1100 | 0 | 0 | 1500 | 2600 |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **जम्मा** | | **9500** | **31825** | **30870** | **50922** | **57153** | **180270** |

**ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा |
| | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | ०८४।०८५ | ०८५।०८६ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 5152 | 5203.52 | 5281.57 | 5387.20 | 5548.82 | 26573.12 |
| २ | आधारभूत शिक्षा | 9944 | 10043.44 | 10194.09 | 10397.97 | 10709.91 | 51289.42 |
| ३ | माध्यमिक शिक्षा | 8448 | 8185.04 | 8307.82 | 8473.97 | 8728.19 | 41799.02 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 404 | 408.04 | 414.16 | 422.44 | 435.12 | 2083.76 |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 1150 | 1161.50 | 1178.92 | 1202.50 | 1238.58 | 5931.50 |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 750 | 757.50 | 768.86 | 784.24 | 807.77 | 3868.37 |
| ९ | शिक्षामा समता र समावेशीकरण | 100 | 101.00 | 102.52 | 104.57 | 107.70 | 515.78 |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 2500 | 2525.00 | 2562.88 | 2614.13 | 2692.56 | 12894.56 |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 1715 | 1732.15 | 1758.13 | 1793.29 | 1847.09 | 8845.67 |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 6850 | 6918.50 | 7022.28 | 7162.72 | 7377.60 | 35331.11 |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 8112 | 9102.12 | 9238.65 | 9423.42 | 9706.13 | 46482.32 |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वियनको प्रबन्ध | ० | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ० | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| १७ | उच्च शिक्षा | 4000 | 4040.00 | 4100.60 | 4182.61 | 4308.09 | 20631.30 |
| **जम्मा** | | 49125.00 | 50177.81 | 50930.48 | 51949.09 | 53507.56 | 256245.93 |

**घ) अन्य संघसस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

**अन्य संघसस्थाबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | ०८४।०८५ | ०८५।०८६ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 0.00 | 0 | 0 | 0 | 0 | 0 |
| २ | आधारभूत शिक्षा | 0.00 | 1200 | 1320 | 1452 | 1597.2 | 5569.2 |
| ३ | माध्यमिक शिक्षा | 0.00 | 800 | 880 | 968 | 1064.8 | 3712.8 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 0.00 | 1500 | 1650 | 1815 | 1996.5 | 6961.5 |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 0.00 | 0 | 0 | 0 | 0 | 0 |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 0.00 | 0 | 0 | 0 | 0 | 0 |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 0.00 | 2000 | 2200 | 2420 | 2662 | 9282 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षामा समता र समावेशीकरण | 0.00 | 1250 | 1375 | 1512.5 | 1663.75 | 5801.3 |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 0.00 | 500 | 550 | 605 | 665.5 | 2320.5 |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 0.00 | 1500 | 1650 | 1815 | 1996.5 | 6961.5 |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 0.00 | 1500 | 1650 | 1815 | 1996.5 | 6961.5 |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 0.00 | 300 | 330 | 363 | 400 | 1393 |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 0.00 | 500 | 550 | 605 | 665.5 | 2320.5 |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 200.00 | 220 | 242 | 266.2 | 292.82 | 1221 |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 0.00 | 0 | 0 | 0 | 0 | 0 |
| **जम्मा** | | **200** | **11270** | **12397** | **13636.7** | **15001.07** | **52505** |

### ७.२.७ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

सामन्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा अपेक्षा, राष्ट्रिय एवम् गाउँपालिकाको प्रतिबद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका गाउँपालिकास्तरीय नीति तथा कार्यक्रमलाई उचित रुपमा सम्बोधन हुने गरी स्रोतको आँकलन गर्नु पर्ने हुन्छ। त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामर्थ्य के कति छ सो को पनि सँगसँगै विश्लेषण गरिन्छ। यसरी विश्लेषण हालको बजेटको प्रवाह र प्राथमिकताका क्षेत्रहरुलाई समेत मध्यनजर राखिएको छ। यसरी विश्लेषण गर्दा गाउँपालिकाले चालु आ. ब. ०८१/०८२ मा कुल बजेटको करिब ३७.२८ %बजेट शिक्षा क्षेत्रमा विनियोजन गरेको छ। जस मध्ये सङ्घीय सरकारको ७८% बजेट र गेरुवा गाउपालिकाको समानीकरण अनुदान र आफ्नो आयस्रोत समेत गरी शिक्षा क्षेत्रमा २२% बजेट लगानी गरेको छ । प्रदेश सरकारले बजेट विनियोजन गर्दा सिधैं शैक्षिक संस्थासँग समन्वय गरी बजेट विनियोजन गर्ने भएका कारण यसको वस्तुपरक हिसाव निकाल्न कठिन भएपनि सामान्यतयाः प्रदेशले विद्यालय र क्याम्पसको भौतिक पूर्वाधार, पुस्तकालय, विज्ञान

प्रयोगशाला, कम्प्युटर ल्याव, उच्च शिक्षाको छात्रवृत्ति आदिमा बजेट विनियोजन गरी खर्च गरेको देखिन्छ।

यसका साथै कानूनले उच्च शिक्षाको लागि प्रदेशलाई जिम्मेवार बनाइएको छ। प्राविधिक शिक्षा, समावेशी शिक्षा, साक्षरता शिक्षा र नपुग शिक्षकको व्यवस्थापनमा समेत प्रदेश कानूनतः जवाफदेही हुनुपर्ने देखिन्छ। यसले गर्दा पनि गाउँपालिकाको शिक्षाको योजनामा प्रदेश सरकारको पनि वित्तीय सहयोग, योगदान र भूमिका अपरिहार्य ठानी स्रोत व्यवस्थापनमा प्रदेश सरकारलाई जिम्मेवार बनाइएको छ। यसरी हाल प्राप्त भइरहेको अनुदान र पालिकाको बजेट र स्रोतको उपलब्धताको प्रवृत्ति हेर्दा पालिकालाई आवश्यक पर्ने बजेट अपुग हुने देखिन्छ। शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था तथा दातृ निकायहरुलाई यस पालिकामा लगानी गर्न आहवान गर्ने ,प्रोत्साहनका कार्यक्रम आयोजना गर्ने तथा कार्यशाला लगायतका कार्य गर्ने अभ्यास गर्नुपर्ने देखिन्छ। साथै सहयोगी व्यक्तिहरू एवम चन्दादातालाई समेत शिक्षा क्षेत्रमा लगानीका लागि विविध उपायहरु अपनाउन जरुरी छ। विद्यालयसँग भएका स्रोतहरु प्रयोग गरी त्यसबाट थप स्रोत निर्माण गर्न क्षमता विकासका लागि कार्यशालाहरु संचालन गर्नु पर्ने देखिन्छ।

गेरुवा गाउँपालिकाको आगामी ५ वर्षको (२०८१/८२-२०८५/८६) शिक्षा क्षेत्र योजनामा बजेटको अनुमान (रु हजारमा)

**योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया**

| उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | ८१/०८२ | ८२/०८३ | ८३/०८४ | ८४/०८५ | ८५/०८६ | |
| प्रारम्भिक बालविकास र शिक्षा | 16884 | 17170 | 17607 | 18206 | 19008 | 88876 |
| आधारभूत शिक्षा | 88776 | 91652 | 94335 | 97984 | 102748 | 475494 |
| माध्यमिक शिक्षा | 36541 | 37991 | 39064 | 40513 | 42417 | 196526 |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 1800 | 3336 | 3541 | 3782 | 4062 | 16520 |
| अनौपचारिक शिक्षा र आजीवन सिकाइ | 1804 | 1836 | 1885 | 1952 | 2041 | 9518 |
| पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | 7488 | 19626 | 22238 | 23128 | 25510 | 97989 |
| शिक्षक व्यवस्थापन र विकास | 1172 | 3988 | 4372 | 15665 | 18954 | 44151 |
| शिक्षामा समता र समावेशीकरण | 1691 | 4974 | 5549 | 6283 | 7257 | 25754 |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 13178 | 13917 | 14331 | 14886 | 15608 | 71920 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | 2115 | 8640 | 3828 | 9045 | 4302 | 27931 |
| विद्यालय भौतिक पूर्वाधार विकास | 525 | 35154 | 38067 | 41908 | 47149 | 194127 |
| विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 1029 | 2450 | 1411 | 1487 | 3081 | 9457 |
| शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 15423 | 16141 | 16524 | 17033 | 17727 | 82848 |
| स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 500 | 526 | 557 | 594 | 637 | 2814 |
| अनुगमन तथा मूल्याङ्कन | 245 | 250 | 257 | 268 | 281 | 1301 |
| **जम्मा** | **189171** | **257650** | **263567** | **292734** | **310782** | **1345229** |

## परिच्छेद ८

## योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

### परिचय

योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि योजनाको कार्यान्वयन,अनुगमन र मूल्याङ्कनको आवश्यकता पर्दछ। अन्यथा योजना कुहिरोमा हराएको काग जस्तो बन्दछ। शैक्षिक योजना तथा कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन भए भएनन्, शैक्षिक सेवा सुविधाहरू तोकिएका लक्षित समूहसम्म प्रवाह भयो भएन ,शैक्षिक कार्यकमहरू प्रभावकारी एवं गुणस्तरीय रुपमा सम्पादन भए भएनन् भन्ने सुनिश्चितताका लागि निर्धारित मापदण्ड, मानक. कार्यविधि, निर्देशिका, उद्देश्य र निर्धारित सूचकका आधारमा गरिने लेखाजोखालाई अनुगमन तथा मूल्याङ्कन भनिन्छ। योजनाको प्रभावकारिता योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा निर्भर रहन्छ । यसका लागि सङ्गठन तथा संरचना,जनशक्ति, नीति, कानून तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व आवश्यक पर्दछन्। तसर्थ यस परिच्छेदमा महत्त्वपूर्ण पक्षका रुपमा योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र तत्सम्बन्धी प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ।

शैक्षिक कार्यक्रमहरुमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा समस्याहरू श्रृजना भएका छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यसम्पादन भएर अपेक्षित उपलब्धी हासिल हुन सकेका छन वा छैनन् भन्ने कुरा निश्चित गर्नको लागि कार्यक्रम कार्यान्वयनको

लक्ष्य र प्रगतिका बारेमा नियमित वा आवधिक रुपमा अनुगमन, निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालन तथा कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ।अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई उद्देश्यमूलक, पारदर्शी, नतिजामूखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछन्।

### ८.१.१ वर्तमान अवस्था

यस गाउँपालिकाले प्रत्येक बर्ष शिक्षा क्षेत्रमा लगानी बढाउनुको साथै यसको कार्यान्वयन पक्षलाई थप सशक्त बनाउदै अगाडी बढिरहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का आधारमा गाउँपालिकाको उपाध्यक्षको संयोजकत्त्वमा योजना कार्यान्वयन तथा अनुगमन समिति गठन गरिएको छ जस अन्तर्गत गाउँ कार्यपालिकाका दुई जना सदस्य, योजना शाखा प्रमुख र प्राविधिक ईन्जिनियर समितिको सदस्य रहने व्यवस्था गरिएको छ। समितिले योजनाका लागि बजेट उपलब्ध भइसकेपछि त्यसको कार्यान्वयन देखि कार्यसम्पन्न सम्मका गतिविधिहरु विधिसम्मत तरिकाले सम्पादन भए नभएको हेर्ने काम गर्दछ।त्यसमा पनि शिक्षासम्बन्धी कार्यक्रमहरुको सञ्चालन, कार्यान्वयन पक्षको अनुगमन र मूल्याङ्कनका लागि गाउँपालिका अध्यक्षको संयोजकत्त्वमा शिक्षा प्रमुख सदस्य सचिव रहने गरी गाउँ शिक्षा समिति पनि सक्रिय रहेको छ। यसका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृत, योजना र प्राविधिक शाखा र शिक्षा शाखाको प्राविधिक सहायक समेतले आवश्यकतानुसार अनुगमन कार्यमा सहयोग गरेको पाइन्छ।हाल यस गाउँपालिकामा देहाय बमोजिमका समितिहरूले योजना कार्यन्वयन र अनुगमनमा सक्रियताका साथ कार्य गरिरहेका छन् ।

१. गाउँपालिका अध्यक्षको संयोजकत्त्वमा रहेको शिक्षा समिति
२. उपाध्यक्षको संयोजकत्त्वमा रहेको अनुगमन तथा निरिक्षण समिति
३. विभिन्न विषयगत विज्ञ शिक्षकहरुको रोष्टर समिति
४. वडाध्यक्ष लगायत गाउँपालिकाका जनप्रतिनिधि हरू
५. गाउँपालिका स्तरिय परीक्षा समिति
६. विद्यालय स्तरीय परीक्षा समिति
७. विद्यालय व्यवस्थापन समिति तथा अभिभावक संघहरु
८. बिभिन्न साझेदार संघ संस्थाहरू
९. विभिन्न सञ्चारकर्मी तथा नागरिकहरु

विद्यालयस्तरमा पनि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ, अभिभावकहरुको तर्फबाट पनि कुनै पनि कार्यक्रमको कार्यान्वयन पक्षको रेखदेख र अनुगमन गर्ने गरिएको छ। विद्यालयको भौतिक पूर्वाधार विकास, दिवा खाजा व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, कम्प्युटर ल्याब व्यवस्थापन, परीक्षा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन आदिका कार्यसम्पादन एवम् अनुगमन समेतका लागि विद्यालय व्यवस्थापन समितिको सदस्य वा शिक्षक अभिभावक संघको संयोजकत्त्वमा समितिहरु गठन गरी कार्य गरिएको छ।यसरी सरोकारवाला र नागरिकहरूलाई चित्त बुझेन भने त्यस्ता गुनासाहरु विद्यालयको प्रधानाध्यापक हुँदै विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय र गाउँपालिका कार्यालय सम्म पुग्ने गरेका छन।

**चुनौतीहरू**

हाल वर्तमान समयमा शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रुपमा उपयोगी मापनयोग्य सूचकहरुको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु, अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरुपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमन प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु, संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरीवेक्षणको काम पुनर्संगठित गर्नु, तीनै तहका सरकारका बिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन, मूल्याङ्कनमा सूचना तथा प्रविधिको प्रयोगलाइ विस्तार गर्नु, अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु जस्ता सवालहरु अनुगमन र मूल्याङ्कनको क्षेत्रमा देखिएका चुनौतीहरू हुन्।

**अवसरहरू**

योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्षेत्रमा अवसरको रुपमा पनि केही अनुकूलताहरु देखा परेको अवस्था छ। सूचना प्रविधिको बढ्दो प्रयोग, सामाजिक सञ्जालहरुले समेत केही हदसम्म मानिसहरुले कुनै पनि कार्यक्रमहरुका बारेमा आफ्ना भावना र विचार राख्ने गरेका छन्। मानवसेवा, सामाजिक क्षेत्र र बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूले समेत कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन र चासो राखेको अवस्था छ। त्यसैगरी सरकारले गर्न नसकेको कुरा कतिपय संघसंस्था र नागरिक समाजले योजना अनुगमन र निगरानीको सवालमा सहकार्य गर्दै अगाडि बढेको अवस्था छ। यो परिवेशलाई योजना लगायत कुनै पनि कार्यक्रम कार्यान्वयनको अवस्थामा देखिएको सुखद अवसर मान्न सकिन्छ।वर्तमान समयमा स्थानीय तहले प्रत्येक वर्ष सञ्चालन गर्ने

सार्वजनिक सुनुवाइ कार्यक्रम, सामाजिक लेखापरीक्षण ,बार्षिक/ अर्धवार्षिक समिक्षा एवम प्रगति प्रतिवेदनहरू मार्फत योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्षेत्रमा भए गरेका प्रयासको बारेमा जानकारी प्राप्त हुन्छ भने अर्को तर्फ नागरिकहरूले त्यस्ता कार्यक्रमहरूमा आफ्ना भावना ,विचार, गुनासा र सुझावहरु स्वःफुर्त राख्ने अवसर प्राप्त गरिरहेका छन।

### ८.१.२ उद्देश्य

१. योजना कार्यान्वयन प्रणालीलाई सबल, चुस्तदुरूस्त र पारदर्शि बनाउन तोकिएको समयमा नै कार्यसम्पादन गर्नका लागि पर्याप्त, प्रभावकारी र उपयुक्त संयन्त्र र जनशक्तिको विकास गर्नु,

२. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरुलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

३. योजनाको लगानी देखि प्रभाव तह सम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु

४. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु

### ८.१.३ रणनीति

१. शिक्षा तर्फ संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण भएको सशर्त अनुदान तथा अन्य अनुदान र पालिकाको आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको खाका तयार गरिनेछ।

२. शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकासका साथै गाउँपालिकाबाट कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरु निर्माण गरिनेछ।

३. आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका तयार गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन गरिनेछ।

४. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुर्याइनेछ।

५. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई सरल, छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग र सञ्जालीकरण गरिनेछ।

६. शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन Web Based मा आधारित बनाइनेंछ।

७. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने र त्यस्को प्रभावकारी कार्यन्वयन गरिनेछ।

८. कार्यक्रमको कार्यान्वयन र अनुगमन एवम् मूल्याङ्कनको सवालमा अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिइनेछ।

९. कुल बजेटको निश्चित प्रतिशत अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ।

१०. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) को सुदृढीकरण गर्दै नियमित रूपमा शैक्षिक कार्यक्रम कार्यन्वयनका लागि नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने र सुधार गरिनेछ।

११. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि पालिकास्तरिय विषयगत शिक्षक तथा बिषय विज्ञ सहितको समुह वा रोष्टर समितिबाट शिक्षकलाइ पेशागत सहयोग गरिनेछ।

१२. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई कार्यक्रम, योजना तथा परियोजना सम्बद्ध जनशक्ति, निकायलाइ पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिनेछ।

१३. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणालीको विकास गरिनेछ।

१४. योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ

१५. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कनमा सहजीकरण गरी कार्यक्रमको प्रभावकारी कार्यन्वयन गर्न र समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ।

### ८.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरु समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

**प्रमुख नतिजाहरु**

१. अनुगमन र मुल्यांकन सम्बन्धि मापदण्ड तथा निर्देशिका तयार गरी योजना तथा कार्यक्रमको कार्यन्वयन भएको हुनेछ।
२. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गर्ने प्रयास गरिनेछ।
३. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भएको हुनेछ।
४. अनुगमन तथा मूल्याङ्कनको संस्थागत संरचना तथा क्षमतामा विकास भएको हुने
५. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरुका आधारमा सुधार गर्ने परिपाटी स्थापित भएको हुने
६. विभिन्न योजना तथा कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुनेछ।
७. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन भएको हुने
८. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइएको हुने

**८.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | प्रकिया | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | शिक्षाको बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन योजना | गाउँपालिका | शाखाले शिक्षाको बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन खाका तयार | पटक | १ | १ | १ | १ | १ |
| २ | जनशक्तिको व्यवस्थापन र सेवा सुविधा निर्धारण | गाउँपालिका | गाउँपालिकाको दरबन्दी संरचना अनुसार आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन | पटक | ० | १ | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | र सेवा सुविधा निर्धारण गरिने | | | | | | |
| ३ | कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माण | गाउँपालिका | सम्पादन गरिने हरेक कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माण गरी त्यसैका आधारमा कार्यक्रम कार्यान्वयन गरिने | आवश्यकतानुसार | | | | | |
| ४ | विद्यालय सुपरीवेक्षण तथा अनुगमन कार्यको निरन्तरता | गाउँपालिका | गाउँपालिकाले नतिजामा आधारित विद्यालय सुपरीवेक्षण तथा अनुगमन कार्यलाइ अवलम्बन गर्ने | निरन्तर | | | | | |
| ५ | कार्यक्रम कार्यान्वयनको प्रगती समीक्षा | गाउँपालिका र विद्यालय | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन प्रस्तुतिकरण र समिक्षा | निरन्तर | | | | | |
| ६ | विद्यार्थीहरुको सिकाइ उपलब्धी परीक्षण | विद्यालय र गाउँपालिका | वार्षिक रुपमा गाउँपालिकास्तरिय विद्यार्थीहरुको सिकाइ उपलब्धी परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ७ | विद्यालयको कार्यसम्पादन र सामाजिक लेखापरीक्षण | विद्यालय | विद्यालयले नियमित कार्यसम्पादन र सामाजिक लेखापरीक्षण गरी पालिकामा प्रतिवेदन पेश गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ८ | विद्यालय सुधार योजना अद्यावधिक | विद्यालय | प्रत्येक विद्यालयले विद्यालय सुधार योजना तयार गरी वार्षिकरुपमा अद्यावधिक गरी पालिकामा पेश गर्ने | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | गाउँपालिकाको अनुगमन र मूल्याङ्कन समितिलाई सक्रिय बनाउने | गाउँपालिका | समितिको क्षमता विकास गर्ने,<br>अनुगमन योजना तयारी र नियमित कार्यन्वयन | निरन्तर | | | | | |

**आज्ञाले**
**नर बहादुर चन्द**
**प्रमुख प्रशासकीय अधिकृत**